राष्ट्रिय न्यायिक प्रतिष्ठान

# वार्षिक प्रतिवेदन

२०६१/६२

राष्ट्रिय न्यायिक प्रतिष्ठान
रामशाहपथ, काठमाडौं

राष्ट्रिय न्यायिक प्रतिष्ठान

# वार्षिक प्रतिवेदन

## २०६१/६२

राष्ट्रिय न्यायिक प्रतिष्ठान

रामशाहपथ, काठमाडौं

***लेखन/सम्पादन :*** विशाल खनाल, श्रीकृष्ण मुल्मी

***सुझाव/टिप्पणी :*** माननीय टोपबहादुर सिंह, माननीय न्यायाधीश केशरीराज पण्डित, द्रोणराज रेग्मी, डा. कुलरत्न भूर्तेल, माननीय जिल्ला न्यायाधीश ईश्वरप्रसाद खतिवडा, राजेन्द्र खरेल, ज्ञानेन्द्रराज काफ्ले

***सर्वाधिकार :*** राष्ट्रिय न्यायिक प्रतिष्ठान
चैत्र, २०६२

***प्रकाशक :*** **राष्ट्रिय न्यायिक प्रतिष्ठान**
रामशाहपथ, काठमाडौँ, नेपाल


# संक्षेपीकरण

| | |
|---|---|
| आर्थिक वर्ष | आ.व. |
| जिल्ला अदालत | जिअ |
| जिल्ला सरकारी वकील कार्यालय | जिसवका |
| प्राईभेट लिमिटेड | प्रा.लि. |
| प्राध्यापक | प्रा. |
| पुनरावेदन अदालत | पुवेअ |
| पुनरावेदन सरकारी वकील कार्यालय | पुसवका |
| महान्यायाधिवक्ताको कार्यालय | मन्याका |
| माननीय जिल्ला न्यायाधीश | मा. जि. न्या. |
| माननीय न्यायाधीश | मा. न्या. |
| माननीय मुख्य न्यायाधीश | मा. मु. न्या. |
| शाखा अधिकृत | शा. अ. |
| Agricultural Rural Development | ARD |
| Corporate and Financial Government | CFG |


# राष्ट्रिय न्यायिक प्रतिष्ठान गतिविधि

## (संक्षेपमा)


### क. कार्यक्रमको प्रकृतिको आधारमा सहभागीहरू





### ख. समग्रमा विभिन्न किसिमका प्रशिक्षणका सहभागीहरू



## ग. विभिन्न प्रशिक्षणका प्रशिक्षकहरू




## घ. प्रशिक्षकहरू
## (लिङ्गको आधारमा)



# प्राक्कथन

प्रजातान्त्रिक मूल्य र मान्यताको प्रवर्द्धनका साथै कानूनी राज्यको अवधारणा साकार गरी जनताको न्यायापालिकाप्रति विश्वास आर्जन गर्न न्यायिक सक्षमता र प्रभावकारिताको अहम् भूमिका हुन्छ । व्यावसायिक न्यायिक शिक्षाको आवश्यकता महसुस भएको लामो अन्तरालपछि राष्ट्रिय न्यायिक प्रतिष्ठान स्थापना भएको छ। राष्ट्रिय न्यायिक प्रतिष्ठान अध्यादेश, २०६० मिति २०६० साल चैत्र ४ गते जारी भएपछि प्रतिष्ठानले आफ्ना काम औपचारिक रूपमा प्रारम्भ गऱ्यो। प्रतिष्ठानलाई मूलतः न्याय क्षेत्रको जनशक्तिको क्षमता अभिवृद्धि गर्ने र कानूनी एवं न्यायिक अनुसन्धान गर्ने जिम्मेवारी प्रदान गरिएको छ। न्यायपालिकालाई सक्षम तुल्याउनको निमित्त आवश्यक सहयोग पुऱ्याउनु प्रतिष्ठानको मुलभूत उद्देश्य रहेको छ ।

न्यायिक प्रशिक्षण विकासको क्रममा न्यायाधीश तथा न्याय क्षेत्रका अन्य पदाधिकारीहरूलाई प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले २०३९ सालमा कानून, न्याय तथा संसदीय मन्त्रालय अन्तर्गत विभाग स्तरको न्याय सेवा तालिम केन्द्रको स्थापना गरियो । वि. सं. २०४७ सालको संवैधानिक परिवर्तनपछि न्यायाधीशहरूलाई प्रशिक्षणको निमित्त न्याय सेवा तालिम केन्द्रमा पठाउन छाडियो । यस क्रममा कानून तथा न्याय क्षेत्रको समग्र जनशक्तिलाई प्रशिक्षण प्रदान गर्न एवं कानूनी एवं न्यायिक अनुसन्धानको लागि एक साझा संस्थाको आवश्यकता महसुस हुन थाल्यो । फलतः प्रतिष्ठानको स्थापना भयो ।

प्रतिष्ठानको स्थापना भएपछि यस प्रतिष्ठानले आर्थिक वर्ष २०६१(६२ मा पाठ्यक्रम निर्माण कार्यशाला लगायत लगभग बीसवटा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरी करिव ३०० जना कानून र न्याय क्षेत्रको जनशक्तिलाई प्रशिक्षण दिई सकिएको छ। यसको अतिरिक्त प्रतिष्ठानले न्यायाधीश, न्याय समूह अधिकृत, सरकारी वकील एवं कानून व्यवसायीहरूको प्रशिक्षण आवश्यकता विश्लेषण गर्ने सिलसिलामा कार्यशाला, टोली भ्रमण एवं पत्राचार मार्फत प्रश्नावली भराउने कार्य गरिरहेको छ । निकट भविष्यमा प्रतिष्ठानले कार्यशाला, अन्य माध्यमहरूबाट प्राप्त सुझाव एवं प्रश्नावली उपर दिइएको उत्तरको आधारमा प्रशिक्षण कार्यक्रम तय गर्ने सोच राखेको छ। यसै गरी प्रतिष्ठानको प्रशिक्षण नीति निर्माणमा कार्य भईरहेको छ।

प्रतिष्ठान नवोदित संस्था भए पनि विभिन्न समस्याहरूको बावजुद संस्थागत विकासतर्फ अग्रसर भइरहेको छ। कुनै पनि निकायको प्रथम आवश्यकताको विषय भनेको कार्यालय र जनशक्ति हो। कर्मचारीहरूको नियुक्ति र तिनीहरूको सेवा र सुविधा निर्धारण सम्बन्धी नियम तयारीको अन्तिम चरणमा रहेको छ । प्रतिष्ठानको आफ्नो कार्यालय भवनको अभाव पनि समस्याको रूपमा रहेको छ। यसको अलावा जनशक्ति विकास, पुस्तकालय विकास, भौतिक सुविधा विकास, अनुसन्धान एवं प्रकाशन सम्बन्धी कार्यक्रमहरू प्रतिष्ठानको लागि चुनौतीको विषय रहेका छन्। यही चुनौतीहरूलाई संवोधन गर्न प्रतिष्ठानको रणनीतिक योजना निर्माणाधीन छ। प्रस्तुत प्रतिवेदन प्रतिष्ठानको पहिलो वार्षिक प्रतिवेदन हो। तसर्थ यसको सुधार र विकासको निञमित्त पाठक वर्गहरूबाट रचनात्मक सुझाव र स्वस्थ आलोचनाको अपेक्षा गरिएको छ।
माघ २०६२

राष्ट्रिय न्यायिक प्रतिष्ठान

# विषय–सूची


| | पृष्ठ |
|---|---|
| **१. परिचयात्मक** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ प्रतिष्ठान स्थापनाको सन्दर्भ | १ |
| १.२.१ श्री ५ को सरकार र एशियाली विकास बैङ्कबीचको सहकार्य | २ |
| १.२.२. एशियाली विकास बैङ्कको परामर्शदाता युनिक्वेष्ट प्रा.लि.को आगमन | ३ |
| १.२.३ परियोजना कार्यान्वयन समूह गठन | ३ |
| १.२.४ प्रतिष्ठान स्थापनापूर्वको गतिविधि | ३ |
| १.३ प्रतिष्ठानको स्थापना | ४ |
| १.३.१ कार्यकारी निर्देशकको नियुक्ति र व्यवस्था | ४ |
| १.३.२ प्रतिष्ठानको भवन निर्माण सम्बन्धी योजना | ४ |
| १.४ प्रतिष्ठानको काम र अधिकार | ४ |
| १.५ सङ्गठन | ६ |
| **२. प्रतिष्ठान गतिविधि** | **७** |
| २.१ कार्यारम्भ | ७ |
| २.२ सहकार्यगत गतिविधि | ८ |
| २.२.१ प्रतिष्ठान र युनिक्वेष्ट प्रा.लि.बीचको सहकार्यमा भएका प्रशिक्षणहरू | ८ |
| २.२.१.१ प्रशिक्षक प्रशिक्षण कार्यक्रम | ८ |
| २.२.१.२ पाठ्यक्रम निर्माण प्रशिक्षण | ९ |
| २.२.१.३ पाठ्यक्रम निर्माण कार्यशाला | ९ |
| २.२.१.४ अभिमुखीकरण तथा पूर्णकालिन प्रशिक्षण कार्यक्रम | १० |
| २.२.१.४.१ जिल्ला न्यायाधीशहरूको लागि अभिमुखीकरण कार्यक्रम | १० |
| २.२.१.४.२ जिल्ला न्यायाधीशहरूको लागि वाणिज्य कानून प्रशिक्षण | १० |
| २.२.१.४.३ सरकारी वकील तथा कानून व्यवसायी वाणिज्य कानून अभिमुखीकरण कार्यक्रम | ११ |
| २.२.१.४.४ सरकारी वकील तथा कानून व्यवसायी वाणिज्य कानून पूर्णकालिन कार्यक्रम | ११ |
| २.२.१.४.५ इजलाश अधिकृतहरूको अभिमुखीकरण कार्यक्रम | १२ |
| २.२.१.४.६ वाणिज्य कानूनमा पुनरावेदन अदालतका न्यायाधीशहरूको अभिमुखीकरण कार्यक्रम | १३ |
| २.२.२ प्रतिष्ठान र ARD Inc. बीच भएको सहकार्यगत गतिविधि | १३ |
| २.३ अनुसन्धान गतिविधि | १४ |
| २.४ प्रवचन कार्यक्रम | १४ |
| २.५ सम्मेलन, अध्ययन भ्रमण, भेटवार्ता एवं छलफल | १५ |
| २.६ विशेषज्ञ स्रोत व्यक्तिहरू | १५ |
| २.७ प्रतिष्ठानको नियमावलीहरूको निर्माण | १६ |

२.८ अन्तर्राष्ट्रिय संस्थासँगको आवद्धता १६
२.९ प्रतिष्ठानको जनशक्ति १६
२.१० बजेट तथा आर्थिक व्यवस्थापन १६

**३. समस्या तथा समाधान १७**

३.१ कार्यकक्ष १७
३.२ जनशक्ति विकास १७
३.३ प्रशिक्षण विशेषज्ञता विकास १७
३.४ पुस्तकालय विकास १८
३.५ आर्थिक समस्या १८
३.६ भौतिक सुविधा र उपकरण १९
३.७ प्रकाशन विस्तार १९
३.८ सेवागत सुविधा १९
३.९ विविध १९
**परिशिष्ट १ २०**
**परिशिष्ट २ २३**
**परिशिष्ट ३ २६**
**परिशिष्ट ४ २९**
**परिशिष्ट ५ ३०**
**परिशिष्ट ६ ३१**
**परिशिष्ट ७ ३२**
**परिशिष्ट ८ ३३**
**परिशिष्ट ९ ३३**
**परिशिष्ट १० ३४**
**परिशिष्ट ११ ३५**
**परिशिष्ट १२ ३५**
**परिशिष्ट १३ ३६**
**परिशिष्ट १४ ३७**
**परिशिष्ट १५ ३७**
**परिशिष्ट १६ ३७**
**परिशिष्ट १७ ३८**
**परिशिष्ट १८ ३९**
**परिशिष्ट १९ ४०**
**परिशिष्ट २० ४१**
**परिशिष्ट २१ ५०**

# परिचयात्मक

## १.१ पृष्ठभूमि

समाजको विकास, विज्ञानले ल्याएको परिवर्तन, मानिसहरूमा आएको आफ्नो अधिकारप्रतिको सचेतना, कानून क्षेत्रमा आएको परिवर्तन र नवीन अवधारणाको विकासले गर्दा केवल विश्वविद्यालयबाट हासिल गरेको कानूनी शिक्षा परिवर्तित सन्दर्भमा देखिएका समस्या समाधान गर्नमा अपर्याप्त मानिन्छ । सक्षम र प्रभावकारी सेवा वितरणको लागि जनशक्तिको कार्य क्षमता र दक्षता अद्यावधिक रहन आवश्यक पर्दछ । विश्वविद्यालयबाट प्राप्त शिक्षा मात्र गुणात्मक र समयानुकुल सेवा प्रदान गर्न पर्याप्त नहुन सक्छ । तसर्थ न्यायकर्मीहरूमा समयसापेक्ष सेवा प्रदान गर्न र व्यावसायिक ताजकीपन ल्याउनको लागि पनि व्यावसायिक शिक्षा आवश्यक पर्दछ । यसैगरी, परिवर्तित सन्दर्भमा समस्या समाधानको निमित्त नयाँ सीप र ज्ञानको आवश्यकता महसुस गरिन्छ ।

न्यायिक काम, कारवाही एवं प्रक्रियामा सुधार एवं न्याय प्रशासनका क्षेत्रमा रहे भएका वा देखिएका कमी कमजोरी, चुनौती तथा समस्याहरूलाई खुट्याई उचित समाधान गर्न न्यायिक शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । त्यसैले न्यायिक शिक्षाले स्वतन्त्र, सक्षम, कम खर्चिलो, छरितो, सबैको पहुँच भएको, विश्वासिलो, कानूनको शासन तथा मानव अधिकारको प्रत्याभूतिलाई जीवन्त वास्तविकतामा बदल्न सहयोग गर्दछ । एकातिर यसले न्यायकर्मीहरूलाई योग्य, दक्ष र सृजनशील बनाई समुच्च न्यायपालिकालाई सक्षम बनाउँछ भने अर्कोतर्फ न्यायपालिकाको स्वतन्त्र अस्तित्वलाई अक्षुण्ण राख्न मद्दत गर्दछ । अन्ततः यसले न्यायपालिकालाई जनताप्रति उत्तरदायी सेवा प्रदान गरी जनविश्वास लिनको लागि सहयोग पुऱ्याउने हुन्छ ।

## १.२ प्रतिष्ठान स्थापनाको सन्दर्भ

प्रारम्भमा नेपालमा व्यावसायिक न्यायिक शिक्षा प्रणाली काम गर्दै सिक्दै जाने (Learning by doing) प्रचलनबाट सुरू भएको पाइन्छ । त्यसपछि माथिल्लो तहका पदाधिकारीहरूको निर्देशन र सल्लाह अनुसार मातहत कर्मचारीले सिक्दै जानेक्रमको विकास भयो । कानून स्नातक जनशक्ति न्याय सेवामा प्रवेश गर्दै आएपछि कानूनका महाविद्यालयबाट हासिल गरेको शिक्षा मात्र व्यावसायिक रूपमा पर्याप्त नहुने कुरा महसुस हुन थाल्यो । फलतः अन्य विकल्पको अभावमा त्रिभुवन विश्वविद्यालयसँग सम्बद्ध आर्थिक विकास तथा प्रशासन केन्द्र (सेडा), लोक सेवा आयोग, सामान्य प्रशासन मन्त्रालयद्वारा विशेषतः नेपाल प्रशासन सेवाका पदाधिकारीहरूका लागि आयोजित प्रशिक्षण कार्यक्रमहरूमा न्यायाधीश तथा अन्य पदाधिकारीहरूलाई समेत प्रशिक्षणको निमित्त पठाउन थालियो ।

वि.सं. २०३० को दशकदेखि आयोजना गर्न थालिएको सर्वोच्च अदालतका न्यायाधीशहरू र तत्कालीन

क्षेत्रीय अदालतका मुख्य न्यायाधीशहरूको वार्षिक सम्मेलनलाई व्यावसायिक ज्ञान अदान प्रदान गर्ने पहिलो माध्यमको रूपमा लिन सकिन्छ । पछि गएर हरेक दुई वर्षमा विभिन्न क्षेत्र स्थित क्षेत्रीय अदालत, अञ्चल अदालत र जिल्ला अदालतका न्यायाधीशहरूको सम्मेलन आयोजना गर्न थालियो ।

विकासको क्रममा न्यायाधीश तथा न्याय क्षेत्रका अन्य पदाधिकारीहरूलाई प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले २०३८ सालमा कानून, न्याय तथा संसदीय मन्त्रालय अन्तर्गत विभाग स्तरको न्याय सेवा तालिम केन्द्रको स्थापना गरियो । २०४७ सालको संवैधानिक परिवर्तनपछि न्यायाधीशहरूलाई प्रशिक्षणको निमित्त कार्यपालिका अन्तर्गतको उक्त न्याय सेवा तालिम केन्द्रमा पठाउन छाडियो । यसै क्रममा कानून तथा न्याय क्षेत्रको समुचा जनशक्तिलाई प्रशिक्षण प्रदान गर्न एवं कानूनी एवं न्यायिक अनुसन्धानको लागि एक साझा संस्थाको आवश्यकता महसुस हुन थाल्यो । सर्वोच्च अदालतको पूर्ण बैठकबाट २०५३ सालतिर राष्ट्रिय न्यायिक प्रतिष्ठान स्थापना गर्ने नीतिगत सहमति भए अनुसार २०५४ सालमा विधेयक मस्यौदा तयार भएको पाइन्छ । यद्यपि आर्थिक र प्राविधिक कठिनाइका कारण केही समय यो काम सम्पन्न हुन सकेन ।

### १.२.१ श्री ५ को सरकार र एसियाली विकास बैंकबीचको सहकार्य

प्रारम्भमा न्यायिक प्रतिष्ठान स्थापना गर्न आर्थिक तथा प्राविधिक सहयोगको लागि सर्वोच्च अदालतमार्फत श्री ५ को सरकार समक्ष अनुरोध भएको थियो । श्री ५ को सरकारले २०५७ सालको प्रारम्भतिर एशियाली विकास बैङ्कबाट सहयोग प्राप्त हुने संभावना देखाएको थियो । यसै सन्दर्भमा सर्वोच्च अदालतले कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, मन्याका, नेपाल बार, न्यायपरिषद् लगायतका निकायहरूसँग समन्वय कायम गऱ्यो ।

यसै क्रममा यस कार्यक्रमको लागि कसरी अगाडि बढ्ने भन्ने सन्दर्भमा सर्वोच्च अदालत, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र अर्थ मन्त्रालयका अधिकृतहरू, कानून व्यवसायी र एशियाली विकास बैङ्कअन्तर्गत सङ्गठित र वित्तीय शासन परियोजनाका प्रतिनिधि समेतको एक कार्य टोली गठन भयो । सो टोलीको संयोजकमा अर्थ मन्त्रालयका सहसचिव श्री प्रमोद कार्की र सदस्यहरूमा सर्वोच्च अदालतका सहरजिष्ट्रार श्री विशाल खनाल, मन्याकाका सहन्यायाधिवक्ता श्री चेतनाथ घिमिरे, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका उपसचिव श्री राजुमान सिंह मल्ल, अधिवक्ता श्री भरतराज उप्रेती र अर्थ मन्त्रालय अन्तर्गतको सङ्गठित र वित्तीय शासन परियोजनाको तर्फबाट श्री सुगन्धरत्न तुलाधर रहनु भएको थियो । उक्त कार्य टोलीको निर्णयानुसार प्रतिष्ठानको सरोकारवाला सम्पूर्ण संभावित पक्षहरू र अन्य कानून तथा न्याय क्षेत्रका उच्चस्थ पदाधिकारीहरूसमेत सम्मिलित गोष्ठीमा उक्त कार्य टोलीका सदस्य सर्वोच्च अदालतका सह-रजिष्टारले प्रस्तुत गर्नु भएको न्यायिक प्रतिष्ठानको स्थापनाको अवधारणापत्रमा छलफल भएको थियो । अवधारणापत्रमा प्रस्ताव गरिएअनुसार गोष्ठीले राष्ट्रिय न्यायिक प्रतिष्ठान स्थापना आवश्यक भएको कुरा पारित गरेको थियो । सो अवधारणापत्र र कार्यक्रम तालिका परिशिष्ट २१ मा दिइएको छ ।

यसपछि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सर्वोच्च अदालत र अन्य निकायका उच्चस्थ पदाधिकारीहरू र एशियाली विकास बैङ्कका राष्ट्रिय न्यायिक प्रतिष्ठान सम्बन्धी सल्लाहकार श्री लिभिङ्गस्टन आर्मीट्यागबीच करिव दुई हप्तासम्म छलफल भई

राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना, संरचना र स्वरूपबारे छलफल भएको थियो ।

उता कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयले राष्ट्रिय न्यायिक प्रतिष्ठान विधेयक मस्यौदाको कार्य प्रारम्भ गऱ्यो । न्याय सेवाका उच्चस्थ पदाधिकारीहरूको परामर्शबाट एशियाली विकास बैङ्कले प्रस्तुत गरेको प्रतिवेदनको आधारमा श्री ५ को सरकारले राष्ट्रिय न्यायिक प्रतिष्ठान स्थापना र भवन निर्माण लगायतका कार्यक्रमहरू स्वीकार गरेको थियो ।

यसैबीच शासकीय व्यवस्थामा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने एवं आर्थिक क्षेत्रका आधारभूत संरचनामा सुधार ल्याउने समेत उद्देश्यले २०५७ पौष ९ गते (२४ डिसेम्बर २०००) मा श्री ५ को सरकार र एसियाली विकास बैंकबीच सङ्गठित र वित्तीय शासन परियोजनासम्बन्धी संझौता (Corporate and Financial Governance (CFG) Project Agreement) सम्पन्न भयो । संझौता अन्तर्गत सङ्गठित शासन र पूँजी बजार, कानूनी कार्यान्वयन संयन्त्र र न्यायिक दक्षता अभिवृद्धि र सूचना तथा सञ्चार प्रविधि विकास गर्ने गरी मुलतः तीनवटा परियोजनाहरू समावेश थिए । राष्ट्रिय न्यायिक प्रतिष्ठान कानूनी कार्यान्वयन संयन्त्र र न्यायिक दक्षता अभिवृद्धि (Improving Legal Enforcement Mechanism & Judicial Capacity) परियोजना अन्तर्गत सञ्चालित थिए ।

### १.२.२ एशियाली विकास बैंकको परामर्शदाता युनिक्वेष्ट प्रा. लि. को आगमन

परियोजनाहरूमध्ये कानूनी कार्यान्वयन संयन्त्र र न्यायिक दक्षता अभिवृद्धि कार्यक्रम सम्पन्न गर्न श्री ५ को सरकार र एशियाली विकास बैंकको परामर्शदाता युनिक्वेष्ट प्रा. लि. बीच २०५९ श्रावण ३ गते (२००२ जुलाई १९) मा अर्को सम्झौता भयो । उक्त सम्झौता अनुसार कार्य गर्न श्री ५ को सरकारले युनिक्वेष्ट प्रा. लि.लाई १५९२२१७४७ अमेरिकी डलर प्रदान गर्न मञ्जुर भएको थियो । सम्झौताअनुसार युनिक्वेष्ट प्रा.लि.तर्फबाट गरिनुपर्ने मुख्य परियोजनाहरूमध्ये प्रतिष्ठानको भवन निर्माण र भौतिक पूर्वाधारको विकास, तालीम क्षमता अभिवृद्धि गर्ने, न्यायिक सूचना केन्द्रको स्थापना, सुरक्षित कारोबार केन्द्रको स्थापना र वाणिज्यसम्बन्धी मुद्दाहरूको लागि वाणिज्य इजलासको स्थापना थिए । उपर्युक्त परियोजनाहरूमध्ये प्रारम्भिक संझौताअनुसार राष्ट्रिय न्यायिक प्रतिष्ठानको प्रशिक्षण कार्यक्रमको लागि ९५००० अमेरिकी डलर छुट्ट्याइएकोमा पछि २०६१ मंसीर ८ गते (२३ नोभेम्बर २००४) मा संसोधित संझौताअनुसार यो रकम १९३००० अमेरिकी डलरमा बढाइएको थियो ।

### १.२.३ परियोजना कार्यान्वयन समूह गठन

परियोजना कार्यान्वयन गर्न एउटा परियोजना कार्यान्वयन समूह (Project Implementation Team) गठन भएको छ । उक्त समूहमा सर्वोच्च अदालतका रजिष्ट्रार, कानून, शन्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सहसचिव, अर्थ मन्त्रालयका सहसचिव, ऋण असुली न्यायाधीकरणका अध्यक्ष तथा सर्वोच्च अदालतका उपसचिव परियोजना कार्यान्वयन समूहका कार्यालय सचिव रहने व्यवस्था छ । परियोजना कार्यान्वयन समूहमा सर्वोच्च अदालतका रजिष्ट्रारले अध्यक्षता गर्ने व्यवस्था छ ।

### १.२.४ प्रतिष्ठान स्थापनापूर्वको कार्यक्रम गतिविधि

प्रतिष्ठानको स्थापनापूर्व एशियाली विकास बैंकको परामर्शदाता युनिक्वेष्ट प्रा.लि.को तर्फबाट विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको थियो । साथै सर्वोच्च अदालतले उक्त संस्था युनिक्वेष्ट प्रा.लि.सँग सहकार्य

गरी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न पुनरावेदन अदालत हेटौंडाका माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ, पुनरावेदन अदालत जनकपुरका माननीय न्यायाधीश श्री केशरीराज पण्डित र कपिलवस्तु जिअका माननीय जिल्ला न्यायाधीश डा. श्री आन्नद मोहन भट्टराईलाई काजमा खटाइएको थियो । परियोजनाको प्रारम्भिक चरणमा प्रतिष्ठानले भविष्यमा सञ्चालन गर्ने प्रशिक्षण कार्यक्रम तर्जुमाको लागि प्रशिक्षण आवश्यकता विश्लेषण, प्रशिक्षक प्रशिक्षण, न्यायाधीश, अदालतका अधिकृतहरू, सरकारी वकीलहरू तथा निजी कानून व्यवसायीहरूको लागि अभिमुखीकरण जस्ता कार्यक्रमहरू परियोजनाको सहयोगमा सञ्चालन भएका थिए ।

## १.३ प्रतिष्ठानको स्थापना र व्यवस्था

राष्ट्रिय न्यायिक प्रतिष्ठानको औपचारिक स्थापना राष्ट्रिय न्यायिक प्रतिष्ठान अध्यादेश २०६० अन्तर्गत मिति २०६० साल चैत्र ४ गते भएको हो । तत्पश्चात् नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ बमोजिम प्रत्येक छ महिनामा सो अध्यादेश जारी हुँदै आइरहेको छ । राष्ट्रिय न्यायिक प्रतिष्ठान अध्यादेश परिशिष्ट २० मा दिइएको छ । प्रतिष्ठानको स्थापनासँगै नेपालको न्याय क्षेत्रमा कार्यरत पदाधिकारीहरूको कार्यक्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्ने जिम्मेवारी पाएको संस्थाको अभावलाई केही हदसम्म पूर्ति भएको छ ।

### १.३.१ कार्यकारी निर्देशकको नियुक्ति र व्यवस्था

२०६१ साल भाद्रमा प्रतिष्ठानको कार्यकारी निर्देशकमा पुवेअ हेटौडाका तत्कालीन माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठको नियुक्ति भयो। यस आर्थिक वर्षमा प्रतिष्ठानले युनिक्वेष्ट प्रा.लि.सँग सहकार्य गरी न्यायाधीशहरू एवं अन्य पदाधिकारीहरूको निमित्त अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरेको छ। प्रतिष्ठानमा कार्यरत जनशक्तिमध्ये केही न्यायाधीशहरू र अधिकृतहरू विभिन्न अदालतहरूबाट झिकाइएका छन् । न्याय सेवाबाट झिकाई पदपूर्ति गर्न अनुकुल वा उपयुक्त नहुने केही पदहरू करारमा नियुक्त गरी पूर्ति गरेको छ । प्रतिष्ठानको कार्यालय सर्वोच्च अदालत एनेक्सको दोस्रो तल्लामा रहेको छ भने उक्त उपलब्ध स्थान प्रतिष्ठानको निर्धारित कार्यक्रम सञ्चालनको लागि अपर्याप्त महसुस भएको छ ।

### १.३.२ प्रतिष्ठानको भवन निर्माण सम्बन्धी योजना

प्रतिष्ठानको आफ्नो भवन निर्माणको लागि श्री ५ को सरकारले मनमैजु बालाजुमा करीव ४० रोपनी जग्गा सर्वोच्च अदालतको भोगाधिकारमा रहने गरी उपलब्ध गराएको छ । प्रतिष्ठानको भवन निर्माण गर्ने ठेकेदारको छनौट श्री ५ को सरकारद्वारा गठीत समितिबाट हुने व्यवस्था गरेको पाइन्छ । तर उक्त समितिले छनौट गरेको निर्माण ठेकेदार एशियाली विकास बैङ्कले रद्द गरेको छ । त्यसपछि आयोजना अन्तर्गत निर्माण हुने भवन निर्माणको लागि खासै पहल हुन सकेको छैन । उक्त प्रतिष्ठानको भवनको संरचनागत डिजाइन तथा ठेक्का सम्बन्धी कागजात तयार गर्ने, बोलपत्र मूल्याङ्कन प्रक्रिया निर्धारण गर्ने, निर्माण कार्यको सुपरीवेक्षण गर्ने समेतका कार्यहरू पनि युनिक्वेष्ट प्रा.लि.लाई तोकिएको थियो ।

## १.४ प्रतिष्ठानको काम र अधिकार

प्रतिष्ठानको काम र अधिकार निम्नानुसार हुनेछन् ।

१) न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्नको निमित्त आवश्यकताअनुसार तालिम, प्रशिक्षण, सम्मेलन, कार्यशाला, गोष्ठी, सेमिनार, अन्तर्क्रिया तथा त्यस्तै किसिमको अन्य कार्यक्रम सञ्चालन गर्ने।

२) कानून र न्यायको क्षेत्रसँग सम्बन्धित विषयमा अनुसन्धान गर्ने तथा अनुसन्धानमूलक सामग्री प्रकाशन गर्ने ।

३) कानून र न्यायसँग सम्बन्धित विषयमा परामर्श तथा सूचना सेवा उपलब्ध गर्ने गराउने ।

४) न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता तथा दक्षता अभिवृद्धि गर्न सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रलाय, न्याय परिषद्, न्याय सेवा आयोग तथा नेपाल कानून व्यवसायी परिषद्सँग समन्वय गर्ने ।

५) अर्धन्यायिक निकायमा कार्यरत न्यायिक काम गर्ने कर्मचारीको कार्य क्षमता र कार्य दक्षता अभिवृद्धि गर्न आवश्यकताअनुसार तालिम, गोष्ठी, सम्मेलन सञ्चालन गर्ने ।

६) कानून, न्यायको क्षेत्रमा देखिएको कमी, कमजोरी र त्रुटिलाई सुधार गर्न सम्बन्धित निकायलाई सहयोग गर्ने ।

७) कानून तथा न्यायको क्षेत्रमा विकसित नयाँ प्रविधि र प्रयोगको सम्बन्धमा न्यायिक निकायमा कार्यरत जनशक्तिलाई प्रशिक्षित गराउने ।

८) न्यायिक प्रशिक्षणको कार्यक्रमलाई न्याय प्रशासनको अभिन्न अङ्गको रूपमा आवद्ध गर्ने ।

९) न्यायिक प्रशिक्षण कार्यक्रमलाई न्याय छिटो, सरल र सर्वसुलभ गराउने उद्देश्यसँग आवद्ध गर्ने ।

१०) न्याय सम्पादन, फैसला कार्यान्वयन, कानून तर्जुमा र न्याय प्रशासन सम्बन्धी कार्यविधिका सम्बन्धमा ज्ञान र सीप अभिवृद्धि गरी प्रशिक्षणलाई वृत्ति विकाससँग आवद्ध गर्ने ।

११) कानून व्यवसायलाई प्रतिस्पर्धी, सक्षम, सेवामूलक तथा प्रभावकारी व्यवसायको रूपमा विकास गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

१२) कानून र न्यायका क्षेत्रमा देखिएका समस्या समाधानको लागि सम्बन्धित विषयका विज्ञहरूलाई सहभागी गराई आवश्यकता अनुसार सेमिनार, गोष्ठी, सम्मेलन, कार्यशाला सञ्चालन गर्ने ।

१३) अन्य मुलुकका न्यायिक प्रशिक्षण सम्बन्धी संस्थासँग सम्पर्क राखी प्रशिक्षण कार्यक्रमलाई स्तरीय र प्रभावकारी बनाउन आवश्यक सहकार्य गर्ने ।

१४) कानून र न्यायको क्षेत्रमा सञ्चालन गरिने क्षमता विकास सम्बन्धी कार्यक्रमको सम्बन्धमा श्री ५ को सरकार तथा अन्तर्राष्ट्रिय संघ संस्थाबीच सम्पर्क निकायको रूपमा काम गर्ने ।

१५) न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्न तथा कानून र न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न आवश्यकताअनुसार श्री ५ को सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थासँग संयुक्त रूपमा कार्यक्रम सञ्चालन गर्ने गराउने ।

१६) प्रतिष्ठानको कार्यक्रम सञ्चालन र विकासको लागि श्री ५ को सरकार, विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट आवश्यक स्रोत साधन जुटाउने ।

१७) न्यायिक जनशक्तिको क्षमता विकासको लागि विदेशी न्यायिक संस्था तथा प्रशिक्षण

संस्थाहरूको अवलोकन भ्रमण तथा वैदेशिक तालिम, गोष्ठी, कार्यशाला आदि आवश्यक विविध कार्यक्रमको व्यवस्था मिलाउने ।

१८) तोकिए बमोजिमको अन्य कार्य गर्ने गराउने ।

## १.५ सङ्गठन

राष्ट्रिय न्यायिक प्रतिष्ठान अध्यादेश अनुसार प्रतिष्ठानको नीति तथा कार्यक्रम निर्धारण गर्ने कामको लागि न्यायिक प्रतिष्ठान परिषद् रहने व्यवस्था छ । अध्यादेशले परिषद्लाई प्रशिक्षण तथा अनुसन्धान कार्यक्रमसम्बन्धी नीति निर्धारण गर्ने, दीर्घकालीन योजना स्वीकृत गर्ने, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, प्रतिष्ठानबाट भए गरेका कामको समीक्षा गर्ने, आवश्यक नियम बनाउनेलगायतका अन्य काम गर्नेसमेत काम, कर्तव्य र अधिकार तोकेको छ । प्रतिष्ठान परिषद्मा देहायका पदाधिकारीहरू रहने व्यवस्था छ ।

क) प्रधानन्यायाधीश – अध्यक्ष
ख) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री – सदस्य
ग) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग – सदस्य
घ) सर्वोच्च अदालतका न्यायाधीशहरूमध्येबाट दुईजना (मा.न्या. श्री हरिप्रसाद शर्मा र मा.न्या. श्री भैरवप्रसाद लम्साल) – सदस्य
ङ) महान्यायाधिवक्ता – सदस्य
च) सर्वोच्च अदालतका सेवा निवृत्त न्यायाधीशहरूमध्येबाट एकजना (मा. श्री टोपबहादुर सिँह) – सदस्य
छ) डीन, कानून संकाय, त्रिभुवन विश्वविद्यालय – सदस्य
ज) पुवेअका न्यायाधीशहरूमध्येबाट एकजना (मा. न्या. श्री राघवलाल वैद्य) – सदस्य
झ) कानून विषयमा प्राध्यापक भई कम्तिमा पाँच वर्ष अध्यापन गरेका व्यक्तिहरूमध्येबाट एकजना (प्रा. डा. शान्ता थपलिया)– सदस्य
ञ) अध्यक्ष, नेपाल वार एशोसिएसन – सदस्य
ट) जिअका न्यायाधीशहरूमध्येबाट एक जना (मा.जि.न्या डा. हरिवंश त्रिपाठी) – सदस्य
ठ) कार्यकारी निर्देशक –सदस्य सचिब

प्रतिष्ठानको तर्फबाट गर्नुपर्ने कामको लागि एक कार्यकारी समिति रहने व्यवस्था छ। कार्यकारी समितिमा देहायबमोजिमको पदाधिकारीहरू रहने व्यवस्था छ ।

क) प्रतिष्ठानको कार्यकारी निर्देशक – अध्यक्ष
ख) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय – सदस्य
ग) सचिव, न्याय परिषद् – सदस्य
घ) रजिष्ट्रार, सर्वोच्च अदालत – सदस्य
ङ) वरिष्ठतम् नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय – सदस्य
च) सचिव, नेपाल बार एशोसिएशन, – सदस्य
छ) परिषदले तोकेको प्रतिष्ठानको वरिष्ठ कर्मचारी –सदस्य सचिव

समितिलाई योजना तर्जुमा गर्ने, प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति तर्जुमा गर्ने, कार्यक्रम तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने, अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तथा परामर्श सेवा उपलब्ध गर्ने गराउने, सञ्चालित प्रशिक्षण कार्यक्रमहरूको मूल्याङ्कन गर्ने गराउने, प्रशिक्षणलाई कार्यमूलक तथा व्यावहारिक बनाउन विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरूको सेवा आवधिक रूपमा आदान-प्रदान गर्ने व्यवस्था मिलाउने लगायतका काम तोकिएको छ ।

# २ प्रतिष्ठान गतिविधि

## २.१ कार्यारम्भ

राष्ट्रिय न्यायिक प्रतिष्ठान परिषद्‌को पहिलो बैठक तत्कालीन सम्माननीय प्रधानन्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठको अध्यक्षतामा २०६१ साल भाद्र ३१ गते सम्पन्न भयो । सो अवसरमा प्रधानन्यायाधीश श्रेष्ठले विश्वभरि नै न्यायपालिकालाई नयाँ ज्ञान, सीप र प्रविधिसँग परिचित बनाई अद्यावधिक बनाउने र सामाजिक उत्तरदायित्वको बृहत्तर खाकाभित्र न्यायिक सेवा समर्पित गर्ने हिसाबले न्यायकर्मीहरूलाई निरन्तर व्यावसायिक कानूनी शिक्षाको अवसर दिइनुपर्छ भन्ने सोचले न्यायिक शिक्षाको मान्यता विकास भएको कुरा औंल्याउनु भयो । त्यसैअनुरूप सर्वोच्च अदालतको पूर्ण बैठकले नेपालमा न्यायिक प्रतिष्ठान आवश्यकता पहिले नै महसुस गरेको कुरा स्पष्ट पार्नुभयो । वहाँको मन्तव्य परिशिष्ट १ मा दिइएको छ ।

बैठकमा नव नियुक्त कार्यकारी निर्देशक माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठले प्रशिक्षण कार्यक्रमहरू मध्ये खासगरी न्यायाधीशको प्रशिक्षण विशेष प्रकृति र जटिल किसिमको हुने बताउनु भयो । जोकोहीबाट वा जहाँ कही न्यायाधीशहरू प्रशिक्षित हुन जान नसक्ने व्यावसायिक सीमाहरू छन् । प्रशिक्षणहरू सङ्गठनको आवश्यकताअनुकूल होस्, न्याय व्यवस्थाले व्यहोरेको समस्याको निराकरणको लागि सघाउ पुग्ने खालको होस्, प्रशिक्षणबाट सहभागी न्यायाधीशहरू समाजको परिवर्तनका मागहरूलाई पूर्ति गर्नेतर्फ अभिमुख होउन् र स्तरीय सेवा दिन चाहिने शीपहरूले युक्त प्रशिक्षण कार्यक्रमहरू सञ्चालित होस् भन्ने अपेक्षाहरूलाई सम्बोधन गर्न न्यायपालिकाले आफ्नै नेतृत्व र जवाफदेहीमा न्यायिक शिक्षणको कार्यक्रम सञ्चालन गर्नुपर्छ भन्ने मान्यता विकास भएको हो भन्नु भयो । वहाँको मन्तव्य परिशिष्ट २ मा दिइएको छ । उक्त बैठकमा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्याक्ष, सर्वोच्च अदालतका न्यायाधीशहरूमध्येबाट प्रतिष्ठानका सदस्य दुईजना, महान्यायाधिवक्ता, सर्वोच्च अदालतका सेवा निवृत्त न्यायाधीशहरूमध्येबाट पूर्व मा. न्या. श्री टोपबहादुर सिँह, त्रिभुवन विश्वविद्यालय, कानून संकायका डीन, पुवेअका न्यायाधीशहरूमध्येबाट एक जना, कानून विषयका प्राध्यापक डा. शान्ता थपलिया, नेपाल वार एशोसिएसनका अध्यक्ष, जिअका न्यायाधीशहरूमध्येबाट एक जना र कार्यकारी निर्देशक श्री कल्याण श्रेष्ठको उपस्थित रहेको थियो । त्यसैगरी कानून क्षेत्रका १५ जना विशिष्ट व्यक्तिहरू बैठकमा पर्यवेक्षकको रूपमा सहभागी थिए । बैठकले प्रतिष्ठानको आव २०६१/६२ लागि कार्यक्रम तथा अन्य विविध विषयहरू पारित गरी कार्यान्वयनको लागि कार्य समितिलाई निर्देशन गरेको थियो । परिषद्‌ले पारित गरेका प्रस्तावहरू परिशिष्ट ३ मा दिइएको छ ।

प्रतिष्ठानबाट सञ्चालन हुने विभिन्न प्रशिक्षणहरूमा सहभागी प्रशिक्षार्थीहरूको मूल्याङ्कन गर्नको लागि कार्यकारी समितिले एक समितिको गठन गरेको

छ । समितिमा कार्यकारी निर्देशक माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ संयोजक र कार्यकारी समितिले तोकेको एकजना र सम्बन्धित प्रशिक्षण कार्यक्रम संयोजक सदस्य रहने व्यवस्था गरेको छ । त्यसैगरी, राष्ट्रिय न्यायिक प्रतिष्ठानको प्रशिक्षण नीति तयार गर्न उपसमिति बनाउने निर्णय कार्यकारी समितिले मिति २०६१ साल माघ २२ गते गरेको थियो । सो उपसमितिको संयोजकमा माननीय न्यायाधीश श्री केशरीराज पण्डितलाई तोकिएको छ । सदस्यहरूमा नायव महान्यायाधीवक्ता श्री नरेन्द्रराज पाठक, सहरजिष्टार डा. रामकृष्ण तिमल्सेना, सहसचिव श्री भेषराज शर्मा र नेपाल बारको महासचिव श्री माधव बास्कोटा रहने व्यवस्था गरेको थियो । पछि ०६२ साल श्रावणमा सो उपसमितिको सदस्यमा पुवेअ तुल्सीपुरका रजिष्ट्रार श्री विशाल खनाललाई थप गरिएको थियो ।

## २.२ सहकार्यगत गतिविधि


### २.२.१ प्रतिष्ठान र युनिक्वेष्ट प्रा. लि.बीचको सहकार्यमा भएका प्रशिक्षणहरू

श्री ५ को सरकार र एशियाली विकास बैंकको सम्झौताअन्तर्गत प्रतिष्ठान र युनिक्वेष्ट प्रा.लि.को संयुक्त तत्वावधानमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम (Training of Trainers), पाठ्यक्रम निर्माण प्रशिक्षक प्रशिक्षण कार्यक्रम, पाठ्यक्रम निर्माण कार्यशाला, अभिमुखीकरण कार्यक्रम (पाँच दिवसीय), पूर्ण प्रशिक्षण कार्यक्रम (दश दिवसीय) गरी विभिन्न प्रशिक्षण कार्यक्रमहरू संचालन भएका छन् ।

उक्त कार्यक्रमहरू सङ्गठन र सहभागीहरूको आवश्यकतालाई मध्यनजर राखी तर्जुमा गरिएको थियो । २०६१ साल भाद्र ३१ गते बसेको न्यायिक प्रतिष्ठान परिषद्को पहिलो बैठकले आर्थिक वर्ष २०६१/०६२ मा १८ प्रशिक्षण हप्ताको विभिन्न प्रशिक्षण कार्यक्रम संचालन गर्ने निर्णय गरेको थियो । तर युनिक्वेष्ट प्रा. लि.सँगको सहकार्यमा आ. व. २०६१/०६२ मा प्रतिष्ठानले २१ प्रशिक्षण हप्ताको प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

#### २.२.१.१ प्रशिक्षक प्रशिक्षण कार्यक्रम


प्रतिष्ठानलाई आवश्यक पर्ने प्रशिक्षकहरूको व्यवस्था मिलाउँदै जाने उद्देश्यले प्रतिष्ठानले विभिन्न महानुभावहरूलाई एउटा पाँच दिवसीय र अर्को चार दिवसीय गरी दुई किसिमका दुईवटा प्रशिक्षक प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरिसकेको छ । उक्त कार्यक्रमहरूमा नेपालमा न्यायिक शिक्षाको वर्तमान अवस्था र चुनौती, प्रौढ सिकाईको अवधारणा र प्रक्रिया, प्रशिक्षकको भूमिका र कौशलता जस्ता विषय समावेश गरिएका थिए । मुलतः सो कार्यक्रमहरूमा प्रशिक्षण विधि, सत्र निर्माणको तरिका, प्रभावकारी प्रस्तुतीकरणका साथै प्रशिक्षणका अन्य विविध विषयहरू र आफूले सिकेको ज्ञान र सीपलाई कसरी प्रभावकारी ढङ्गबाट अन्य व्यक्तिहरूलाई सिकाउन वा बुझाउन सकिन्छ भन्ने कुरामा जोड दिइएको थियो । पहिलो कार्यक्रम २०६१ मंसीर २८ देखि पौष २ गते (डिसेम्बर १३–१७, २००४) मा र दोस्रो २०६१ पौष ७ देखि १० गते (डिसेम्बर २२ – २५, २००४) मा सम्पन्न भएको थियो ।



प्रशिक्षक प्रशिक्षणमा पुवेअका न्यायाधीश १४ जना, जिल्ला न्यायाधीश ५ जना, सरकारी वकील ६ जना, निजी कानून व्यवसायी ३ जना, न्याय सेवा अधिकृत १ जना, श्री ५ को सरकारका कानून अधिकृत ३ जना र अन्य १ जना गरी जम्मा ३३ जना व्यक्तिहरूलाई उपलब्ध गराइएको थियो । सो प्रशिक्षण नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरू डा. दिनेश पन्त र रामभक्त श्रेष्ठले प्रदान गर्नु भएको थियो । दुईवटै कार्यक्रमका सहभागीहरूको नामावली परिशिष्ट ४ मा दिइएको छ ।

### २.२.१.२ पाठ्यक्रम निर्माण प्रशिक्षण

प्रतिष्ठानले प्रशिक्षणको पाठ्यक्रम विकास गर्नको लागि विभिन्न अदालतमा कार्यरत न्यायाधीशहरू, कानून, न्याय तथा संसदीय मन्त्रालयका अधिकृतहरू, अदालतहरूमा कार्यरत विभिन्न तहका अधिकृतहरू र विभिन्न तहका सरकारी वकीलहरूलाई लक्षित गरी पाँच दिवसीय दुईवटा प्रशिक्षक प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरेको थियो । उक्त कार्यक्रममा पाठ्यक्रम निर्माण परिचय र विकास, प्रशिक्षण र सिकाईको प्रक्रिया, प्रौढ सिकाईको सिद्धान्त र पाठ्यक्रम निर्माणमा ध्यान पुऱ्याउनुपर्ने विविध पक्षहरू समावेश गरिएका थिए । यसका अतिरिक्त पाठ्यक्रममा समावेश गर्नुपर्ने विषयहरू, त्यसलाई समावेश गर्दा ध्यान दिनुपर्ने विषयहरू, सुपरिवेक्षण र मूल्याङ्कनका विविध पक्षहरूलगायत विशेषज्ञको समूहगत छलफल पनि गराएको थियो । कार्यक्रमले पाठ्यक्रमको महत्व र आवश्यकताका साथै सिकेको ज्ञान र सीपलाई कसरी प्रभावकारी ढङ्गबाट अन्य व्यक्तिहरूलाई सिकाउन वा बुझाउन सकिन्छ भन्ने कुरामा जोड दिएको थियो । प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन प्रवचन, छलफल, कम्प्युटरको माध्यमबाट विभिन्न प्रस्तुतीकरण एवं कार्यशाला लगायतका विषयमा छलफल भएको थियो । उक्त कार्यक्रमहरू क्रमशः २०६१ श्रावण २५ देखि २९ (९ – १३ अगष्ट, २००४) र २०६१ श्रावण ३२ देखि भाद्र ४ (१६ – २० अगष्ट, २००४) सम्ममा भएको थियो ।




सहभागिताको हिसाबले कार्यक्रममा पुवेअका न्यायाधीश ७ जना, जिल्ला न्यायाधीश ९ जना, न्याय सेवा अधिकृत ७ जना, सरकारी वकील ४ जना, कानून व्यवसायी ७ जना, र अन्य १ जना गरी जम्मा ३५ जनाले प्रशिक्षण लिनु भएको थियो । दुवै कार्यक्रमका सहभागीहरूको नामावली परिशिष्ट ५ मा दिइएको छ ।

### २.२.१.३ पाठ्यक्रम निर्माण कार्यशाला

प्रतिष्ठानले जिल्ला न्यायाधीश, न्याय सेवाका अधिकृत, इजलास अधिकृत र सरकारी वकीलको लागि चारवटा प्रशिक्षण कार्यक्रमको लागि पाठ्यक्रम निर्माण गरेको थियो । प्रत्येक पाठ्यक्रम निर्माण गर्न एक वरिष्ठ विशेषज्ञको सुपरिवेक्षणमा अन्य तीन व्यक्तिहरू रहेको विशेषज्ञ समूहहरू गठन गरेका थिए । प्रत्येक समूहले ती पाठ्यक्रमहरू बाह्र दिन लगाई तयार गरेका थिए । ती समूहहरूलाई जिम्मा लगाइएको विषयवस्तु र नाम परिशिष्ट ६ मा दिइएको छ । विशेषज्ञ समूहबाट निर्माण गरिएको पाठ्यक्रमलाई अन्तिम रूप दिनको लागि चारवटा पाठ्यक्रम निर्माण कार्यशालाहरू आयोजना गरिएका थिए । ती

कार्यशालाहरूमा चारवटा पाठ्यक्रमहरूलाई छलफल गरी अन्तिम रूप दिइएको थियो । पाठ्यक्रम निर्माण कार्यशाला दुई दिवसीय थियो। पाठ्यक्रम निर्माण कार्यशालाका सहभागीहरूको नामावली परिशिष्ट ७ मा दिइएको छ ।

### २.२.१.४ अभिमुखीकरण तथा पूर्णकालिन प्रशिक्षण कार्यक्रम

न्यायिक निकायमा कार्यरत न्यायाधीश, नेपाल न्याय सेवाका अधिकृतहरू र निजी कानून व्यवसायीसमेतको कार्यक्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गराउने तथा कानून र न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्ने मुख्य उद्देश्य रहेको यस प्रतिष्ठानले खासगरी दुई किसिमको कार्यक्रम सञ्चालन गरेको छ। व्यावसायिक कार्यक्षमता र दक्षता अभिवृद्धि गराउन गरिएको पाँच दिने कार्यक्रमलाई अभिमुखीकरण कार्यक्रम र दश दिवसीय कार्यक्रमलाई पूर्णकालिन प्रशिक्षण कार्यक्रम (Full Course) नामाकरण गरिएको छ ।

### २.२.१.४.१ जिल्ला न्यायाधीशहरूको लागि अभिमुखीकरण कार्यक्रम

जिल्ला न्यायाधीशहरूको कार्य क्षमता र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले चौथो जिल्ला न्यायाधीश अभिमुखीकरण कार्यक्रम २०६१ कार्तिक ३० गते देखि मंसीर ४ गते (नोभेम्बर १५ – १९, २००४) मा सम्पन्न भयो । कार्यक्रममा १८ जना न्यायाधीशहरूको सहभागिता थियो । कार्यक्रममा न्यायिक कार्य र उत्तरदायित्व, न्यायमा पहुँच, मानव अधिकार, मुद्दा व्यवस्थापनमा न्यायाधीशको भूमिका, सजाय निर्धारणमा ध्यान दिनुपर्ने विषयहरू, जमानत र धरौट लिँदा विचार गर्नुपर्ने कुराहरू, विशेषज्ञको राय प्रमाणमा लिने, मुद्दाको तथ्यको पहिचान, निर्णय गर्दा ध्यान दिनुपर्ने पक्षहरूका साथै मुद्दाको निरूपणका विविध विषयमा प्रशिक्षण प्रदान गरेको थियो । कार्यक्रममा न्यायाधीशहरूलाई वाणिज्य कानून र अन्य क्षेत्रमा पनि थप प्रशिक्षित गर्ने उद्देश्यले प्रतीतपत्र, मेलमिलाप एवं बाल न्यायको विषयहरूमा प्रशिक्षित गरिएको थियो । कार्यक्रमलाई थप प्रभावकारी बनाउने उद्देश्यले फौजदारी, देवानी र मुद्दाको कार्यान्वयन विषयका समस्याहरूमा समूहगत आदेश वा फैसला छलफल गराइएको थियो। कार्यक्रमको स्रोत व्यक्तिको रूपमा सर्वोच्च अदालतका माननीय न्यायाधीहशरू, प्रतिष्ठानका प्रशिक्षक, पुनरावेदन र जिल्ला अदालतका न्यायाधीशहरू, न्याय सेवाका उच्च तहका अधिकृत र कानून व्यवसायीहरू रहेका थिए। सहभागी न्यायाधीशहरूको नामावली परिशिष्ट ८ मा दिइएको छ ।

### २.२.१.४.२ जिल्ला न्यायाधीशहरूको लागि वाणिज्य कानून प्रशिक्षण

प्रतिष्ठानले जिल्ला न्यायाधीशहरूको लागि दुई खालका वाणिज्य कानूनमा प्रशिक्षण कार्यक्रम आयोजना गरेको थियो। वाणिज्य कानूनमा प्रशिक्षित गरी कार्य क्षमता र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले २०६१ फागुन १० देखि २१ गते (फेब्रुअरी २१ – मार्च ४ २००४) सम्म दश दिने पूर्णकालिन वाणिज्य कानून प्रशिक्षण (Full Course) सम्पन्न गरेको छ । कार्यक्रममा १८ जना न्यायाधीशहरूको सहभागिता थियो । उक्त कार्यक्रममा देहायका विषयहरू समावेश थिए–

- अन्तर्राष्ट्रिय बैकिङ्ग अवधारणा र अभ्यासहरू,
- नेपालमा वैदेशिक सहयोग नीति,
- सरकारी गैरसरकारी साझेदारीको अवधारणा र विकास,
- वाणिज्य मेलमिलाप,
- सार्वजनिक संस्थाहरूमा भ्रष्टाचार नियन्त्रणका उपायहरू,
- निर्माण क्षेत्रका करारका विषयहरू
- वाणिज्य कानूनमा रिट आदेश,


अन्तरिम आदेश निषेधाज्ञाको अवधारणा

- ⁕ परिवर्तन व्यवस्थापन,
- ⁕ बौद्धिक सम्पत्ति अधिकार,
- ⁕ टाट उल्टिनेसम्बन्धी कानून,
- ⁕ साइबर कानून,
- ⁕ विश्व व्यापार सङ्गठन,
- ⁕ मूल्य अभिवृद्धि कर र
- ⁕ वैदेशिक लगानी र औद्योगिक विकास जस्ता विभिन्न विषयहरू ।

त्यसैगरी, वाणिज्य कानूनमा प्रशिक्षित गर्ने उद्देश्यले २०६१ माघ २८ देखि पौष ५ गते ( फेब्रुअरी १० – १६ २००४) सम्म पाँच दिने वाणिज्य कानून अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा १८ जना न्यायाधीशहरूको सहभागिता थियो भने कार्यक्रममा करार सम्बन्धी कानून, वीमा सम्बन्धी कानून, कम्पनी कानून, बैकिङ्ग कानूनहरूका विविध पक्षहरूलाई समेटिएको थियो । कार्यक्रमको स्रोत व्यक्तिको रूपमा न्यायाधीश, प्रतिष्ठानका प्रशिक्षक, कानून व्यवसायी तथा अन्य व्यक्तिहरू रहनु भएको थियो । सहभागी न्यायाधीशहरूको नामावली परिशिष्ट ९ मा दिइएको छ ।

### २.२.१.४.३ सरकारी वकील तथा कानून व्यवसायी सम्मिलित वाणिज्य कानून अभिमुखीकरण कार्यक्रम


प्रतिष्ठानले सरकारी वकील र कानून व्यवसायीहरूको कार्य क्षमता र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले २०६१ आश्विन ४ देखि ८ गते ( सेप्टेम्बर २० – २४, २००४) सम्म पाँच दिवसीय वाणिज्य कानून अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको थियो । उक्त कार्यक्रममा बीस जना कानून व्यवसायीहरूको सहभागिता थियो जसमा आठ जना सरकारी वकील




र बाह्र जना कानून व्यवसायीहरू सम्मिलित हुनुहुन्थ्यो । कार्यक्रममा वाणिज्य कानूनको परिचय र यसको क्षेत्र, महत्व र आवश्यकता, करार कानून, विश्व व्यापार सङ्गठन र बौद्धिक सम्पत्ति, कम्पनी कानून, वीमा सम्बन्धी कानून, प्रतीत पत्र, मध्यस्थता, बैकिङ्ग कानून, उपभोक्ता अधिकार सम्बन्धी कानून र कर कानूनका विविध पक्षहरू समाविष्ट थिए । कार्यक्रमलाई प्रभावकारी बनाउन प्रवचन विधि, समूह छलफल, प्रश्नोत्तर विधि, व्यावहारिक अभ्यास गराइएको थियो । कार्यक्रमका सहभागीहरूको नामावली परिशिष्ट १० मा दिइएको छ ।

### २.२.१.४.४ सरकारी वकील तथा कानून व्यवसायी सम्मिलित वाणिज्य कानून पूर्णकालिन कार्यक्रम

प्रतिष्ठानले सरकारी वकील र निजी कानून व्यवसायीहरूको कार्य क्षमता र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले २०६१ चैत्र २५ देखि २०६२ बैशाख ८ गते (अप्रिल ७ – २१, २००५) सम्म दश दिवसीय वाणिज्य कानून पूर्णकालिन प्रशिक्षण कार्यक्रम (Full Course) सञ्चालन गरेको थियो । उक्त कार्यक्रममा अठार जनाको सहभागिता रहेको थियो । सहभागीहरूमध्ये आठ जना सरकारी वकील र दश जना कानून व्यवसायीहरू थिए । सरकारी वकील र कानून व्यवसायीहरूलाई वाणिज्य कानूनमा दक्षता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गरिएको दश




दिवसीय उक्त कार्यक्रममा देहायका विषयमा प्रशिक्षण दिइएको थियो –

- अन्तर्राष्ट्रिय बैकिङ्ग अवधारणा र अभ्यासहरू,
- नेपालमा वैदेशिक सहयोग नीति,
- सरकारी गैरसरकारी साझेदारीको अवधारणा र विकास,
- वाणिज्य मेलमिलाप,
- सार्वजनिक संस्थाहरूमा भ्रष्टाचार नियन्त्रणका उपायहरू,
- निर्माण क्षेत्रका करारका विषयहरू,
- वाणिज्य कानूनमा रिट आदेश, अन्तरिम आदेश निषेधाज्ञाको अवधारणा
- परिवर्तन व्यवस्थापन,
- बौद्धिक सम्पत्ति अधिकार,
- टाट उल्टिने दायित्व सम्बन्धी कानून,
- साइवर कानून,
- विश्व व्यापार सङ्गठन,
- मूल्य अभिवृद्धि कर, र
- वैदेशिक लगानी र औद्योगिक विकास ।

कार्यक्रमलाई प्रभावकारी बनाउन प्रवचन विधि, समूह छलफल, प्रश्नोत्तर विधि, व्यावहारिक अभ्यासको अवलम्बन गरिएको थियो ।सहभागीहरूको नामावली परिशिष्ट ११ मा दिइएको छ ।

### २.२.१.४.५ इजलास अधिकृतहरूको अभिमुखीकरण कार्यक्रम

प्रतिष्ठानले इजलास अधिकृतहरूको कार्य क्षमता तथा दक्षता अभिवृद्धि गर्ने उद्देश्यले इजलास अधिकृतहरूको लागि दुईवटा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको थियो । पहिलो कार्यक्रम २०६१ चैत्र १६ गते देखि २२ गतेसम्म सञ्चालन गरिएको थियो । दोस्रो कार्यक्रम २०६२ बैशाख २१ देखि २९ गतेसम्म सञ्चालन भएको थियो । एउटा कार्यक्रममा अठार जनाको दरले जम्मा छत्तीस जना इजलास अधिकृतहरूको सहभागिता थियो । कार्यक्रमहरूमा इजलास अधिकृतहरूको प्रमुख दायित्व रूपमा रहेको फैसला लेखनमा पुऱ्याउनुपर्ने सहयोगको निमित्त दक्षता र प्रभावकारिता अभिवृद्धि गर्ने कुरामा जोड दिइएको थियो । प्रशिक्षण दिइएका विषयहरू निम्नानुसार छन् ।

- न्यायिक कार्य र उत्तरदायित्व,
- इजलास अधिकृतहरूको कार्यहरू,
- शुद्ध नेपाली लेखन,
- स्वच्छ सुनुवाई र न्यायमा पहुँच,
- कानूनी भाषा लेखन,
- कानूनी अनुसन्धान,
- न्यायिक व्यवस्थापनका रणनीतिहरू,
- इजालाश अधिकृतका प्रशिक्षण आवश्यकता,
- निर्णय लेखनका सारभूत तत्वहरू र
- फैसला लेखन कलाका साथै फैसला लेखनका विभिन्न पक्ष
- देवानी, फौजदारी र रिट निवेदनको फैसला लेखनको अभ्यास ।

सहभागीहरूको नामावली परिशिष्ट १२ मा दिइएको छ ।

### २.२.१.४.६ वाणिज्य कानूनमा पुवेअका न्यायाधीशहरूको अभिमुखीकरण कार्यक्रम


प्रतिष्ठानले वाणिज्य कानूनमा पुवेअका न्यायाधीशहरूको कार्य सम्पादन, कार्य क्षमता तथा दक्षता अभिवृद्धि गर्नुपर्ने आवश्यकता महसुस गरी पुवेअका न्यायाधीशहरूको लागि एक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रम २०६२ जेष्ठ २ गते देखि ८ गतेसम्म सञ्चालन गरिएको थियो । कार्यक्रममा अठार जना पुवेअका न्यायाधीशहरूको सहभागिता थियो । कार्यक्रममा निम्न विषयहरू समावेश गरिएका थिए–

- साङ्गठनिक सामाजिक उत्तरदायित्व र न्यायाधीशहरूको दायित्व,
- करार कानून,
- अन्तर्राष्ट्रिय बैकिङ्ग अभ्यास र वातावरण,
- सार्वजनिक निकायहरूमा भ्रष्टाचार निवारण,
- सुरक्षित कारोवार कानून,
- दामाशाही कानून,
- साइवर कानून,
- विश्व व्यापार कानून,
- कम्पनी कानून,
- बीमा सम्बन्धी कानून,
- मध्यस्थतासम्बन्धी कानून,
- वाणिज्य मेलमिलाप, र
- वाणिज्य कानूनमा पुवेअले निभाउनुपर्ने विभिन्न भूमिका ।

सहभागीहरूको नामावली परिशिष्ट १३ मा दिइएको छ ।

### २.२.२ प्रतिष्ठान र ARD Inc. बीच भएको सहकार्यगत गतिविधि

प्रतिष्ठान र अन्तर्राष्ट्रिय संस्था ARD Inc. Nepal को सहकार्यमा न्यायाधीश, अदालतका अधिकृतहरू,




सरकारी वकीलहरू तथा निजी कानून व्यवसायीहरूको प्रशिक्षण आवश्यकता विश्लेषण गर्ने उद्देश्यले अधिराज्यका विभिन्न स्थानहरूमा कार्यशाला सम्पन्न भयो । उक्त कार्यशालामा विभिन्न सहभागीहरूबाट प्रतिष्ठानले तयार गरेको प्रशिक्षण आवश्यकता विश्लेषण प्रश्नावली भराउनुको अतिरिक्त उहाँहरूबाट प्राप्त सुझावहरू सङ्कलन गरेको छ । यस आ. व. भित्र पोखरा, जनकपुर, विराटनगर र हेटौँडा कार्यशालाहरू सम्पन्न भइसकेका छन् ।

प्रतिष्ठानले न्यायाधीश, न्याय सेवाका कर्मचारी एवं कानून व्यवसायीहरूको लागि निकट भविष्यमा काठमाडौँमा कार्यशाला आयोजना गर्ने योजना बनाएको छ । मोफसलका कार्यशालाहरूमा न्यायाधीश, अदालतका अधिकृत, सरकारी वकील र कानून व्यवसायीहरू समावेश गरेको थियो । तर काठमाडौँमा हुने कार्यशाला न्यायाधीश, न्याय सेवाका कर्मचारी एवं कानून व्यवसायीहरूको लागि छुट्टाछुट्टै आयोजना गर्ने योजना बनाएको छ । प्रशिक्षण आवश्यकता विश्लेषण कार्यशाला भएका केन्द्र र सहभागीहरू परिशिष्ट १४ मा दिइएको छ ।

कार्यशाला हुन नसकेका जिल्लाहरूमा प्रश्नावली भराउने प्रयोजनको लागि विभिन्न जिल्ला एवं पुवेअ भएका केन्द्रहरूमा प्रतिष्ठानबाट टोलीमार्फत प्रश्नावलीहरू सङ्कलन गर्ने कार्यहरू गरिरहेका छन् ।

प्रतिष्ठानबाट टोली खटि प्रश्नावली सङ्कलन गरेका केन्द्र तथा जिल्लाहरू परिशिष्ट १५ मा दिइएको छ । टोली पनि पुग्न नसकेका जिल्लाहरूमा हुलाक मार्फत प्रश्नावली पठाई सङ्कलन गर्ने कार्यहरू गरिरहेका छन् । हुलाक मार्फत प्रश्नावली पठाइएका जिल्लाहरूको नाम परिशिष्ट १६ मा दिइएको छ ।

सङ्कलित प्रश्नावलीहरूबाट प्राप्त सुझावहरूको आधारमा प्रतिष्ठानले प्रशिक्षण आवश्यकता विश्लेषण गर्नेछ । न्याय क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता वृद्धिको लागि प्रशिक्षण दिनुपर्ने विषय, अवधि, विधिलगायतका अन्य आवश्यक कुराहरू खुट्याई सोहीअनुरूप भावी कार्यक्रम बनाउने योजना बनाएको छ ।

## २.३ अनुसन्धान गतिविधि

अध्ययन तथा अनुसन्धान न्यायिक विकास एवं सुधारको लागि महत्वपूर्ण रहन्छ । सोही अनुरूप न्याय व्यवस्थामा सुधार एवं न्याय प्रशासनको क्षेत्रमा रहे भएका वा देखिएका कमी कमजोरी, चुनौती तथा समस्याहरूलाई खुट्याई त्यसको उचित समाधान गर्न न्यायिक अनुसन्धान गर्नु प्रतिष्ठानको एउटा उद्देश्य रहेको छ । कतिपय निषेधाज्ञा र अन्य निवेदनहरूमा अदालतहरूको अन्तरिम आदेश र अन्तिम फैसलामा तालमेल भएको पाइन्न । उक्त समस्याको यथार्थता र उचित समाधानको बाटो खुट्याउनको लागि अनुसन्धान आवश्यक महसुस गरी प्रतिष्ठानले पुवेअहरूमा परेको निषेधाज्ञा, निषेधाज्ञायुक्त परमादेश र परमादेश निवेदनहरूमा अन्तरिम आदेश जारी गर्ने, त्यस्तो अन्तरिम आदेश खारेज गर्ने, अन्तिम आदेश जारी गर्ने तथा निवेदन खारेज गर्ने सम्बन्धमा विगत पाँच वर्षमा भएका कारवाही सम्बन्धमा अध्ययन आरम्भ गरेको छ ।

## २.४ प्रवचन कार्यक्रम

राष्ट्रिय न्यायिक प्रतिष्ठानले नियमित प्रशिक्षणहरूको अलावा विभिन्न विषयमा ख्याति प्राप्त राष्ट्रिय एवं अन्तर्राष्ट्रिय व्यक्तित्वहरूबाट सिक्ने एवं जानकारी लिने उद्देश्यले विभिन्न प्रवचन कार्यक्रमहरू पनि आयोजना गर्ने गरेको छ । प्रतिष्ठानले लिड्स विश्वविद्यालय, बेलायतमा अध्यापनरत प्राध्यापक डा. श्री सूर्य सुवेदीबाट विश्वव्यापीकरण र विश्वव्यपार सङ्गठन विषयमा विचार आदानप्रदान छलफल कार्यक्रम आयोजना गरेको थियो । प्रतिष्ठानले त्यस्तै प्रकारको प्रज्ञा व्यवस्थापनका निर्देशक श्री ध्रुव आचार्यबाट ब्उउचभअष्बतषखभ क्ष्लत्रगष्चथ, आचार्य गुलाव जी महाराजबाट एयकष्तषखभ ब्त( तष्तगमभ  र प्रशासनिक प्रशिक्षण केन्द्रका निर्देशक श्री रामभक्त श्रेष्ठबाट ऋजबलनभ :बलबनझभलत विषयमा विचार आदानप्रदान र छलफल कार्यक्रम आयोजना गरेको थियो ।

त्यसैगरी, प्रतिष्ठानले नेपालका लागि पश्चिम क्यानडाको माननीय महावाणिज्यदूत श्री क्रिस्टोफर कन्सिडाइन क्यू.सी.बाट क्यानडाको न्यायिक स्वतन्त्रता र अमेरिका स्थित विश्व बैङ्कका वरिष्ठ कानूनविद् डा. श्री किशोर उप्रेतीबाट कानून तथा न्यायिक सुधारमा अन्तर्राष्ट्रिय वाणिज्य संस्थाहरूको अनुभव विषयक विचार आदानप्रदान छलफल कार्यक्रम आयोजना गरेको थियो । प्रतिष्ठानको स्थापनापछि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिनिधिहरूले प्रतिष्ठानका कार्यकारी निर्देशकसँग न्यायिक सेवालाई कसरी सुलभ र जनमुखी बनाउने भन्ने सन्दर्भमा न्यायिक शिक्षाको आवश्यकता तथा सहयोग अभिवृद्धि गर्नेबारे विभिन्न परामर्श छलफल सम्पन्न भएको छ ।

## २.५ सम्मेलन, अध्ययन भ्रमण, भेटवार्ता एवं छलफल

प्रतिष्ठानका कार्यकारी निर्देशक मा. न्या. श्री कल्याण श्रेष्ठ एवं प्रतिष्ठानका प्रशिक्षक मा.न्या. श्री केशरीराज पण्डित २०६१ असार १७ देखि २७ सम्म (१ देखि ११ जुलाई २००४) सम्म भारतको भोपाल स्थित राष्ट्रिय न्यायिक प्रतिष्ठानको अध्ययन भ्रमण गर्नुभयो । उक्त भ्रमणको अवसरमा माननीय न्यायाधीशद्वयले भोपालमा आयोजित बौद्धिक अधिकारसम्बन्धी गोलमेच सम्मेलनमा पनि सहभागी हुनुभयो । साथै प्रतिष्ठानका कार्यकारी निर्देशक मा. न्या. श्री कल्याण श्रेष्ठले आइयुसीएनद्वारा आयोजित २०६१ मंसीर १ देखि २ गते (नोभेम्बर १६ देखि १७, २००४) सम्म बैङ्ककमा सञ्चालित Third World Conservation Congress को अध्ययन भ्रमण गर्नुभयो ।

त्यसैगरी, सर्वोच्च अदालत / न्यायापालिका सुधार कार्यक्रम / युएनडिपिको आयोजनामा कार्यकारी निर्देशक मा. न्या. श्री कल्याण श्रेष्ठ एवं प्रतिष्ठानका प्रशिक्षक मा.न्या. श्री केशरीराज पण्डितले २०६१ असोज ११ गतेदेखि २१ सम्म फिलिपिन्स, सिंगापुर र मलेसिलाको अध्ययन भ्रमण गर्नुभएको थियो । यसै आ. व. मा प्रतिष्ठानमा काजमा खटिनु भएका मा.जि.न्या डा. आनन्दमोहन भट्टराई अध्ययनको लागि विदा लिई जर्मनी प्रस्थान गर्नु भयो ।

प्रतिष्ठानका कार्यकारी निर्देशकले न्यायिक शिक्षा एवं प्रतिष्ठानको संस्थागत विकास गर्न विभिन्न क्षेत्रका प्रतिनिधिहरूसँग छलफल एवं भेटघाट गर्नुभयो । २०६१ साल मंसीर २ गते Ir Meta Metro Inc. का President Mr. Leo T. Surla र प्रतिष्ठान कार्यकारी निर्देशक मा. न्या. श्री कल्याण श्रेष्ठबीच कानूनको शासन र न्यायिक शिक्षा प्रवर्द्धन विषयमा छलफल भएको थियो । छलफल कानूनको शासनसम्बन्धी परियोजना र त्यसको मूल्याङ्कनमा केन्द्रित रहेको थियो । त्यसैगरी, प्रतिष्ठानका कार्यकारी निर्देशक मा. न्या. श्री कल्याण श्रेष्ठ र USAID/Nepal का Team Leader Mr. August Von Born Milliard सँग ARD, Rule of Law Project र त्यसबारे प्रतिष्ठानसँग सहकार्य गर्ने क्षेत्रका विषयमा २०६१ मंसीर २४ गते छलफल भएको थियो । छलफल एवं भेटघाटको क्रममा २०६१ साल माघ १२ गते University of Oregon का Project Coordinator/Evaluation Specialist Mr. Thomas R. English ले कार्यकारी निर्देशकसँग भेट गर्नुभयो । भेटघाटमा Juvenile Justice का सम्बन्धमा प्रतिष्ठानलाई कसरी सहयोग प्रदान गर्न सकिन्छ भन्ने विषयमा छलफल भएको थियो ।

मिति २००५ जुलाई २७ मा संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगका प्रतिनिधि श्री इयान मार्टिन र प्रतिष्ठानका कार्यकारी निर्देशक मा. न्या. श्री कल्याण श्रेष्ठ एवं प्रतिष्ठानका प्रशिक्षक मा. न्या. श्री केशरीराज पण्डितबीच भेटवार्ता भएको थियो । उक्त भेटवार्तामा न्याय क्षेत्रमा मानव अधिकार सम्बन्धी प्रशिक्षणको आवश्यकता, प्रशिक्षकहरूको क्षमता विकास र आयोगले गर्न सक्ने सहयोगको विषयमा छलफल केन्द्रित थियो । त्यसैगरी भेटवार्ता गर्ने क्रममा प्रतिष्ठानका कार्यकारी निर्देशक मा. न्या. श्री कल्याण श्रेष्ठ र युरोपियन युनियन र विश्व बैङ्कका प्रतिनिधिहरूबीच छुट्टाछुट्टै भेटवार्ता एवं छलफल भएको थियो । उक्त भेटवार्तामा कसरी न्यायिक शिक्षा प्रवर्द्धन गर्ने भन्ने लगायतका सहयोगको विषयमा छलफल भएको थियो ।

## २.६ विशेषज्ञ स्रोत व्यक्तिहरू

प्रतिष्ठानले सञ्चालन गरेका कार्यक्रमहरूमा विभिन्न क्षेत्रका महानुभावहरूले स्रोत व्यक्तिको रूपमा सेवा

प्रदान गर्नु भएको छ । ती व्यक्तिहरूको नामावली परिशिष्ट १७ मा दिइएको छ ।

## २.७ प्रतिष्ठानको नियमावलीहरूको निर्माण

२०६० साल चैत ४ गते राष्ट्रिय न्यायिक प्रतिष्ठान अध्यादेश २०६० जारी भई यस प्रतिष्ठान स्थापना भएपछि प्रतिष्ठानको काम कारवाहीसम्बन्धी नियमावली निर्माण प्रक्रिया अगाडि बढिरहेको छ । हाल प्रतिष्ठानले प्रतिष्ठान (कर्मचारीको सेवाको शर्त तथा सुविधा) नियमावली, २०६२, राष्ट्रिय न्यायिक प्रतिष्ठान (कार्य सञ्चालन) निमवावली, २०६२ र राष्ट्रिय न्यायिक प्रतिष्ठान (आर्थिक प्रशासन) निमवावली, २०६२ नियमावली बनाउन अन्तिम गृहकार्य गरिरहेको छ ।

## २.८ अन्तर्राष्ट्रिय संस्थासँगको आवद्धता

प्रतिष्ठानले गत डिसेम्बर १०, २००४ मा इजरायलको जेरूसलम शहरमा कार्यालय रहेको न्यायिक प्रशिक्षणको लागि अन्तर्राष्ट्रिय संस्थाको सदस्यता प्राप्त गरेको छ । सदस्यता प्राप्त गरेपछि प्रतिष्ठानले उक्त अन्तर्राष्ट्रिय संस्थाबाट सदस्य राष्ट्रको हैसियतले सुविधा प्राप्त गर्न सक्नेछ ।

## २. ९ प्रतिष्ठानको जनशक्ति

प्रतिष्ठानले आफ्नो कार्यलाई सुचारू गर्नको निमित्त आवश्यक जनशक्ति पूरा गर्ने योजना गरेको छ । सोका लागि प्रतिष्ठानले कर्मचारीहरूको नियुक्ति, सेवा तथा शर्तहरूको व्यवस्था गर्नको लागि नियम बनाउने कार्य भइरहेको छ । भविष्यमा कर्मचारीहरूको नियुक्ति गरी प्रतिष्ठानलाई संस्थागत रूप दिन सहयोग गर्नेछ । प्रतिष्ठानको हाल मौजुदा जनशक्तिको विवरण परिशिष्ट १८ मा दिइएको छ ।

## २.१० बजेट तथा आर्थिक व्यवस्थापन

आर्थिक वर्ष २०६१-०६२ मा प्रतिष्ठानको कार्य सञ्चालनको लागि श्री ५ को सरकारबाट छब्बीस लाख रूपैया विनियोजन भएको थियो । राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट सञ्चालन भएका प्रशिक्षण कार्यक्रमहरूको निर्माण, संयोजन र सञ्चालन प्रतिष्ठानबाट भए पनि ती कार्यक्रम संचालनको खर्च परियोजना अन्तर्गत युनिक्वेष्ट प्रा.लि.बाट हुँदै आएको थियो । तसर्थ, आर्थिक वर्ष २०६१-०६२ मा रू. १६१२४७४।७७ मात्र खर्च भएको छ । प्रतिष्ठानलाई गाडी खरिदको लागि पैतीस लाख निकासा भएकोमा तीनवटा गाडी खरिद गरेको छ । प्रतिष्ठानको आर्थिक वर्ष २०६१/६२ को आय व्ययको विवरण परिशिष्ट १९ मा दिइएको छ । साथै राष्ट्रिय न्यायिक प्रतिष्ठानको अध्यादेश, २०६० परिशिष्ट २० मा दिइएको छ ।

३

# समस्या तथा समाधान

## ३.१ कार्यकक्ष

प्रतिष्ठानले आफ्नो कार्यारम्भ युनिक्वेष्ट प्रा. लि. लाई प्रदान गरेको सर्वोच्च अदालत एनेक्सको केही कोठाहरूबाट शुरू गरेको थियो । हाल पनि प्रतिष्ठानले सोही स्थानबाट काम गरिरहेको छ। प्रतिष्ठानको कार्यकक्ष ज्यादै अपर्याप्त छ। प्रतिष्ठानको भवन निर्माणको लागि श्री ५ को सरकारले मनमैजु बालाजुमा करीव चालीस रोपनी जग्गा सर्वोच्च अदालतको भोगाधिकारमा रहने गरी प्रदान गरेको थियो। भवन निर्माणको लागि ठेकेदार छनौटको प्रक्रियासम्म पुगिसकेकोमा उक्त कार्य रद्द भई बसेको छ । पहिलो प्रतिष्ठान परिषद्को बैठकले स्थायी भवन नबनेसम्म अन्तरिम भवन भाडामा लिनको लागि आवश्यक बजेट निकासा माग्ने भन्ने निर्णय गरेको थियो। सो हुन सकिरहेको छैन।

त्यसैगरी, तत्कालिक समस्या समाधानको प्रयोजनको लागि सर्वोच्च अदालत एनेक्स भवनको माथिल्लो तल्लामा भौतिक संरचना निर्माण गर्ने भन्ने निर्णय भएको थियो । तत्कालको समस्या समाधानको लागि उक्त संरचना निर्माण हुनुपर्ने देखिन्छ । तर प्रतिष्ठानको दीर्घकालीन समस्या समाधान र उद्देश्यलाई पूर्ति गर्न कार्यालय कक्षको अलावा कम्तिमा चारवटा प्रशिक्षण हलका साथै पुस्तकालय, पाउना घर, होस्टेल, कर्मचारी गृह, स्टोर कोठा, बैठक कोठाको साथै पर्याप्त पार्किङ सुविधा भएको भवन आवश्यक छ । तसर्थ, प्रतिष्ठानलाई संस्थागत रूप दिन भौतिक संरचनासहितको उल्लेखित कार्यालय भवन निर्माण गर्नु आवश्यक छ।

## ३.२ जनशक्ति विकास

प्रतिष्ठान स्थापना भएपछि प्रतिष्ठानलाई आवश्यक पर्ने जनशक्तिको व्यवस्था गर्ने क्रम अगाडि बढेको छ । अपर्याप्त जनशक्तिका कारण कर्मचारीहरूबीच कार्य बाँडफाँड गर्न असजिलो महसुस भएको छ । तसर्थ, पदपूर्ति गर्ने योजना बमोजिम विज्ञापन गरी कर्मचारी नियुक्त गर्नु आवश्यक महसुस भएको छ । विभिन्न कार्यालयहरूबाट काजमा उपलब्ध एवं करारमा नियुक्त पदाधिकारीहरूलाई Briefing एवं प्रतिष्ठान प्रवेश अभिमुखीकरण प्रशिक्षणको व्यवस्था हुन आवश्यक छ। कार्य प्रकृतिको हिसाबले नव नियुक्त कर्मचारीहरूले सुचारू रूपले काम गर्न सक्ने बनाउनको लागि सामान्य रूपमै भए पनि अभिमुखीकरण प्रशिक्षण आवश्यक हुन्छ । कर्मचारीहरूको थप ज्ञानको साथै क्षमता तथा दक्षता अभिवृद्धि गर्नको लागि स्वदेशमा राम्रो अध्ययन तथा प्रशिक्षण प्रदान गर्ने संस्था नभएकोले सो पूर्ति गर्नको लागि विदेशमा सम्बन्धित विषयको प्रशिक्षण तथा अध्ययनको अवसर प्रदान गर्नुपर्ने हुन्छ । तसर्थ, क्षमता एवं दक्षता अभिवृद्धिको लागि अध्ययन एवं प्रशिक्षण प्रदान गर्न वार्षिक बजेटको समेत व्यवस्था हुनु आवश्यक छ।

## ३.३ प्रशिक्षण विशेषज्ञता विकास (Faculty Development)

प्रतिष्ठानको उल्लेखित उद्देश्य पूरा गर्न यस प्रतिष्ठानका लागि आवश्यक प्रशिक्षकहरू व्यवस्था

गर्न आवश्यक छ । यसको लागि प्रशिक्षकहरूको विशेषज्ञता विकास गर्न निजहरूलाई स्वदेश एवं विदेशमा अध्ययन गर्ने अवसरहरू उपलब्ध गराउनुपर्दछ । प्रशिक्षकहरू प्रतिष्ठानको उद्देश्य पूर्तिको लागि प्रमुख भूमिका निभाउने पक्ष भएको हुनाले उनीहरूको क्षमता विकासले महत्वपूर्ण स्थान राख्दछ । प्रतिष्ठानले स्रोत व्यक्तिहरू चयन गरी वैदेशिक अध्ययन तथा प्रशिक्षणको लागि कार्यक्रम तर्जुमा गर्न आवश्यक छ । सो प्रयोजनको लागि प्रशिक्षकहरूलाई भारत तथा तेस्रो मुलुकमा शुरूमा कम्तिमा वार्षिक तीन जनाका दरले पाँच वर्षसम्म प्रति व्यक्ति एक देखि दुई वर्षको अध्ययनको अवसर प्रदान गर्नुपर्ने देखिन्छ । सो कार्यक्रमको लागि लाग्ने अनुमानित बजेट श्री ५ को सरकारबाट उपलब्ध हुन आवश्यक छ ।

न्यायिक निकायहरूले आफ्नो सेवालाई प्रभावकारी तुल्याउन एवं जनताप्रति समर्पित हुन त्यसमा कार्यरत जनशक्ति चुस्त र दुरूस्त रहन आवश्यक हुन्छ । न्यायिक निकायहरूको कार्य क्षमता, दक्षता एवं सीप विकास गर्नमा यस प्रतिष्ठानको अहम् भूमिका रहन्छ । न्यायिक क्षमता विकासमा यथेष्ठ योगदान पुऱ्याउन राष्ट्रिय न्यायिक प्रतिष्ठान अझ समृद्ध हुन आवश्यक छ । हाल प्रतिष्ठानसमक्ष रहेका मुलभूत समस्याहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छ । समस्या र तिनको समाधानका उपायहरूलाई संक्षेपमा देहायबमोजिम प्रस्तुत गरिएको छ ।

## ३.४ पुस्तकालय विकास

प्रतिष्ठान प्राज्ञिक प्रकृतिको संस्था भएकोले स्वभावैले स्तरीय पुस्तकालय आवश्यक पर्दछ । पुस्तकालयको लागि पुस्तक सङ्कलन एवं खरिद गर्ने कार्य भइरहेको छ । तर अझ यसलाई प्रभावकारी रूपमा अगाडि लान बजेट विनियोजन हुनुपर्ने आवश्यकता महसुस भएको छ । यसको सञ्चालन एवं व्यवस्थापन गर्न तत्सम्बन्धी विशेषज्ञ कर्मचारी व्यवस्था गर्नुपर्दछ । प्रतिष्ठान न्याय क्षेत्रका समग्र जनशक्तिलाई प्रशिक्षित गर्ने उद्देश्यले स्थापना भएको संस्था हुँदा प्रशिक्षणको लागि आवश्यक पाठ्यसामग्रीहरूको पर्याप्तता अनिवार्य हुन्छ । यसको लागि प्रतिष्ठानको पुस्तकालयलाई विस्तार गर्नुपर्ने हुँदा पुस्तकहरूको भण्डारको रूपमा रहेको केन्द्रीय कानून पुस्तकालयलाई यस प्रतिष्ठानकै पुस्तकालयको रूपमा समायोजन गर्नु उपयुक्त देखिन्छ ।

न्याय व्यवस्थाको विकासमा सूचना प्रणालीको महत्वपूर्ण भूमिका रहन्छ । तसर्थ, अध्यादेशमा उल्लेख भएअनुसार कानूनी सूचना केन्द्र (Legal Information Center) को रूपमा विकास तथा विस्तार गर्नु आवश्यक छ । प्रतिष्ठानमा सञ्चालन गरिएका प्रशिक्षण कार्यक्रममा उपलब्ध पाठ्यसामग्रीहरू व्यवस्थित गरी इच्छुक पाठकहरूलाई उपलब्ध गराउने व्यवस्था गर्ने पुस्तकालय विकास गर्नुपर्ने हुन्छ । सो कार्यक्रमको लागि लाग्ने बजेट श्री ५ को सरकारबाट उपलब्ध हुनु आवश्यक छ ।

## ३.५ आर्थिक समस्या

प्रतिष्ठानले श्री ५ को सरकारबाट प्राप्त अनुदान एवं विभिन्न अन्तर्राष्ट्रिय दातृ संस्थाहरूबाट प्राप्त सहयोग एवं सहकार्यबाट कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । प्रतिष्ठान न्याय क्षेत्रका पदाधिकारी एवं कर्मचारीका साथै समुच्च न्याय व्यवस्थाकै सुधारको निमित्त स्थापना भएको संस्था हो । तसर्थ यसको स्थायित्व कायम गर्नको लागि बजेट विनियोजन गर्दा अनुदान शीर्षकमा भन्दा नियमित शीर्षक अन्तर्गत गर्नु उपयुक्त हुन्छ । आगामी आर्थिक वर्षमा प्रतिष्ठानको काम कारवाही एवं जिम्मेवारी वृद्धि भएको अवस्थालाई समेत समेटि उल्लेखित विभिन्न

शीर्षकको लागि बजेट विनियोजन हुनुपर्दछ । प्रतिष्ठान अध्यादेश अन्तर्गत स्वायत्त निकायको रूपमा स्थापित संस्था भएकोले यसलाई विनियोजन हुने बजेट कानूनअन्तर्गत संस्थापन भएको अन्य निकायहरूलाई भए जस्तै विनियोजित हुनुपर्दछ ।

## ३.६ भौतिक सुविधा र उपकरण

वर्तमान सूचना र सञ्चारको युगमा कार्यालय सञ्चालनको लागि सवारी साधन, टेबुल,कुर्सी, फाइलिङ्ग दराज, कम्प्युटर, टेलिफोन, फोटोकपी मेसिन, इमेल इन्टरनेट आदि सुविधाहरू न्यूनतम रूपले आवश्यकता पर्दछ । प्रतिष्ठान अनुसन्धानमूलक एवं प्राज्ञिक प्रकृतिको संस्था भएकोले सूचना एवं आधुनिक कम्प्युटर प्रविधि एवं सञ्चार माध्यमसँग दैनिक पहुँच हुनुपर्दछ । अतः प्रत्येक कर्मचारीहरूलाई इ–मेल इन्टरनेट सुविधाको कम्प्युटर उपलब्ध हुनु आवश्यक छ । साथै प्रशिक्षणको लागि आवश्यक पर्ने प्रोजेक्टर, प्रशिक्षण साधन, टेलिभिजन, डेक, ओ.एच.पी., स्क्यानरजस्ता साधनहरू उत्तिकै आवश्यक हुन्छ । त्यसका अतिरिक्त प्रतिष्ठानको कार्यलाई चुस्त र प्रभावकारी बनाउन गाडी एवं मोटर साइकल जस्ता सवारी साधन र कार्यालयका लागि आवश्यक पर्ने फर्निचर सुविधाहरूको आवश्यकता पूर्ति पनि त्यत्तिकै आवश्यक छ ।

## ३.७ प्रकाशनमा विस्तार

प्रतिष्ठान न्याय क्षेत्रको राष्ट्रिय स्तरको एक प्राज्ञिक एवं अनुसन्धानमूलक संस्था भएकोले अनुसन्धान प्रतिवेदन एवं प्रशिक्षण सामग्रीहरूको प्रकाशन आवश्यक छ । अहिलेसम्म प्रतिष्ठानले प्रशिक्षण सामग्रीहरूको प्रकाशन आरम्भ गरेको छैन । स्रोत व्यक्तिहरूले अनुसन्धानमूलक रूपबाट तयार गरेको कार्यपत्रहरूलाई प्रकाशन गर्ने प्रतिष्ठानले योजना बनाएको छ । साथै प्रतिष्ठान गतिविधि एवं यसले हासिल गरेको उपलब्धिहरूलाई समयसमयमा गरिने प्रकाशनले आफ्नै स्थान राख्दछ । अतः उल्लेखित प्रकृतिको प्रकाशन गर्नको लागि प्रतिष्ठानलाई आवश्यक बजेट विनियोजन आवश्यक छ ।

## ३.८ सेवागत सुविधा

प्रतिष्ठानको कार्य अन्य न्याय क्षेत्रको भन्दा फरक प्रकृतिको छ । त्यसमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरूले लगातार अध्ययन गर्नुपर्ने आवश्यकता रहन्छ । पुस्तक, पत्रपत्रिका एवं सूचना प्रविधिको निरन्तर प्रयोग गर्नुपर्ने हुँदा उनीहरूको काम बौद्धिक प्रकृतिको हुन्छ । कर्मचारीहरू न्यायिक अध्ययन एवं अनुसन्धानमा व्यस्त रहनुपर्ने हुँदा अतिरिक्त सुविधाको व्यवस्था गर्नु आवश्यक छ । तसर्थ प्रतिष्ठानमा कार्यरत जनशक्तिलाई उनीहरूले पाई आएको तलबको थप पचास प्रतिशत सुविधाको व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

## ३.९ विविध

प्रतिष्ठानले आफ्नो उद्देश्य पूरा गर्न भविष्यमा गर्नुपर्ने कार्यलाई योजनाबद्ध रूपमा अगाडि बढ्नु आवश्यक छ । प्रतिष्ठानको कार्यक्रमलाई प्रभावकारी बनाउन रणनीतिक योजनाले महत्वपूर्ण स्थान राख्दछ । तसर्थ प्रतिष्ठानको रणनीतिक योजना बन्नु आवश्यक देखिन्छ । यसैगरी, प्रशिक्षण दिने प्रतिष्ठानको प्रमुख उद्देश्य भएकोले प्रशिक्षण नीतिको निर्माणले न्यायिक प्रशिक्षणको संस्थागत विकासमा सहयोग पुग्नेछ । प्रतिष्ठान न्याय क्षेत्रमा प्रशिक्षण तथा अनुसन्धान गर्ने राष्ट्रिय संस्था भएकोले प्रशिक्षण नीतिलाई न्यायिक प्रशिक्षणको मार्गदर्शक नीतिको रूपमा विकास गर्नुपर्ने देखिन्छ ।

# परिशिष्ट १

# सम्माननीय प्रधानन्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठद्वारा प्रतिष्ठान परिषद्को पहिलो बैठकमा

# व्यक्त मन्तव्य

राष्ट्रिय न्यायिक प्रतिष्ठान परिषद्को प्रथम बैठकमा अध्यक्षको हैसियतले म यहाँहरू सबैलाई स्वागत गर्दछु । राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीहरूको कार्य क्षमता  र व्यावसायिक दक्षता अभिवृद्धि गर्ने, कानून तथा न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यबाट भएको कुराको विद्वत वर्गलाई अवगत नै छ । धेरै समयको प्रतिक्षापछि न्यायिक प्रतिष्ठानले अब आफ्नो कार्य सुरू गर्न थालेको छ । माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ कार्यकारी निर्देशक पदमा नियुक्ति भएपछि एउटा सानो न्यायाधीशहरूको समूहलाई प्रतिष्ठानको काम गर्नको लागि खटाइएको छ । यसबाट न्यायिक शिक्षाको थालनी संस्थागत रूपमा हुन सक्ने परिस्थितिको सृजना भएको छ ।

न्यायिक प्रशिक्षण हाम्रो लागि नौलो विधा भएको छ । मैले न्यायाधीशको रूपमा प्रवेश गरेको समयमा न्यायाधीशलाई तालिम दिने कुरा सोचिएको पनि थिएन र कार्यक्रम पनि थिएन । तर आज विश्वभरि नै न्यायपालिकाले आफूलाई नयाँ ज्ञान शीप र प्रविधिसँग परिचित बनाई अद्यावधिक बनाउने र सामाजिक उत्तरदायित्वको बृहत्तर खाकाभित्र आफ्नो सेवा समर्पित गर्ने हिसाबले विगत चार पाँच दशकदेखि अमेरिका युरोपजस्ता मुलुकहरूमा न्यायकर्मीहरूलाई पनि निरन्तर कानूनी शिक्षाको अङ्गको रूपमा प्रशिक्षण अवसर दिइनुपर्छ भन्ने सोचले मान्यता पाएर न्यायिक प्रशिक्षण न्यायिक सुधारको अभिन्न अङ्गको रूपमा संस्थागत भइसकेको पाइन्छ ।

न्यायिक प्रशिषणको हामीसँग यद्यपि लामो अनुभव छैन, तर प्रशिक्षण प्रतिष्ठानको संरचना र यसका स्वरूपहरूबारे हाम्रा धारणा स्पष्ट छन् । सर्वोच्च अदालतको पूर्ण बैठकले अन्य प्रजातान्त्रिक मुलुकमा जस्तै नेपालमा पनि न्यायिक प्रतिष्ठानको स्थापना न्यायपालिकाकै संरक्षण र निर्देशनमा गरिनुपर्ने र त्यसको नेतृत्व र जवाफदेही न्यायाधीशहरूले नै लिनुपर्ने भन्ने नीति तय गरेबमोजिम प्रतिष्ठानको अध्यादेश जारी भई न्यायाधीशहहलाई नै त्यसको जिम्मेवारी सुम्पिएको हो । न्यायपालिकाको सुधार राष्ट्रिय सरोकारको विषय हो । उपेक्षित जनताको न्यायसम्मको पहुँच बढाउने, अदालतको व्यवस्थापन प्रणालीलाई सुधार गर्ने र व्यावहारिक रूपमै विश्वासिलो न्याय व्यवस्थाको विकास गर्दै कानूनको शासनलाई व्यवहारमा उतार्ने कार्यहरू संस्थागत रूपमा न्यायिक प्रशिक्षण र अनुसन्धानमार्फत प्राप्त गर्न सक्छन् भने राष्ट्रिय सरोकारका यी सवालहरूमा न्यायाधीशहरूको सेवा नलिने प्रश्नै उठ्दैन ।

हामीकहाँ ढिलो गरी पनि अहिले यस न्यायिक प्रशिक्षण प्रतिष्ठानको स्थापना भई आज हामी परिषद्को पहिलो बैठकमा जुटेका छौं । न्यायिक प्रशिक्षण न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षतामा आँच आउन नदिई आफूसँग अपेक्षित सेवा गरे अनुरूप समर्पण गर्न सक्षम बनाउन दिइने प्रशिक्षण हो भन्ने कुरामा स्पष्ट हुनु जरूरी छ । यस प्रतिष्ठानले न्यायाधीश र न्याय प्रशासनसँग सम्बद्ध अधिकृतहरूको अतिरिक्त सरकारी वकील, कानून व्यवसायी र कानून अधिकृतहरूलाई समेत प्रशिक्षण सेवा दिने कानूनी उद्देश्य भएअनुरूप यस प्रतिष्ठानको कर्मक्षेत्र समग्र न्याय प्रणालीका अवयवहरूलाई विस्तारित गर्ने लक्ष्य रहेको कुरा पनि यहाँहरूलाई विदितै छ ।

खास गरेर न्यायाधीशहरूको कामको प्रकृतिले गर्दा अन्य पेशा वा वर्गका व्यक्तिहरूसँगको सम्बन्ध सीमित किसिमको हुने र उनीहरूको प्रशिक्षणको सीमा र प्रक्रियामा पनि त्यसको कुनै न कुनै हदसम्म प्रभावित हुने हुनाले न्यायपालिकाको आफ्नो पहल र नेतृत्वमा यस किसिमको प्रशिक्षण व्यवस्थापन गर्ने गरेको धेरै जसो विकसित मुलुकहरूको प्रयोग र परम्परा रहेको समेत देखिन्छ । न्यायिक सोच, प्रवृत्ति, आचरण शीप र दैनिक रूपमा उपस्थित समस्या समाधान गर्ने व्यावहारिक उपाय पत्ता लगाउने आदि विविध विशिष्ट न्यायिक अनुभवको विषयहरूमा विश्व विद्यालयको शिक्षा उपागमबाट सम्बोधन हुन गाह्रो हुने हुनाले नै विशिष्ट प्रकृतिको न्यायिक प्रशिक्षण कार्यक्रम  सञ्चालनको आवश्यकता अनुभव भएबाट यस संरचना खडा भएको छ ।

हाम्रो कानून प्रणाली समग्रमा व्यापक पुनरावलोकनको प्रक्रियामा छ । कानूनहरूको पुनर्लेखन, कार्यान्वयनको चुस्तता, न्यायिक व्यवस्थापनमा सुधार, कानून व्यवसायी, न्यायाधीश न्याय प्रशासक र कानून अधिकृतहरूमाझ आफ्नो दायित्वलाई शीपमूलक ढङ्गले सम्पादन गर्ने, क्षमता अभिवृद्धि गर्ने, आफूले दिनुपर्ने सेवा स्तरीय, भरपर्दो, उचित र जनताको पहुँच र आवश्यकता अनुकुल बनाउन स्वभावत परिवर्तन (Attitudional Change) का लागि तयार रहने प्रवत्तिको समावृष्टि आजको हाम्रो आवश्यकता हो ।

यस्तो व्यापक र गम्भीर चुनौतिहरूको माझमा न्यायपालिका र कानून प्रणालीले आफ्नो उपादेयता प्रमाणित गर्ने यो एतिहासिक मोडमा हामी आइपुगेका छौ । त्यसैले हामीले गर्नुपर्ने कुरा कुनै एक सूत्र वा आयमा सीमित छैनन् । हामीले रणनीतिक हिसावले हाम्रो संभावनाहरूको पहिचान गर्ने र परिवर्तनलाई सही अर्थमा हासिल गर्ने जमर्को नगरी भएको छैन । यही तथ्यलाई हृदयङ्गम गर्दै सर्वोच्च अदालतले पाँच वर्षीय रणनीतिक सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याएको कुरा यहाँहरूलाई विदितै छ । पञ्चवर्षीय रणनीति योजनामा लक्षित न्यायिक सुधार, जनशक्तिको दक्षता एवं क्षमता अभिवृद्धि लगायतका सुधारको बृहद परिवेशभित्र न्यायिक प्रशिक्षणको पनि महत्वपूर्ण योगदान रहने कुरामा कसैको दुईमत नहोला ।

**परिषद्का सदस्यहरू,**

प्रतिष्ठानको अध्यादेश जारी भएको लामो अवधिसम्म पनि विविध अवस्था र कारणहरूबाट प्रतिष्ठान परिषद्को बैठक बोलाउन ढिलाई भए पनि अहिले बैठक हुन गइरहेको छ । यो पहिलो बैठक भएकोले यसले

परिषद्को सम्बन्धमा दुरगामी प्रभाव पार्ने आधारभूत कुराको व्यवस्थापन गर्नुपर्ने हुँदा यसको आफैमा ठूलो महत्व छ। कार्यसूचीमा लेखिए झैं सङ्गठन, दरवन्दी, बजेट, नियमावली आदि कुराहरू प्रतिष्ठानको कार्य सञ्चालनको दृष्टिले महत्वपूर्ण हुँदा कार्य सूचीमा परेका कुराहरूमा गम्भीर छलफल आवश्यक देखिएको छ। प्रतिष्ठानको घोषित लक्ष्य र उद्देश्य प्राप्ति व्यवस्थित स्तरीय र उद्देश्यअनुरूप बनाउन निश्चित कार्ययोजना, रणनीतसमेतको मार्गदर्शन गर्नुपर्ने विशिष्ट अभिभारा परिषद् बैठकले बहन गर्नुपर्ने छ भन्नु अत्यक्ति हुने छैन। यस परिषद बैठकको निर्णयको जगमा नै परिषदका आगामी क्रियाकलाप निर्देशित हुने हुनाले यस परिषद्का सम्पूर्ण सदस्य एवं पदाधिकारीज्यूहरूमा अझ जिम्मेवारी थपिएको छ भन्ने मलाई लाग्दछ। हाम्रो यस सामूहिक प्रतिबद्धताले प्रतिष्ठानलाई आगामी दिनमा कार्यसञ्चालन गर्न अझ बढी हौसला प्रदान गर्नेछ भन्ने कुरामा म विश्वस्त छु।

अन्त्यमा आफ्नो जिम्मेवारी इमान्दारी र निष्ठापूर्वक निर्वाह गर्न कार्यकारी परिषद्, कार्यकारी निर्देशक र उहाँको समूहलाई शुभकामना दिँदै बैठकको कार्यसूची बमोजिम छलफलका लागि प्रस्ताव गर्दछु।

# परिशिष्ट २

## प्रतिष्ठान परिषद्को पहिलो बैठकमा प्रतिष्ठानका कार्यकारी निर्देशक एवं न्यायाधीश कल्याण श्रेष्ठद्वारा व्यक्त स्वागत मन्तव्य

राष्ट्रिय न्यायिक प्रतिष्ठान अध्यादेश, २०६० बमोजिम गठित यस राष्ट्रिय न्यायिक प्रतिष्ठानको न्यायिक प्रतिष्ठान परिषद्को यस पहिलो बैठकमा समुपस्थित हुनु भएका परिषद्का अध्यक्ष एवं सम्माननीय प्रधानन्यायाधीशज्यू, माननीय कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रीज्यू, सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरू, सम्माननीय महान्यायाधीवक्ता ज्यू लगायत सदस्यज्यूहरू र उपस्थित पर्यवेक्षकज्यूहरूको हार्दिक स्वागत गर्दछु ।

राष्ट्रिय न्यायिक प्रतिष्ठान अध्यादेश जारी भएको करीव ६ महिना व्यथित हुन लागेको छ । अध्यादेशबमोजिम तत्कालै यस्तो बैठक बोलाउनुपर्ने स्थिति भए पनि नियुक्ति लगायतका कतिपय कारणले सो हुन नसकिरहेको परिस्थितिमा गत हप्ता प्रतिष्ठानको कार्यकारी निर्देशकमा मलाई गरिएको नियुक्ति पश्चात् छोटो समयको तयारीमा यो प्रथम बैठकको आयोजना गरिएको कुरा विनम्रतापूर्वक अनुरोध गर्दछु । आज यस घडीमा मैले स्वागतका दुई शब्दहरू व्यक्त गरिरहँदा प्रतिष्ठानमा न्यायाधीशको नियुक्तिको औचित्य सम्बन्धमा छापामा फैलाएको सनसनी र भ्रमको पृष्ठभूमि पनि छ भन्ने कुरा यहाँहरूसमक्ष अनुरोध गर्दछु ।

न्यायिक प्रतिष्ठानको कार्यक्रमहरूमध्ये न्यायाधीशको प्रशिक्षण कार्यक्रमको विशिष्ट स्वरूप हुन्छ । न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता र सक्षमता जस्ता विशेषताहरूको सन्तुलित संयोजन गरी जनआकांक्षा र जनताको आवश्यकताअनुकुल गुणस्तरयुक्त सेवा प्रदान गर्न सक्षम अवस्थामा न्यायपालिकालाई पुर्‍याउनु आजको हाम्रो चुनौति हो । विश्वविद्यालय शिक्षा पछि न्याय सेवाको अधिकृतको रूपमा वा कानून व्यवसायीको रूपमा आफ्नो पेशागत जीवन शुरू गर्दै वर्षौपछि न्यायाधी्शको पदमा नियुक्ति हुँदा विश्वविद्यालय शिक्षाबाट धेरै टाढा पुगी सकेको हुन्छ । न्यायाधीशको रूपमा भएको नियुक्तिपश्चात् पद अनुकूलको सबै गुणहरू र शीपहरूयुक्त सेवा दिन लामो संक्रमण पार गर्नुपर्ने हुन्छ । साँच्चै भन्ने हो भने एउटा सक्षम न्यायाधीश हुन उसले निरन्तर कानूनी शिक्षाको संक्रमण गुजारी रहनुपर्ने हुन्छ, अन्यथा उसको सेवा जनताको आवश्यकता र समयको माग अनुसार नहुन सक्तछ, शीपको अभावले ऊ कम निपुण र कालरोहित हुन सक्दछ । न्यायाधीशले जान्नुपर्ने केही बाँकी हुँदैन, न्यायाधशिको नियुक्तिसँगै स्वतन्त्रता, निष्पक्षता र सक्षमता जस्ता कुराहरू स्वतःस्फूर्त रूपमा प्राप्त हुन्छन् भन्नु मिथ्या हो । जनताको विवादहरू औपचारिक रूपले टुङ्ग्याउन अदालतसम्म आउनुपर्ने हुन्छ, कानूनबमोजिम निर्धारित तहअनुसार न्यायिक निर्णयहरू अन्तिम पनि हुँदै गर्छन् । तर अन्तिम निर्णयहरू त्रुटिरहित छन् वा हुन्छन् भनी विश्वास गर्ने भरपर्दो आधार सँधै विद्यमान नहुन सक्तछ । हामीले त्रुटि नै नगर्ने भएकोले हाम्रा निर्णयहरू अन्तिम हुने व्यवस्था

गरिएका होइनन्, बरू हाम्रा निर्णयहरू अन्तिम हुने व्यवस्थाले गर्दा मात्रै हाम्रा निर्णयहरू त्रुटिविहीन मानिन्छन् भनी अमेरिकी सर्वोच्च अदालतका न्यायाधीश रोवर्ट ज्यानक्सनले व्यक्त गर्नुभएको उद्‍गार यहाँनेर स्मरणीय छ।

प्रशिक्षण कार्यक्रमहरूमध्ये खासगरी न्यायाधीशको प्रशिक्षण विशेष प्रकृतिको र जटिल किसिमको हुने गर्दछ। जोकोहीबाट वा जहाँकही न्यायाधीशहरू प्रशिक्षित हुन जान नसक्ने व्यावसायिक सीमाहरू छन्। प्रशिक्षणहरू यसको आवश्यकताअनुकूल होस्, यसले व्यहोरेको समस्यको निराकरणको लागि सघाउ पुग्ने खालको होस्, प्रशिक्षणबाट सहभागी न्यायाधीशहरू परिवर्तनका मागहरूलाई आत्मसात् गर्नेतर्फ अभिमुख होउन् र स्तरीय सेवा दिन चाहिने शीपहरूले युक्त प्रशिक्षण कार्यक्रमहरू सञ्चालित होस् भन्ने अपेक्षाहरूलाई सम्बोधन गर्न न्यायपालिकाले आफ्नै नेतृत्व र जवाफदेहीमा न्यायिक शिक्षणको कार्यक्रम सञ्चालन गर्नुपर्छ भन्ने मान्यता व्यापक विकास भएको हो। अहिलेको न्यायपालिकाले राज्य शक्तिको प्रतिनिधिको रूपमा भन्दा जनताको सेवामा तल्लीन सेवकको रूपमा प्रस्तुत हुनु परेको छ। न्यायपालिकाको यो संचेतना र सरोकार आफ्नो धर्मअनुकूल छ। न्यायपालिकाको यो कोशिसलाई न्यायिक स्वावलम्बनको दृष्टिले पनि हेर्न सकिन्छ। यस्तो वैध चाहनासहित स्थापित यो प्रतिष्ठानको क्रियाकलापमा न्यायाधीशहरूको संलग्नताबाहेक गर्ने हो भने यो प्रतिष्ठान न्यायिक प्रतिष्ठान नै हुन सक्दैन, यस्तो परिस्थिति सिर्जना गर्नु न्यायपालिकालाई न्यायपालिकाको रूपमा सबल भूमिका गर्न नदिने सोच हो भन्ने मेरो मान्यता छ। विश्व विद्यालयको कानून शिक्षा जस्तोसुकै स्तरीय भए पनि र कानूनको विद्यार्थी जति नै प्रभावशाली भए पनि व्यावसायिक जीवनमा प्रवेश गरेपछि कामको प्रकृति र समय समयमा विकसित हुने सबै परिस्थितिसँग निपट्न विश्वविद्यालयमा छँदाको शिक्षा पर्याप्त हुँदैनन्। त्यसैले यस किसिमको प्रतिष्ठानबाट व्यावसायिक प्रशिक्षण र अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्नु आवश्यक हुन्छ। विश्वविद्यालय शिक्षा र व्यावसायिक प्रशिक्षणको आ-आफ्नो विशेषता हुन्छन् र तिनीहरूको आ-आफ्नो प्रयोजन छ भन्ने कुरा यहाँनेर मननीय छ।

यस पृष्ठभूमिमा न्याय क्षेत्रका सबै सरोकार समुदायको प्रतिनिधित्व भएको यो विद्वत परिषद्‌ले विद्यमान परिस्थितिमा प्रतिष्ठानको काममा न्यायाधीशको संलग्नताको औचित्य सम्बन्धमा हामीबीच अझै पनि विवाद छन् भने त्यसमा छलफल हुनुपर्छ र कुनै ठोस नीति अवलम्बन गर्नु जरूरी भए सो गर्नुपर्छ, अन्यथा विभाजित मानसिकता साथ न्यायाधीशलाई काममा लगाउनु हुँदैन भन्ने मेरो मान्यता छ।

**प्रतिष्ठान परिषद्‌का सम्मानित सदस्यहरू,**

एक्काइसौ शताब्दीको न्यायिक प्रशिक्षण अदालती कार्यविधि र कानूनको एकांगी अध्ययनमा सीमित हुन सक्दैन। कानूनको सामाजिक प्रभाव र समाज र कानूनबीचको सम्बन्धहरूलाई अनुसन्धानको माध्यमद्वारा हेर्ने र प्रशिक्षणको माध्यमहद्वारा त्यसलाई सम्बोधन गर्नुपर्ने हुन्छ। अनुसन्धानबाट समर्थित नभएको विषयमा जतिसुकै राम्रो व्याख्यान दिए पनि त्यो प्रभावकारी र उपयोगी नहुन सक्तछ। माथिल्लो शैक्षिक योग्यता, लामो अनुभव र व्यावसायिक नेतृत्व हासिल गरेको न्यायिक एवं कानूनी वर्गलाई अव परम्परागत अभिभाषणबाट प्रशिक्षण दिनु उपयुक्त मानिन छाडेको छ। उनीहरूको अनुभव र ज्ञानको सम्मान गरी

उनीहरूकै सहभागितामा प्रशिक्षण कार्यक्रम अघि बढाउनुपर्ने छ। त्यसैले प्रशिक्षण विधि, सामग्री र अनुसन्धानको पुटद्वारा यस प्रतिष्ठानले आफ्नो कार्यक्रम अघि बढाउनुपर्ने हुन्छ, जुन निश्चित रूपले हाम्रो लागि चुनौतिको विषय बनेको छ। विद्यमान संरचनामा हामीहरूसँग बनी बनाउ स्रोत समुह (Faculty Group) छैन। त्यसैले मानव संशाधन, स्रोत र पूर्वाधार विकास, पुस्तकालय व्यवस्था, कार्यक्रम विस्तार आदि विविध पक्षहरूमा दीर्घकालीन रणनीतिक योजना गर्नुपर्ने विन्दुमा छौं। यी सबै कार्य निरापद छैनन्। अनुकुल वातावरण, वृत्ति विकास, बजेट, सहकारी संजाल निर्माण आदि पक्षहरू विशेष चुनौतिको रूपमा देखा परेको छ।

यी सबै कुरा निपट्न यस विद्वत परिषद्ले कार्यकारी समिति र प्रतिष्ठानको व्यवस्थापनलाई प्रशस्त मार्ग निर्देशन दिनुपर्ने छ। कार्यकारी निर्देशक र उसको सानो टोलीले मात्रै यो अप्ठेरोहरू पार गर्न सक्ने अवस्था छैन। बृहत सहकारिताको आधारमा मात्रै प्रतिष्ठानको प्रयासहरूलाई संस्थागत गर्न सकिने छन्। यसलाई हृदयङ्गम गरेर कसरी यो संस्थागत र दीगो र उद्देश्यमूलक ढङ्गले संस्थागत रूपमा विकसित गराउन सकिन्छ भन्ने सम्बन्धमा यहाँ हुने छलफल र निर्णय दुरगामी महत्वको हुनेछ भन्ने आशा एवं विश्वास गरेको छु।

अन्तमा, आफ्नो व्यस्त कार्यक्रमको बाबजूद यो प्रतिष्ठान परिषद्को बैठकमा उपस्थित भई दिनु भएकोमा सम्माननीय प्रधानन्यायाधीशज्यू, माननीय मन्त्रीज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरू, सम्माननीय महान्यायाधीवक्ताज्यू, प्राध्यापकज्यूहरू, नेपाल बार एशोसिएसनका अध्यक्षज्यू, अन्य अदालतका माननीय न्यायाधीशज्यूहरूका साथै पर्यवेक्षकको रूपमा उपस्थित विशिष्ट पदाधिकारीज्यूहरूमा पुनः स्वागत गर्दै विदा हुन्छु।
धन्यवाद।

# परिशिष्ट - ३

## मिति २०६१ साल भाद्र ३१ गते बसेको न्यायिक प्रतिष्ठान परिषद्को पहिलो बैठकले पारित गरेका विषयहरू

| सि.नं. | विषय | पारित प्रस्ताव |
|---|---|---|
| १. | बजेट बाँडफाँड | चालु आवको लागि विनियोजित बजेट कार्यकारी समितिले प्रस्ताव गरे बमोजिम बाँडफाँड गर्ने । |
| २. | नियमावली | ❋ प्रतिष्ठानको आर्थिक नियमावली पारित भएपछि सोही बमोजिम हुने भएकोले नियमावली पारित नभएसम्म श्री ५ को सरकारको हकमा लागू रहेको आर्थिक ऐन नियम बमोजिम आर्थिक कार्य सञ्चालन गर्ने ।<br>❋ प्रतिष्ठानको दैनिक कार्य सञ्चालनको लागि प्रस्तावित नियमावलीहरूको मस्यौदा समितिबाट परिमार्जन गरी स्वीकृतिको लागि परिषद्को आगामी बैठकको लागि पेश गर्ने । |
| ३ | विदा | ❋ प्रतिष्ठानको सार्वजनिक विदा अदालतसरह गर्ने<br>❋ नियमद्वारा व्यवस्था नभएसम्म अरू कर्मचारी तथा पदाधिकारीको हकमा कार्यकारी निर्देशकले र कार्यकारी निर्देशकको हकमा प्रतिष्ठान परिषद्का अध्यक्षले विदा स्वीकृत गर्ने व्यवस्था गर्ने । |
| ४ | दरबन्दी | ❋ प्रस्तावित सङ्गठन तालिकाबमोजिमको दरबन्दी स्वीकृत गर्ने ।<br>❋ तालिकामा नपरेका सुरक्षकर्मी, स्वच्छकर्मी, मर्मत संभारकर्मीहरूको सेवा आवश्यकताअनुसार करारमा लिने । |
| ५ | पदपूर्ति | ❋ सङ्गठन तालिका बमोजिम प्रथम चरणमा प्रस्तावित पदहरू तत्काललाई विभिन्न अदालत र कार्यालयबाट काजमा ल्याई आपूर्ति गर्ने ।<br>❋ काजमा झिकाई पदपूर्ति गर्न अनुकुल वा उपयुक्त नहुने पदहरू करारमा नियुक्त गरी पूर्ति गर्ने ।<br>❋ करारका शर्तहरू समितिले निर्धारण गरे बमोजिम हुने । |

| सि.नं. | विषय | पारित प्रस्ताव |
|---|---|---|
| ६ | थप बजेट निकासा | ⁕ चालु आव २०६१/६२ मा प्रतिष्ठानको लागि विनियोजित बजेटमा पूँजीगत खर्चतर्फ सवारी साधन खरिदमा मात्र रकम स्वीकृत भएको, अन्य पूँजीगत खर्चको लागि रकम समावेश नभएको र नयाँ स्थापना भएको प्रतिष्ठानको दैनिक कार्य सञ्चालनको लागि फर्निचर मेसिनरी औजारमा रकम निकासा अनिवार्य भएकोले<br>६.०१ फर्निचरमा रू. ५,००,०००।-<br>६.०३ मेसिनरी औजारमा रू. ५,००,०००।-<br>⁕ जम्मा रू. १०,००,०००।- (दश लाख रूपैयाँ) श्री ५ को सरकारसँग थप निकासा माग गर्ने । |
| ७ | प्रशिक्षण कार्यक्रम | ⁕ राष्ट्रिय न्यायिक प्रतिष्ठान आयोजना अन्तर्गत प्रस्तावित कार्यक्रमहरू समितिको निर्देशनको अधीनमा रही कार्यकारी निर्देशकले UniQuest Pty Ltd. सँग सहकार्य गर्ने गरी सञ्चालन गर्ने ।<br>⁕ सो बाहेक समसामयिक विषयहरूमा आवश्यकता अनुसारको प्रशिक्षण, गोष्ठी, सेमिनार, अन्तर्क्रिया, प्रवचन जस्ता कार्यक्रम समितिको सामान्य निर्देशनमा रही सञ्चालन गर्ने ।<br>⁕ त्यस्तो समसामयिक विषयहरूमा प्रतिष्ठानको उद्देश्य प्रतिकुल नहुने गरी कुनै कार्यक्रम सञ्चालन गर्न कुनै दातृ राष्ट्र, अन्तर्राष्ट्रिय संस्था वा गैरसरकारी संस्थासँग सम्झौता गरी सहकार्य गर्न सक्ने ।<br>⁕ कुनै दातृ संस्था वा निकायसँग सहकार्य गरी प्रतिष्ठानले कुनै कार्यक्रम सञ्चालन गर्दाको खर्च यथासक्य त्यस्तो संस्था वा निकायबाटै व्यहोर्ने गरी गर्ने । |
| ८ | न्यायिक प्रशिक्षण नीति | सरकारी गैरसरकारी वा अन्तर्राष्ट्रिय दातृ संस्थाको सहयोगमा न्याय क्षेत्रमा प्रदान गरिने प्रशिक्षण कार्यक्रम प्रतिष्ठानको प्रशिक्षण नीति र कार्यक्रमको बृहत दायराभित्र समायोजन गरी सञ्चालन गर्ने नीति अवलम्बन गर्न सम्मानित सर्वोच्च अदालत र सम्बद्ध अन्य निकायहरूलाई अनुरोध गर्ने । |
| ९ | प्रतिष्ठान कोषमा रकम जम्मा गर्ने | कुनै दातृ संस्था वा निकायसँग सहकार्य गरी सञ्चालन गरिने कुनै कार्यक्रममा प्रतिष्ठानको सेवा र सुविधा प्रयोग गरे बापत त्यस्तो कार्यक्रम सञ्चालनको कुल खर्चको कम्तिमा १० प्रतिशत रकम प्रतिष्ठानको कोषमा जम्मा गर्ने नीति अवलम्बन गर्ने । |

| सि.नं. | विषय | पारित प्रस्ताव |
|---|---|---|
| १० | अतिरिक्त सेवा बापतको सुविधा | आयोजना अन्तर्गत पूर्व स्वीकृत र प्रतिष्ठान आफ्नै तर्फबाट तर्जुमा भएको कार्यक्रमबाहेक अन्य संस्थासँग सहकार्य गर्ने गरी सञ्चालन हुने अतिरिक्त कार्यक्रममा प्रतिष्ठानका प्रशिक्षकहरूले दिएको अतिरिक्त समय र सेवाको लागि सम्झौता बमोजिम कुनै आर्थिक सुविधा उपलब्ध हुने भएमा त्यस्तो सुविधा वा लाभको कम्तिमा १० प्रतिशत रकम कट्टा गरी प्रतिष्ठान कोषमा जम्मा गर्ने नीति अवलम्बन गर्ने । |
| ११ | प्रतिष्ठानको रणनीतिक योजना तर्जुमा | प्रतिष्ठानको उद्देश्य हासिल गर्न कार्यकारी निर्देशकले समितिको निर्देशनको अधीनमा रही प्रतिष्ठानको प्रशिक्षण र अनुसन्धान नीति तथा निम्न विषयहरूमा एउटा रणनीतिक योजना तयार गरी परिषद्समक्ष पेश गर्ने:<br>❋ प्रतिष्ठानको जनशक्ति विकास<br>❋ पुस्तकालय व्यवस्था<br>❋ पाठ्यक्रम तथा प्रकाशन सामग्री<br>❋ सरोकारवाला निकायसँग समन्वय र सञ्जाल स्थापना<br>न्यायिक प्रशिक्षणमा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्ठानहरूसँगको सम्पर्क र सहकार्य । |
| १२ | प्रतिष्ठानको मुकाम र स्थान | प्रतिष्ठानको सञ्चालन हाल सर्वोच्च अदालत एनेक्समा प्रतिष्ठान आयोजनालाई उपलब्ध गराइएको कोठाबाट प्रारम्भ भएकोमा हाल उपलब्ध भएको स्थान प्रतिष्ठानको निर्धारित कार्यक्रम सञ्चालनको लागि अपर्याप्त रहेको र आयोजना अन्तर्गत निर्माण हुने भवनको निर्माण कार्य प्रारम्भ भै सकेको स्थितिमा तत्काल प्रतिष्ठानको कार्यक्रम सञ्चालनको लागि वैकल्पिक सरकारी भवनको खोजी गर्ने, त्यस्तो सरकारी भवन उपलब्ध हुन नसकेमा घरभाडामा लिन श्री ५ को सरकारसँग बजेट निकासा माग गर्ने । |
| १३ | बैठक भत्ता | न्यायिक प्रतिष्ठान परिषद् तथा कार्यकारी समितिको बैठकमा उपस्थित सदस्य र त्यस्तो बैठकमा आमन्त्रित पदाधिकारीलाई सामितिबाट स्वीकृतिको लागि पेश भए बमोजिम बैठक भत्ता दिने । |
| १४ | प्रोत्साहन रकम | आफ्नो पदाधिकार रहेको अदालत वा कार्यालयबाटै तलब भत्ता खाने गरी प्रतिष्ठानमा खटिने न्यायाधीश वा कर्मचारीहरूलाई प्रतिष्ठानको काममा सेवा वा समय दिएबापत प्रोत्साहनको लागि निजहरूले खाइपाइ आएको पारिश्रमिकको पचास प्रतिशतसम्मको रकम प्रतिष्ठानले उपलब्ध गराउने व्यवस्था गर्ने स्वीकृतिको लागि श्री ५ को सरकार समक्ष अनुरोध गर्ने । |

# परिशिष्ट - ४
## प्रशिक्षक प्रशिक्षणका सहभागीहरू

**२०६१ मंसीर २८ देखि पौष २ गते (डिसेम्बर १३– १७, २००४)**

मा. न्या. श्री मोहनप्रसाद सिटौला, पुवेअ जनकपुर
मा. न्या. श्री वैधनाथ उपाध्याय, पुवेअ पाटन
मा. न्या. श्री तर्कराज भट्ट, पुवेअ राजविराज
मा. न्या. श्री मधुसुदनलाल श्रेष्ठ, पुवेअ जनकपुर
मा. न्या. श्री ओम सुवेदी, पुवेअ तुल्सीपुर
मा. न्या. श्री विनोद प्रसाद ढुङ्गेल, पुवेअ हेटौंडा
मा. न्या. श्री लक्ष्मणमणि रिसाल, पुवेअ पाटन
मा. न्या. श्री केशब प्रसाद मैनाली, पुवेअ बुटबल
मा. न्या. श्री कृष्णप्रसाद बस्याल, पुवेअ विराटनगर
मा. न्या. श्री अलि अकवर मिकरानी, पुवेअ पाटन
मा. न्या. श्री हरिप्रसाद घिमिरे, पुवेअ पोखरा
मा. न्या. श्री हरिबहादुर बस्नेत, पुवेअ नेपालगञ्ज
मा. न्या. श्री गौरीबहादुर कार्की, पुवेअ राजविराज
मा.जि.न्या. श्री एकराज आचार्य, धनुषा जिअ
मा.जि.न्या. श्री देवेन्द्रराज शर्मा, काभ्रेपलाञ्चोक जिअ
मा.जि.न्या. श्री तेजबहादुर के. सी., नवलपरासी जिअ
मा.जि.न्या. श्री तेजबहादुर कार्की, मोरङ्ग जिअ
मा.जि.न्या. श्री प्रेमराज ढकाल, इलाम जिअ

**२०६१ पौष ७ देखि १० गते (डिसेम्बर २२ – २५, २००४)**

सहसचिब श्री माधवप्रसाद पौडेल, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय
सहसचिब श्री प्रमोद कुमार कार्की, अर्थ मन्त्रालय
प्रमुख श्री राजुमान सिँह मल्ल, ऋण असुली न्यायाधिकरण
सहसचिब श्री प्रकाश कुमार ढुङ्गाना, न्याय परिषद्
मा.न्या. श्री प्रमोद विजयी, पुनरावेदन ऋण असुली न्यायाधिकरण
नायव महान्यायाधिवक्ता श्री चेतनाथ घिमिरे, मन्याका
सहन्यायाधिवक्ता श्री प्रेमराज कार्की, मन्याका
सहन्यायाधिवक्ता श्री लेखनाथ ढकाल, पुसवका, बुटबल
सहन्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, पुसवका, पाटन
जिल्ला न्यायाधिवक्ता श्री महेश शर्मा पौडेल, जिसवका, ललितपुर
जिल्ला न्यायाधिवक्ता श्री ओम प्रसाद अर्याल, जिसवका, चितवन
क्याम्पस प्रमुख श्री गुणनिधि न्यौपाने, नेपाल ल क्याम्पस
अधिवक्ता श्री भरतराज उप्रेती, काठमाडौँ
अधिवक्ता श्री अनिलकुमार सिन्हा, काठमाडौँ
का.मु. सचिब श्री केदारप्रसाद पौडेल, राष्ट्रिय मानव अधिकार आयोग

# परिशिष्ट - ५
# पाठ्यक्रम निर्माण प्रशिक्षणका सहभागीहरू

**२०६१ श्रावण २५ देखि २९ गते (अगष्ट ९ – १३, २००४)**

मा. न्या. श्री प्रेम शर्मा, पुवेअ बुटबल
मा. न्या. श्री रणबहादुर बम, पुवेअ पाटन
मा. न्या. श्री गिरिश चन्द्रलाल, पुवेअ पाटन
मा. न्या. श्री गोविन्दकुमार श्रेष्ठ, पुवेअ विराटनगर
मा. न्या. श्री राघवलाल वैद्य, पुवेअ विराटनगर
मा.जि.न्या. श्री ओम प्रकाश मिश्र, काठमाडौं जिअ
मा.जि.न्या. श्री जगदीश प्रसाद पौडेल, पर्सा जिअ
मा.जि.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ, काभ्रेपलाञ्चोक जिअ
मा.जि.न्या.श्री जनार्दन बहादुर खड्का,ललितपुर जिअ
मा.जि.न्या. डा. हरिवंश त्रिपाठी, काठमाडौं जिअ
मा.जि.न्या. श्री ठाकुरप्रसाद शर्मा, मोरङ्ग जिअ
मा.जि.न्या. श्री शम्भुबहादुर खड्का, कास्की जिअ
मा.जि.न्या. श्री ईश्वरप्रसाद खतिवडा, चितवन जिअ
सहरजिष्ट्रार डा. रामकष्ण तिमल्सेना, सर्वोच्च अदालत
सहरजिष्ट्रार श्री विनोद शर्मा, सर्वोच्च अदालत
सहरजिष्ट्रार श्री तिलप्रसाद श्रेष्ठ, सर्वोच्च अदालत
नि. रजिष्ट्रार श्री राजेन्द्र खरेल, पुवेअ हेटौँडा
इजलास अधिकृत श्री सुदर्शन पाण्डे, सर्वोच्च अदालत
मा. न्या. श्री कल्याण श्रेष्ठ, पुवेअ हेटौँडा
मा. न्या. श्री केशरीराज पण्डित, पुवेअ जनकपुर
मा.जि.न्या. डा. आनन्दमोहन भट्टराई,कपिलवस्तु जिअ

**२०६१ श्रावण ३२ देखि भाद्र ४ गते (अगष्ट १६ – २०, २००४)**

सहन्यायाधिवक्ता श्री टिकाबहादुर हमाल, मन्याका
सहन्यायाधिवक्ता श्री युवराज सुवेदी, मन्याका
उपन्यायाधिवक्ता श्री ब्रजेश प्याकुरेल, , मन्याका
उपन्यायाधिवक्ता श्री ऋषिकेश वाग्ले, मन्याका
अधिवक्ता श्री लवकुमार मैनाली, काठमाडौं
अधिवक्ता श्री किशोर सिलवाल, काठमाडौं स्कुल अफ ल, काठमाडौं
अधिवक्ता श्री सविता बराल, काठमाडौं
अधिवक्ता श्री रजितभक्त प्रधानाङ्ग, काठमाडौं
अधिवक्ता श्री सुनिल कुमार पोखरेल, काठमाडौं
अधिवक्ता श्री आशिष अधिकारी, काठमाडौं
बीमा विशेषज्ञ श्री अनिलराज भट्टराई, बीमा समिति, काठमाडौं
सहसचिब श्री मोहन बन्जाडे, अदुअआ
अधिवक्ता श्री नवीन कुमार वर्मा, काठमाडौं
सहसचिब श्री भेषराज शर्मा, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

# परिशिष्ट - ६
# पाठ्यक्रम निर्माणमा सहभागी विशेषज्ञहरू

**१. न्याय समूह अधिकृतको पाठ्यक्रम**

सुपरिवेक्षक

मा. न्या. श्री मीनबहादुर रायमाझी, सर्वोच्च अदालत

विशेषज्ञ समूह

सहरजिष्ट्रार डा. रामकृष्ण तिमल्सेना, सर्वोच्च अदालत

सहसचिव श्री प्रकाश कुमार ढुङ्गाना, न्यायपरिषद् सचिवालय

सम्पादक श्री विष्णु सुवेदी, सर्वोच्च अदालत

**२. इजलास अधिकृतको पाठ्यक्रम**

सुपरिवेक्षक

मा. न्या. श्री खिलराज रेग्मी, सर्वोच्च अदालत

विशेषज्ञ समूह

सहरजिष्ट्रार श्री विनोद शर्मा, सर्वोच्च अदालत

इजलास अधिकृत श्री नरिश्वर भण्डारी,सर्वोच्च अदालत

इजलास अधिकृत श्री नहकुल सुवेदी, सर्वोच्च अदालत

**३. जिअ न्यायाधीशको पाठ्यक्रम**

सुपरिवेक्षक

भूतपूर्व न्या. श्री टोपबहादुर सिँह, सर्वोच्च अदालत

विशेषज्ञ समूह

मा. न्या. श्री गोविन्द कुमार श्रेष्ठ, पुवेअ विराटनगर

मा.जि.न्या. डा. हरिवंश त्रिपाठी, काठमाडौं जिअ

मा.जि.न्या. श्री शम्भुबहादुर खड्का, कास्की जिअ

**४. जिल्ला न्यायाधीवक्ताको पाठ्यक्रम**

सुपरिवेक्षक

भूतपूर्व महान्यायाधिवक्ता श्री बद्रीबहादुर कार्की

विशेषज्ञ समूह

नायव महान्यायाधीवक्ता श्री चेतनाथ घिमिरे

जिल्ला सरकारी न्यायाधिवक्ता श्री ब्रजेश प्याकुरेल

जिल्ला सरकारी न्यायाधिवक्ता श्री ऋषिकेश वाग्ले

# परिशिष्ट - ७
# पाठ्यक्रम निर्माण कार्यशालाका सहभागीहरू

**१. जिल्ला न्यायाधीशहरूको पाठ्यक्रम विकास कार्यशाला**

**२०६१ माघ ९ गते देखि १० गते (जनवरी २२ - २३, २००५) सम्म**

मा. न्या. श्री रणबहादुर बम, पुवेअ पाटन
मा. न्या. श्री वैद्यनाथ उपाध्याय, पुवेअ पाटन
मा.जि.न्या श्री दिनेशकुमार कार्की, तेह्रथुम जिअ
मा.जि.न्या श्री केदारप्रसाद चालिसे, काठमाडौँ जिअ
मा.जि.न्या श्री ईश्वरप्रसाद खतिवडा, चितवन जिअ
मा.जि.न्या श्री शुष्मलता माथेमा, काठमाडौँ जिअ
अधिवक्ता श्री भरतराज उप्रेती, काठमाडौँ
डीन प्रा. कनकविक्रम थापा, कानून संकाय, नेपाल ल क्याम्पस, काठमाडौँ
सहरजिष्ट्रार श्री तिलप्रसाद श्रेष्ठ, सर्वोच्च अदालत

**२. न्याय सेवाका अधिकृतहरूको पाठ्यक्रम विकास कार्यशाला**

**२०६१ माघ ९ गते देखि १० गते (जनवरी २२ - २३, २००५) सम्म**

रजिष्ट्रार श्री श्रीप्रसाद पण्डित, सर्वोच्च अदालत
सहसचिव श्री भेषराज शर्मा, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय
मा.जि.न्या. श्री प्रकाशचन्द्र गजुरेल, काठमाडौँ जिअ
मा.जि.न्या. श्री प्रेमबहादुर के.सी., भक्तपुर जिअ
रजिष्ट्रार श्री नारायणप्रसाद पोखरेल, पुवेअ पाटन
सचिव श्री माघव बास्कोटा, नेपाल बार एशोसिएसन
उप रजिष्ट्रार श्री जगतनारायण प्रधान, सर्वोच्च अदालत
स्रेस्तेदार श्री टेकनारायण कुँवर, भक्तपुर जिअ
स्रेस्तेदार श्री बलभद्र बास्तोला, काठमाडौँ जिअ
स्रेस्तेदार श्री राजु खतिवडा, ललितपुर जिअ

**३. इजलास अधिकृतहरूको पाठ्यक्रम विकास कार्यशाला**

**२०६१ माघ ९ गते देखि १० गते (जनवरी २२ - २३, २००५) सम्म**

मा न्या.श्री गोविन्दप्रसाद पराजुली,विशेष अदालत, काठमाडौँ
मा. न्या. श्री गिरिशचनद्रलाल, पुवेअ पाटन
अधिवक्ता श्री प्रकाश वस्ती, काठमाडौँ
अधिवक्ता तथा क्याम्पस प्रमुख श्री गुणनिधि न्यौपाने, नेपाल ल क्याम्पस
इजलास अधिकृत श्री ठाकुरप्रसाद शर्मा,सर्वोच्च अदालत
उपसचिव श्री स्वीकृति पराजुली, सर्वोच्च अदालत
इजलास अधिकृत श्री टेकप्रसाद ढङ्गाना,सर्वोच्च अदालत
उपरजिष्ट्रार श्री दीपेन्द्र अधिकारी, सर्वोच्च अदालत
उपरजिष्ट्रार श्री बालमुकुन्द दवाडी, सर्वोच्च अदालत
इजलास अधिकृत श्री लक्ष्मीप्रसाद गौतम,सर्वोच्च अदालत

**४. जिल्ला न्यायाधिवक्ताको पाठ्यक्रम निर्माण कार्याशाला**

**२०६१ चैत्र १९ देखि २० गते (अप्रिल २ - ३, २००५) सम्म**

मा.जि.न्या डा. हरिवंश त्रिपाठी, काठमाडौ जिअ
मा.जि.न्या श्री ईश्वरप्रसाद खतिवडा, चितवन जिअ
सह-सचिव श्री भेषराज शर्मा, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय
सह-न्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, पुनरावेदन सरकारी वकिल कार्यालय, ललितपुर
प्रहरी वरिष्ठ उपरिक्षक श्री नवराज ढकाल, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगंज
प्राध्यापक श्री रजितभक्त प्रधानाङ्ग,नेपाल ल क्याम्पस,काठमाडौँ
निर्देशक श्री किशोर सिलवाल, सेलर्ड, काठमाडौँ
जिल्ला न्यायाधिवक्ता श्री रमेश कुमार पोखरेल, जिसवका, काठमाडौँ
जिल्ला न्यायाधिवक्ता श्री महेश शर्मा,जिसवका, ललितपुर
अधिवक्ता श्री कृष्ण सापकोटा, नेपाल बार एशोसियसन

## परिशिष्ट - ८

## जिल्ला न्यायाधीशहरूको अभिमुखीकरण कार्यक्रमका सहभागीहरू

मा.जि.न्या. श्री रामहरि शर्मा, काठमाडौं जिअ
मा.जि.न्या. श्री विष्णुप्रसाद पौडेल, मकवानपुर जिअ
मा.जि.न्या. श्री भरतप्रसाद अधिकारी,काठमाडौं जिअ
मा.जि.न्या. श्री शारदाप्रसाद घिमिरे,कपिलबस्तु जिअ
मा.जि.न्या. श्री साहदेवप्रसाद बास्तोला, मुस्ताङ जिअ
मा.जि.न्या. श्री पोषनाथ शर्मा, धादिङ्ग जिअ
मा.जि.न्या. श्री नारायणप्रसाद श्रेष्ठ, ललितपुर जिअ
मा.जि.न्या. श्री प्रकाशराम मिश्र, बाँके जिअ
मा.जि.न्या. श्री प्रकाश कुमार काफ्ले
मा.जि.न्या. श्री गिरिराज पौडेल,सिराहा जिअ
मा.जि.न्या. श्री केदारप्रसाद प्याकुरेल,हुम्ला जिअ
मा.जि.न्या. श्री चित्रदेव जोशी, स्याङ्जा जिअ
मा.जि.न्या. श्री दामोदर अधिकारी, जिल्ला न्यायाधीश
मा.जि.न्या. श्री उदयप्रकाश चापागाई, सर्लाही जिअ
मा.जि.न्या. श्री लेखनाथ शर्मा, पाल्पा जिअ
मा.जि.न्या. श्री शिवप्रसाद पराजुली, उदयपुर जिअ
मा.जि.न्या. श्री शुष्मलता माथेमा, काठमाडौं जिअ
मा.जि.न्या. श्री नवराज उपाध्याय, तनहुँ जिअ

## परिशिष्ट - ९

## जिल्ला न्यायाधीशहरूको लागि पूर्णकालिन वाणिज्य कानून प्रशिक्षण (Full Course) का सहभागीहरू

मा.जि.न्या. श्री भोलाप्रसाद खरेल, चितवन जिल्ला अदालत
मा.जि.न्या. श्री गिरिशकुमार शर्मा, सिन्धुली जिअ
मा.जि.न्या. श्री रामेश्वरनाथ अमात्य, नवलपरासी जिअ
मा.जि.न्या. श्री शान्तिराज सुवेदी, सर्लाही जिअ
मा.जि.न्या. श्री लीलाप्रसाद गौतम, लमजुङ्ग जिअ
मा.जि.न्या. श्री मोहनकृष्ण खनाल, रामेछाप जिअ
मा.जि.न्या. श्री विमलप्रसाद ढुङ्गेल, कन्चनपुर जिअ
मा.जि.न्या. श्री निलकण्ठ उपाध्याय, भोजपुर जिअ
मा.जि.न्या. श्री बलराम विष्ट, धनुषा जिअ
मा.जि.न्या. श्री प्रेमबहादुर के.सी., भक्तपुर जिअ
मा.जि.न्या. श्री फणिन्द्र दत्त शर्मा, सुनसरी जिअ
मा.जि.न्या. श्री बलरामप्रसाद अधिकारी,नुवाकोट जिअ
मा.जि.न्या. श्री दीपककुमार कार्की, सिराहा जिअ
मा.जि.न्या. श्री केदारप्रसाद चालिसे, काठमाडौं जिअ
मा.जि.न्या. श्री पुरूषोत्तम भण्डारी, सुनसरी जिअ
मा.जि.न्या. श्री सुरेन्द्रवीर सिँह बस्यात,रूपन्देही जिअ
मा.जि.न्या. श्री बमकुमार श्रेष्ठ, अर्धाखाँची जिअ
मा.जि.न्या. श्री डम्बरबहादुर शाही, बारा जिअ

## जिल्ला न्यायाधीशहरूको लागि वाणिज्य कानून प्रशिक्षणका सहभागीहरू

मा.जि.न्या. श्री भीमबहादुर बोहरा, डोटी जिअ
मा.जि.न्या. श्री वीर बहादुर डाँगी, सुर्खेत जिअ
मा.जि.न्या. श्री वीर सिँह महरा, काठमाडौँ जिअ
मा.जि.न्या. श्री गणेश पञ्जियार, बाजुरा जिअ
मा.जि.न्या. श्री हरिकुमार पोखरेल, धनकुटा जिअ
मा.जि.न्या. श्री ईन्द्रमान कर्माचार्य, रुपन्देही जिअ
मा.जि.न्या. श्री करूणानिधि शर्मा, बाग्लुङ्ग जिअ
मा.जि.न्या. श्री कुमारप्रसाद पोखरेल, महात्तरी जिअ
मा.जि.न्या. श्री मोहनरमण भट्टराई, काठमाडौँ जिअ
मा.जि.न्या. श्री प्रकाशचन्द्र गजुरेल, काठमाडौँ जिअ
मा.जि.न्या. श्री पुष्पबहादुर थापा, रसुवा जिअ
मा.जि.न्या. श्री रामचन्द्र राई, म्याग्दी जिअ
मा.जि.न्या. श्री शिवनारायाण यादव, पाँचथर जिअ
मा.जि.न्या. श्री तेजबहादुर कार्की, मोरङ्ग जिअ
मा.जि.न्या. श्री तीर्थराज देवकोटा, पर्सा जिअ
मा.जि.न्या. श्री उमेशराज पौडेल, झापा जिअ
मा.जि.न्या. श्री यज्ञराज बस्याल, सर्लाही जिअ
मा.जि.न्या. श्री विष्णुदेव पौडेल, बर्दीया जिअ

## परिशिष्ट - १०

## सरकारी वकील र कानून व्यवसायीको वाणिज्य कानून अभिमुखीकरण कार्यक्रम सहभागीहरू

उपन्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल, पुवेअ सरकारी वकील कार्यालय, पोखरा
जिल्ला न्यायाधिवक्ता श्री धनसिँह महरा, जिसवका, मकवानपुर
जिल्ला न्यायाधिवक्ता श्री राजन भट्टराई,जिसवका, झापा
उपन्यायाधिवक्ता श्री गोपाप्रसाद रिजाल, जिसवका, नेपालगन्ज
उपन्यायाधिवक्ता श्री सुरेन्द्रराज शाही,जिसवका, सुर्खेत
जिल्ला न्यायाधिवक्ता श्री सूर्यराज दाहाल, जिसवका,बारा
शाखा अधिकृत श्री राजनराज घिमिरे
शाखा अधिकृत श्री गोविन्दराज गौली, पुनरावेदन सरकारी वकील कार्यालय, बुटबल
अधिवक्ता श्री लिलामणि पौडेल, काठमाडौँ
अधिवक्ता श्री हरिप्रसाद भण्डारी, काठमाडौँ
अधिवक्ता श्री कुन्ति शाही, काठमाडौँ
अधिवक्ता श्री ज्ञानु मैनाली, काठमाडौँ
अधिवक्ता श्री कृष्णप्यारी नकर्मी, काठमाडौँ
अधिवक्ता श्री शुभन आचार्य, काठमाडौँ
अधिवक्ता श्री सुरज बस्नेत, काठमाडौँ
अधिवक्ता श्री रविन सुवेदी, काठमाडौँ
अधिवक्ता श्री ध्रुव अधिकारी, काठमाडौँ
अधिवक्ता श्री प्रकाश कोइराला, काठमाडौँ
अधिवक्ता श्री अम्बर राउत, काठमाडौँ
अधिवक्ता श्री विश्वम्भर बुढाथोकी, काठमाडौँ

## परिशिष्ट - ११

## सरकारी वकील र निजी कानून व्यवसायीको पूर्णकालीन वाणिज्य कानून कार्यक्रमका सहभागीहरू

उपसचिब श्री बागेन्द्र राज शर्मा पौडेल, अदुअआ
न्यायाधिवक्ता श्री श्रीधर सापकोटा, अदुअआ
न्यायाधिवक्ता श्री महेन्द्र भण्डारी, विराटनगर
न्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल, पोखरा
न्यायाधिवक्ता श्री गोपाल राज रिजाल, नेपालगन्ज
न्यायाधिवक्ता श्री कृष्णप्रसाद पौडेल, आन्तरिक कर विभाग
न्यायाधिवक्ता श्री खिलनाथ रेग्मी, मन्याका
न्यायाधिवक्ता श्री अमृतबहादुर बस्नेत, मन्याका
अधिवक्ता श्री धर्मेन्द्र जोशी, काठमाडौं
अधिवक्ता श्री ज्ञानेन्द्रप्रसाद पोखरेल, काठमाडौं
अधिवक्ता श्री किरणकुमार शर्मा, काठमाडौं
अधिवक्ता श्री सरिता शर्मा, काठमाडौं
अधिवक्ता श्री सुदर्शन आचार्य, काठमाडौं
अधिवक्ता श्री अन्जू उप्रेती, काठमाडौं
अधिवक्ता श्री रमेश कार्की, काठमाडौं
अधिवक्ता श्री बसन्ती श्रेष्ठ, काठमाडौं
अधिवक्ता श्री कृष्ण घिमिरे, काठमाडौं
अधिवक्ता श्री सृजना शर्मा, काठमाडौं

## परिशिष्ट - १२

## पहिलो इजलास अधिकृतहरूको अभिमुखीकरण कार्यक्रमका सहभमगीहरू

उप-रजिष्ट्रार श्री बालमुकुन्द दवाडी, सर्वोच्च अदालत
इजलास अधिकृत श्री माधवेन्द्रराज रेग्मी, सर्वोच्च अदालत
इजलास अधिकृत श्री लिप्तबहादुर थापा, सर्वोच्च अदालत
इजलास अधिकृत श्री ठाकुरप्रसाद शर्मा, सर्वोच्च अदालत
इजलास अधिकृत श्री लक्ष्मीकृष्ण श्रेष्ठ, सर्वोच्च अदालत
इजलास अधिकृत श्री ऋषिप्रसाद अधिकारी, सर्वोच्च अदालत
अनुसन्धान अधिकृत श्री रितेन्द्र थापा, सर्वोच्च अदालत
इजलास अधिकृत श्री मुरारीबाबु श्रेष्ठ, सर्वोच्च अदालत
इजलास अधिकृत श्री पुरूषोत्तमप्रसाद ढकाल,सर्वोच्च अदालत
इजलास अधिकृत श्री किरणकुमार पोखरेल,सर्वोच्च अदालत
इजलास अधिकृत श्री बैद्यनाथ प्रसाद गुप्ता,सर्वोच्च अदालत
इजलास अधिकृत श्री नरिश्वर भण्डारी, सर्वोच्च अदालत
उप-रजिष्ट्रारश्री अर्जुन अधिकारी, सर्वोच्च अदालत
इजलास अधिकृत श्री शालीग्राम कोइराला,सर्वोच्च अदालत
इजलास अधिकृत श्री लिलानाथ अधिकारी,सर्वोच्च अदालत
उप-सचिव श्री राजेन्द्र अधिकारी, सर्वोच्च अदालत
इजलास अधिकृत श्री कविप्रसाद न्यौपाने, सर्वोच्च अदालत
इजलास अधिकृत श्री कृष्ण ठकुरी, सर्वोच्च अदालत

## दोस्रो इजलास अधिकृतहरूको अभिमुखीकरण कार्यक्रमका सहभागीहरू

इजलास अधिकृत श्री यादवराज घिमिरे,सर्वोच्च अदालत
इजलास अधिकृत श्री सुदर्शनराज पाण्डे,सर्वोच्च अदालत
इजलास अधिकृत श्री टेकप्रसाद ढुंगाना,सर्वोच्च अदालत
उप-रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत
शाखा अधिकृत श्री राजेन्द्र थापा, सर्वोच्च अदालत
शाखा अधिकृत श्री परशुराम भट्टराई,सर्वोच्च अदालत
शाखा अधिकृत श्री नेत्रप्रकाश आचार्य,सर्वोच्च अदालत
शाखा अधिकृत श्री यज्ञप्रसाद पोखरेल,सर्वोच्च अदालत
शाखा अधिकृत श्री रामप्रसाद सेढाई, सर्वोच्च अदालत
शाखा अधिकृत श्री लालकाजी श्रेष्ठ, सर्वोच्च अदालत
शाखा अधिकृत श्री रमेश ढकाल, सर्वोच्च अदालत
शाखा अधिकृत श्री नारायणप्रसाद सुवेदी,सर्वोच्च अदालत
शाखा अधिकृत श्री विदुर काफ्ले, सर्वोच्च अदालत
शाखा अधिकृत श्री कृष्णप्रसाद नेपाल,सर्वोच्च अदालत
शाखा अधिकृत श्री विश्वनाथ भट्टराई,सर्वोच्च अदालत
इजलास अधिकृत श्री हरिप्रसाद शर्मा पंगेनी,पुवेअ पाटन
इजलास अधिकृत श्री मोहनराज अधिकारी,पुवेअ पाटन
इजलास अधिकृत श्री लालप्रसाद अर्याल, पुवेअ पाटन

## परिशिष्ट - १३

## पुवेअका न्यायाधीशहरूको वणिज्य कानून अभिमुखीकरण कार्यक्रमका सहभागीहरू

मा. न्या. श्री अवधेश कुमार यादव, पुवेअ हेटौडा
मा. न्या. श्री विश्वनाथ जोशी, पुवेअ बुटवल
मा. न्या. श्री गोपाल पराजुली, पुवेअ बाग्लुङ्ग
मा. न्या. श्री दीपकराज जोशी, पुवेअ राजविराज
मा. न्या. श्री राजेन्द्रराज पन्त, पुवेअ जनकपुर
मा. न्या. श्री उद्धवप्रसाद वास्कोटा, पुवेअ तुल्सीपुर
मा. न्या. श्री कृष्णप्रसाद श्रेष्ठ, पुवेअ पाटन
मा. न्या. श्री जगन्नाथ पाठक, पुवेअ नेपालगञ्ज
मा. न्या. श्री दुर्गाप्रसाद उप्रेती, पुवेअ इलाम
मा. न्या. श्री भुपध्वज अधिकारी, पुवेअ जुम्ला हाल विशेष अदालत, काठमाडौँ
मा. न्या. श्री हरिबाबु भट्टराई, पुवेअ पाटन
मा. न्या. श्री हरिराम कोइराला, पुवेअ हेटौंडा
मा. न्या. श्री मोहनप्रसाद घिमिरे, पुवेअ पोखरा
मा. न्या. श्री ऋषिराज मिश्र, पुवेअ नेपालगंज
मा. न्या. श्री बुद्धिप्रसाद रेग्मी, पुवेअ बाग्लुङ्ग
मा. न्या. श्री कोमलनाथ शर्मा, पुवेअ राजविराज
मा. न्या. श्री खेमराज शर्मा, पुवेअ धनकुटा
मा. न्या. श्री रामप्रसाद खनाल, पुवेअ बुटबल

## परिशिष्ट - १४

| सि.नं. | कार्यशाला भएको केन्द्र | मिति | प्रतिनिधित्व गरेको संस्था र सहभागी संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुवेअ न्या | जिअ न्या | न्यायसेवा अधिकृत | सरकारी वकील | कानून व्यवसायी | अन्य | जम्मा |
| १. | पोखरा | २०६२ जेष्ठ १३ | ४ | ४ | ११ | ८ | १८ | | ४५ |
| २. | जनकपुर | २०६२ जेष्ठ २४ | ६ | ८ | ११ | ९ | २० | | ५४ |
| ३. | विराटनगर | २०६२ जेष्ठ ३० | ३ | ५ | ११ | ७ | १४ | | ४० |
| ४. | हेटौंडा | २०६२ असार ११ | ४ | ११ | १९ | १० | ३६ | | ८० |

## परिशिष्ट - १५

| टोली नं. | प्रश्नावली भरिएका केन्द्र तथा जिल्लाहरू | कैफियत |
|---|---|---|
| एक | बाँके | |
| दुई | झापा र इलाम | |
| तीन | पाल्पा, गुल्मी र अर्घाखाँची | |
| चार | धनकुटा, सिराहा र सप्तरी | |

## परिशिष्ट - १६

| सि नं. | जिल्ला | सि नं. | जिल्ला | सि नं. | जिल्ला |
|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ्ग | १४ | दाङ | २७ | बझाङ |
| २ | पाँचथर | १५ | सल्यान | २८ | बाजुरा |
| ३ | भोजपुर | १६ | रूकुम | २९ | डोटी |
| ४ | संखुवासभा | १७ | प्युठान | ३० | अछाम |
| ५ | ओखलढुङ्गा | १८ | रोल्पा | ३१ | दार्चुला |
| ६ | सिन्धुली | १९ | दैलेख | ३२ | बैतडी |
| ७ | रामेछाप | २० | जाजरकोट | ३३ | डडेलधुरा |
| ८ | दोलखा | २१ | सुर्खेत | ३४ | तेह्रथुम |
| ९ | रसुवा | २२ | डोल्पा | ३५ | उदयपुर |
| १० | मनाङ | २३ | हुम्ला | ३६ | खोटाङ |
| ११ | गोर्खा | २४ | जूम्ला | ३७ | सोलुखुम्बु |
| १२ | लमजुङ | २५ | कालिकोट | ३८ | बर्दिया |
| १३ | मुस्ताङ | २६ | मुगु | ३९ | |

# परिशिष्ट - १७
# स्रोत व्यक्तिहरूको नामावली

**१. प्रधानन्यायाधीश र न्यायाधीशहरू**

सम्माननीय प्रधानन्यायाधीश श्री हरिप्रसाद शर्मा, सर्वोच्च अदालत
मा. न्या. श्री दिलिपकुमार पौडेल, सर्वोच्च अदालत
मा. न्या. श्री केदारप्रसाद गिरी, सर्वोच्च अदालत
मा. न्या. श्री मीनबहादुर रायमाझी, सर्वोच्च अदालत
मा. न्या. श्री रामनगिना सिँह, सर्वोच्च अदालत
मा. न्या. श्री अनूपराज शर्मा, सर्वोच्च अदालत
मा. न्या. श्री खिलराज रेग्मी, सर्वोच्च अदालत
मा. न्या. श्री शारदाप्रसाद पण्डित, सर्वोच्च अदालत
मा. न्या. श्री शारदा श्रेष्ठ, सर्वोच्च अदालत
मा. न्या. श्री बद्रीकुमार बस्नेत, सर्वोच्च अदालत
मा. न्या. श्री बलराम के.सी., सर्वोच्च अदालत
मा. न्या. श्री राजेन्द्रकुमार भण्डारी, सर्वोच्च अदालत
मा. मु. न्या. श्री कल्याण श्रेष्ठ, पुवेअ एवं कार्यकारी निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान
मा. न्या. श्री ताहिर अलि अन्सारी, पुवेअ
मा. न्या. श्री प्रेम शर्मा, पुवेअ
मा. न्या. श्री रणबहादुर बम, पुवेअ
मा. न्या. श्री गिरिशचन्द्र लाल, पुवेअ
माननीय अध्यक्ष श्री बैद्यनाथ उपाध्याय, राजश्व न्यायाधिकरण काठमाडौँ
मा. न्या. श्री केशरीराज पण्डित, पुवेअ एवं नायव कार्यकारी निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान
मा. न्या. श्री गोविन्द कुमार श्रेष्ठ, पुवेअ
मा.जि.न्या. श्री ओमप्रकाश मिश्र, काठमाडौँ जिअ
मा.जि.न्या. डा. हरिवंश त्रिपाठी, काठमाडौं जिअ
मा.जि.न्या. श्री शम्भुबहादुर खड्का, काठमाडौँ जिअ
मा.जि.न्या. श्री नारायण दाहाल, दोलखा जिअ
मा.जि.न्या. डा. आनन्दमोहन भट्टराई, कपिलवस्तु

**२. भूतपुर्व प्रधानन्यायाधीश र न्यायाधीशहरू**

भुतपूर्व प्रधानन्यायाधीश श्री केदारनाथ उपाध्याय, सर्वोच्च अदालत
भुतपूर्व प्रधानन्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठ, सर्वोच्च अदालत
पूर्व न्यायाधीश श्री भैरवप्रसाद लम्साल,सर्वोच्च अदालत

**३. न्याय सेवा अधिकृतहरू**

रजिष्ट्रार श्री श्रीप्रसाद पण्डित, सर्वोच्च अदालत
का.मु. रजिस्ट्रार डा. रामकृष्ण तिमल्सेना,सर्वोच्च अदालत
सहसचिब श्री भेषराज शर्मा, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय
सह–रजिष्ट्रार श्री विनोद शर्मा, सर्वोच्च अदालत
सह–रजिष्ट्रारश्री तिलप्रसाद श्रेष्ठ, सर्वोच्च अदालत
सहन्यायाधिवक्ता श्री युवराज सुवेदी, अदुअआ
सहसचिब श्री मोहनप्रसाद बन्जाडे, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय
सचिब डा. कुलरत्न भुर्तेल, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय
सचिब श्री काशीराज दाहाल, न्यायपरिषद् सचिवालय
का.मु. महान्यायाधिवक्ता श्री पुष्पराज कोइराला, मन्याका
सहसचिव श्री रामेश्वर खनाल, अर्थ मन्त्रालय
सहन्यायाधिवक्ता श्री राज नारायण पाठक, मन्याका
रजिस्ट्रार श्री राजेन्द्र खरेल, राष्ट्रिय न्यायिक प्रतिष्ठान
अध्यक्ष श्री राजुमान सिँह मल्ल, ऋण असुली न्यायाधिकरण
सहसचिब श्री कृष्ण ज्ञवाली, अर्थ मन्त्रालय
सहसचिब श्री ललितबहादुर लिम्बू, अदुअआ
नायव महान्यायाधीवक्ता श्री नरेन्द्र पाठक, महान्यायाधीवक्ताको कार्यालय

सहसचिव श्री प्रमोद कार्की, अर्थ मन्त्रालय
श्री परशुराम कुमार क्षेत्री
श्री भाष्कर ज्ञवाली

**४. कानून व्यवसायीहरू**

अधिवक्ता श्री अनिल कुमार सिन्हा, काठमाडौँ
अधिवक्ता श्री आशिष अधिकारी, काठमाडौँ
अधिवक्ता श्री बद्रीबहादुर कार्की, काठमाडौँ
अधिवक्ता श्री भरतराज उप्रेती, काठमाडौँ
अधिवक्ता श्री सविता बराल, काठमाडौँ
अधिवक्ता श्री सपना प्रधान मल्ल, काठमाडौँ
अधिवक्ता श्री शैलेन्द्र दाहाल, काठमाडौँ
अधिवक्ता श्री इश्वरीचन्द्र शर्मा, काठमाडौँ
अधिवक्ता श्री नवीन वर्मा, काठमाडौँ
अधिवक्ता श्री पूर्णमान शाक्य, काठमाडौँ
अधिवक्ता श्री लव मैनाली, काठमाडौँ
अधिवक्ता श्री नारायण वेल्वासे, काठमाडौँ
अधिवक्ता श्री नारायाणदत्त शर्मा, काठमाडौँ
अधिवक्ता श्री प्रकाश वस्ती, काठमाडौँ
अधिवक्ता श्री श्रीकृष्ण मुल्मी, काठमाडौँ

**५. अन्य विशेषज्ञहरू**

अनुसन्धान अधिकृत श्री अनिल भट्टराई, बीमा समिति, काठमाडौँ
डा. दिनेश पन्त,नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, ललितपुर
डा. हरिहर वस्ती, त्रि. वि., शिक्षण अस्पताल
नायव प्रोजेक्ट म्यानेजर श्री गान्धी पण्डित, युनिक्वेष्ट प्रा.लि.
क्याम्पस प्रमुख श्री गुणनिधि न्यौपाने, नेपाल ल क्याम्पस, काठमाडौँ
अन्तर्राष्ट्रिय प्रशिक्षण विशेषज्ञ श्री किम स्टान्फोर्ड स्मिथ
अन्तर्राष्ट्रिय प्रशिक्षण विशेषज्ञ श्री करिन पिलान्स,
प्रोजेक्ट म्यानेजरश्री लरेन्ज मेस्नर, युनिक्वेष्ट प्रा. लि.
निर्देशक श्री महेश सिँह कथायत, राष्ट्रिय कम्प्युटर केन्द्र, काठमाडौँ
प्रा. जगन्नाथ त्रिपाठी, त्रिभुवन विश्वविद्यालय्र, काठमाडौँ
प्रा. पुस्कर बज्राचार्य, त्रिभुवन विश्वविद्यालय्र, काठमाडौँ
श्री पुरूषेत्तम मान श्रेष्ठ, शहरी वातावरणका लागि सार्वजनिक–निजी साझेदारी, काठमाडौँ
निर्देशक श्री रामभक्त श्रेष्ठ, प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, ललितपुर
कार्यक्रम अधिकृत श्री सान्तम सिँह खड्का, युएनडिपि, काठमाडौँ

# परिशिष्ट - १८
# मौजूदा जनशक्ति

१. कार्यकारी निर्देशक श्री कल्याण श्रेष्ठ, मुख्य न्यायाधीश, पुवेअ जुम्ला
२. नायव कार्यकारी निर्देशक श्री केशरीराज पण्डित, न्यायाधीश, पुवेअ जनकपुर (काजमा)
३. रजिष्ट्रार श्री राजेन्द्र खरेल, सेस्तेदार, बर्दिया जिअ (काजमा)
४. शा. अ. श्री ज्ञानेन्द्रराज काफ्ले, पुवेअ सुर्खेत (काजमा)
५. अनुसन्धान अधिकृत श्री श्रीकृष्ण मुल्मी
६. लेखा अधिकृत श्री विष्णुप्रसाद ढकाल
७ शा. अ. श्री मोहनसागर बस्याल, मन्याका (काजमा)
८. कम्प्युटर अपरेटर श्री ज्योतिन्द्र पुरी
९. मेसेञ्जर श्री विष्णु बहादुर बरूवाल
१०. चालक श्री पदमबहादुर गोदार, सर्वोच्च अदालत (काजमा)
११. चालक श्री राजेन्द्र कार्की

# परिशिष्ट - १९
## राष्ट्रिय न्यायिक प्रतिष्ठान
## आर्थिक विवरण
## आर्थिक वर्ष २०६१/६२

**व. शि. नं. १४/३/२१०**

| बजेट रकम नं. | बजेट रकम | वार्षिक बजेट | सङ्केत नं. | रकमान्तर | | जम्मा बजेट | निकासा | खर्च | बाकी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | थप | घट | | | | |
| १.०१ | तलब | ६०००००।०० | | | ५३४००।०० | ५४६६००।०० | २८६९६७।३४ | २८६९६७।३४ | ०।०० |
| १.०२ | भत्ता | ५००००।०० | | ५३४००।०० | | १०३४००।०० | ८५४७०।९४ | ८५४७०।९४ | ०।०० |
| २.०१ | धारा बिजुली | १५००००।०० | | | | १५००००।०० | ४२००।०० | ४२००।०० | ०।०० |
| २.०२ | सञ्चार महसुल | १५००००।०० | | | | १५००००।०० | ४३९४०।९६ | ४३९४०।९६ | ०।०० |
| २.०३ | कार्यालयसम्बन्धी खर्च | ५५००००।०० | | | | ५५००००।०० | ५४६०७४।१५ | ५४६०७४।१५ | ०।०० |
| २.०४ | मर्मत | ५००००।०० | | | | ५००००।०० | ४९२५९।०० | ४९२५९।०० | ०।०० |
| २.०५ | इन्धन तथा अन्य इन्धन | ३०००००।०० | | | | ३०००००।०० | २८२२९८।५८ | २८२२९८।५८ | ०।०० |
| २.०६ | परामर्श तथा अन्य सेवा | २०००००।०० | | | | २०००००।०० | ७९७८५।०५ | ७९७८५।०५ | ०।०० |
| २.०७ | विविध खर्च | १५००००।०० | | | | १५००००।०० | ३६७२८।०० | ३६७२८।०० | ०।०० |
| २.०८ | पुस्तक | १५००००।०० | | | | १५००००।०० | १४७२९८।०० | १४७२९८।०० | ०।०० |
| ४.०३ | कार्यक्रम भ्रमण खर्च | २५००००।०० | | | | २५००००।०० | ५०४५२।७५ | ५०४५२।७५ | ०।०० |
| ४.०५ | सामाजिक संस्था अनुदान | ३५०००००।०० | | ३५००००।०० | ०।०० | ३८५००००।०० | ३८४७६८१।४१ | ३८४७६८१।४१ | ०।०० |
| ८.०३ | जम्मा | ६१०००००।०० | | ४०३४००।०० | ५३४००।०० | ६४५००००।०० | ५४६०१५६।०० | ५४६०१५६।०० | ०।०० |

१. बैङ्कको नाम र ठेगाना ने.रा.बैङ्क थापाथली
२. बैङ्क खाता नं. स.अ.नं. १२२६४६।०६१
३. बैङ्कअनुसार बाकी रु. १५२००।००
४. नगद मौज्दात छैन । ५. पेश्की बाकी
क. गत आर्थिक वर्षसम्मको छैन । ६. भुक्तानी हुन बाकी चेकको रकम रु. १५२०००।००
ख. यस आर्थिक वर्षको रु. छैन ।
जम्मा रु . छैन ।

# परिशिष्ट - २०

# राष्ट्रिय न्यायिक प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना : न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र व्यावसायिक दक्षतामा अभिवृद्धि गर्न तथा कानून र न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्ने सम्बन्धमा राष्ट्रिय न्यायिक प्रतिष्ठानको तत्काल व्यवस्था गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेकोछ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "राष्ट्रिय न्यायिक प्रतिष्ठान अध्यादेश, २०६२" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय न्यायिक प्रतिष्ठान सम्झनु पर्छ ।

(ख) "परिषद्" भन्नाले दफा ६ बमोजिम गठन भएको न्यायिक प्रतिष्ठान परिषद् सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले दफा ९ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा १७ को उपदफा (२) बमोजिम खटिएको वा नियुक्त भएको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ङ) "न्यायिक निकाय" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको अदालत, विशेष अदालत, न्यायाधिकरण वा न्यायिक निर्णय गर्ने निकाय सम्झनु पर्छ र सो शब्दले सरकारी वकील कार्यालय र कानून तथा न्यायको क्षेत्रसंग सम्बन्धित अन्य निकाय समेतलाई जनाउँछ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

# परिच्छेद-२
# प्रतिष्ठानको स्थापना सम्बन्धी व्यवस्था

३. राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना : (१) न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्न तथा कानून र न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्ने काम समेतको लागि राष्ट्रिय न्यायिक प्रतिष्ठान स्थापना गरिएकोछ ।

(२) प्रतिष्ठानको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र प्रतिष्ठानले आवश्यकता अनुसार काठमाडौं उपत्यका बाहिर पनि प्रतिष्ठानको कार्यालय खोल्न सक्नेछ ।

४. प्रतिष्ठान स्वशासित र संगठित संस्था हुने: (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको काम कारबाहीको निमित्त यसको एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. प्रतिष्ठानको काम, कर्तव्य र अधिकार : प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्नको निमित्त आवश्यकतानुसार तालीम, प्रशिक्षण, सम्मेलन, कार्यशाला, गोष्ठी, सेमिनार, अन्तरक्रिया तथा त्यस्तै किसिमका अन्य कार्यक्रम सञ्चालन गर्ने,

(ख) कानून र न्यायको क्षेत्रसंग सम्बन्धित विषयमा अनुसन्धान गर्ने तथा अनुसन्धानमूलक सामग्री प्रकाशन गर्ने,

(ग) कानून र न्यायसंग सम्बन्धित विषयमा परामर्श तथा सूचना सेवा उपलब्ध गर्ने, गराउने,

(घ) न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र कार्य दक्षता अभिवृद्धि गर्न सर्वोच्च अदालत, मन्याका, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, न्याय परिषद्, न्याय सेवा आयोग तथा नेपाल कानून व्यवसायी परिषद्संग समन्वय गर्ने,

(ङ) अर्धन्यायिक निकायमा कार्यरत न्यायिक काम गर्ने कर्मचारीको कार्य क्षमता र कार्य दक्षता अभिवृद्धि गर्न आवश्यकतानुसार तालीम, गोष्ठी, सम्मेलन सञ्चालन गर्ने,

(च) कानून र न्यायको क्षेत्रमा देखिएका कमी, कमजोरी र त्रुटीलाई सुधार गर्न सम्बन्धित निकायलाई सहयोग गर्ने,

(छ) कानून र न्यायको क्षेत्रमा विकसित नयाँ प्रविधि र प्रयोगको सम्बन्धमा न्यायिक निकायमा कार्यरत जनशक्तिलाई प्रशिक्षित गराउने,

(ज) न्यायिक प्रशिक्षण कार्यक्रमलाई न्याय प्रशासनको अभिन्न अङ्गको रूपमा आवद्ध गर्ने,

(झ) न्यायिक प्रशिक्षण कार्यक्रमलाई न्याय छिटो, सरल र सर्वसुलभ गराउने उद्देश्यसंग आवद्ध गर्ने,

(ञ) न्याय सम्पादन, फैसला कार्यान्वयन, कानून तर्जुमा र न्याय प्रशासन सम्बन्धी कार्यविधिका सम्बन्धमा ज्ञान र सीप अभिवृद्धि गरी प्रशिक्षणलाई वृत्ति विकाससंग आवद्ध गर्ने,

(ट) कानून व्यवसायलाई प्रतिस्पर्धि, सक्षम, सेवामूलक तथा प्रभावकारी व्यवसायको रूपमा विकास गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(ठ) कानून र न्यायका क्षेत्रमा देखिएका समस्या समाधानको लागि सम्बन्धित विषयका विज्ञहरूलाई सहभागी गराई आवश्यकतानुसार सेमिनार, गोष्ठी, सम्मेलन, कार्यशाला सञ्चालन गर्ने,

(ड) अन्य मुलुकका न्यायिक प्रशिक्षण सम्बन्धी संस्थासंग सम्पर्क राखी प्रशिक्षण कार्यक्रमलाई स्तरीय र प्रभावकारी बनाउन आवश्यक सहकार्य गर्ने,

(ढ) कानून र न्यायको क्षेत्रमा सञ्चालन गरिने क्षमता विकास सम्बन्धी कार्यक्रमको सम्बन्धमा श्री ५ को सरकार तथा अन्तर्राष्ट्रिय संघ संस्था बीच सम्पर्क निकायको रूपमा काम गर्ने,

(ण) न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र व्यावसायिक दक्षतामा अभिवृद्धि गर्न तथा कानून र न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न आवश्यकतानुसार श्री ५ को सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थासँग संयुक्त रूपमा कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(त) प्रतिष्ठानको कार्यक्रम सञ्चालन र विकासको लागि श्री ५ को सरकार, विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट आवश्यक स्रोत साधन जुटाउने,

(थ) न्यायिक जनशक्तिको क्षमता विकासको लागि विदेशी न्यायिक संस्था तथा प्रशिक्षण संस्थाहरूको अवलोकन भ्रमण तथा वैदेशिक तालीम, गोष्ठी, कार्यशाला आदि आवश्यक विविध कार्यक्रमको व्यवस्था मिलाउने ,

(द) तोकिए बमोजिमको अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद-३

## परिषद् सम्बन्धी व्यवस्था

६. <u>परिषद्को गठन :</u> (१) प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा काम गर्न एक न्यायिक प्रतिष्ठान परिषद् रहनेछ ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रधान न्यायाधीश -अध्यक्ष

(ख) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री -सदस्य

(ग) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग -सदस्य

(घ) सर्वोच्च अदालतका न्यायाधीशहरू मध्येबाट दुईजना -सदस्य

(ङ) महान्यायाधिवक्ता -सदस्य

(च) सर्वोच्च अदालतका सेवा निवृत्त न्यायाधीशहरू मध्येबाट एकजना -सदस्य

(छ) डीन, कानून संकाय, त्रिभुवन विश्वविद्यालय -सदस्य

(ज) पुवेअका न्यायाधीशहरू मध्येबाट एकजना - सदस्य

(झ) कानून विषयमा प्राध्यापक भई कम्तिमा पाँच वर्ष अध्यापन गरेका व्यक्तिहरू मध्येबाट एकजना - सदस्य

(ञ) अध्यक्ष, नेपाल बार एशोसियसन - सदस्य

(ट) जिअका न्यायाधीशहरू मध्येबाट एकजना - सदस्य

(ठ) कार्यकारी निर्देशक -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (घ), (च), (ज), (झ) र (ट) बमोजिमका सदस्यहरूको मनोनयन प्रधान न्यायाधीशले गर्नेछ र निजहरूको पदावधि दुई वर्षको हुनेछ ।

(४) परिषद्ले आवश्यक देखेमा कानून र न्यायको क्षेत्रमा काम गर्ने कुनै विशेषज्ञलाई परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

७. <u>परिषद्को बैठक :</u> (१) परिषद्को बैठक वर्षको कम्तिमा दुई पटक बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षको निर्देशनमा परिषद्को सदस्य-सचिवले बोलाउनेछ ।

(३) परिषद्को सदस्य-सचिवले परिषद्को बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची सात दिन अगावै परिषद्का सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा परिषद्का सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय परिषद्को सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. <u>परिषद्को काम, कर्तव्य र अधिकार :</u> परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानको दीर्घकालिन योजना स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानबाट भए गरेका कामको समीक्षा गर्ने,

(ङ) प्रतिष्ठानको लागि आवश्यक नियम बनाउने,

(च) तोकिए बमोजिमको अन्य काम गर्ने ।

# परिच्छेद-४
# समिति सम्बन्धी व्यवस्था

९. <u>समितिको गठन :</u> (१) यस अध्यादेशमा अन्यथा लेखिएकोमा बाहेक प्रतिष्ठानको तर्फबाट गर्नुपर्ने काम गर्नको लागि एक कार्यकारी समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) कार्यकारी निर्देशक - अध्यक्ष

(ख) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय - सदस्य

(ग) सचिव, न्याय परिषद् - सदस्य

(घ) रजिष्ट्रार, सर्वोच्च अदालत - सदस्य

(ङ) वरिष्ठतम् नायव महान्यायाधिवक्ता, मन्याका - सदस्य

(च) सचिव, नेपाल बार एशोसियसन -सदस्य

(छ) परिषद्ले तोकेको प्रतिष्ठानको वरिष्ठ कर्मचारी सदस्य-सचिव

(३) समितिले आवश्यक देखेमा कानून र न्यायको क्षेत्रमा काम गर्ने कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिनको लागि आमन्त्रण गर्न सक्नेछ।

१०. <u>समितिको बैठक :</u> (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(२) समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा समितिको सदस्य-सचिवले बोलाउनेछ।

(३) समितिको सदस्य-सचिवले बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ।

(४) समितिमा तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

११. <u>समितिको काम, कर्तव्य र अधिकार :</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको योजना तर्जुमा गर्ने,

(ख) प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति तर्जुमा गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

(घ) अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तथा परामर्श सेवा उपलब्ध गर्ने, गराउने,

(ङ) प्रतिष्ठानबाट सञ्चालित प्रशिक्षण कार्यक्रमहरूको मूल्याङ्कन गर्ने, गराउने,

(च) प्रशिक्षणलाई कार्यमूलक तथा व्यावहारिक बनाउन विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरूको सेवा आवधिक रूपमा आदान प्रदान गर्ने व्यवस्था मिलाउने,

(छ) तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने।

## परिच्छेद-५
## प्रशिक्षण कार्यक्रम सम्बन्धी व्यवस्था

१२. प्रशिक्षण कार्यक्रम र क्षेत्र निर्धारण गर्न सक्ने : (१) प्रतिष्ठानले आवश्यकतानुसार न्यायिक निकायसंग परामर्श गरी प्रशिक्षण कार्यक्रम र तत् सम्बन्धी क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित प्रशिक्षण कार्यक्रम र क्षेत्रको आधारमा प्रतिष्ठानले प्रशिक्षण तथा मूल्याङ्कन पद्धति, सामग्री र विषय निर्धारण गर्नेछ ।

१३. प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गराउने : (१) प्रतिष्ठानले आफूले सञ्चालन गरेको कार्यक्रमलाई सम्बन्धित विशेषज्ञको सहयोग लिई समय समयमा मूल्याङ्कन गराउनेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको मूल्याङ्कनको आधारमा प्रतिष्ठानले आफ्नो प्रशिक्षण कार्यक्रममा आवश्यकतानुसार परिमार्जन वा परिवर्तन गर्न सक्नेछ ।

१४. प्रशिक्षण प्रविधि प्रयोग गर्न सक्ने : प्रतिष्ठानले प्रशिक्षण कार्यक्रममा प्रशिक्षार्थीको काम तथा विषयको प्रकृति हेरी उपयोगी तथा आधुनिक प्रशिक्षण प्रविधि प्रयोग गर्न सक्नेछ ।

१५. प्रशिक्षण सामग्री व्यवस्था गर्न सक्ने : प्रतिष्ठानले प्रशिक्षण कार्यक्रमहरूको लागि आवश्यक र उपयुक्त प्रशिक्षण सामग्रीको व्यवस्था गर्न सक्नेछ ।

१६. प्रशिक्षक सूची तयार गर्ने : (१) प्रतिष्ठानले कानून र न्यायको विषयमा तालीम वा प्रशिक्षण दिन सक्ने व्यक्तिहरूको प्रशिक्षक सूची तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूची तयार गर्दा प्रतिष्ठानले सम्भव भएसम्म विषयगत र क्षेत्रगत रूपमा अलग अलग सूची तयार गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तयार गरिएको सूचीलाई प्रतिष्ठानले समय समयमा अद्यावधिक गर्नेछ ।

## परिच्छेद-६
## कार्यकारी निर्देशक तथा कर्मचारी सम्बन्धी व्यवस्था

१७. कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था : (१) प्रतिष्ठानको प्रशासकीय प्रमुखको रूपमा काम गर्नको लागि एक कार्यकारी निर्देशक रहनेछ ।

(२) पुवेअको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा वहाल रहेको वा सर्वोच्च अदालतको न्यायाधीशको पदमा वा पुवेअको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा काम गरिसकेको व्यक्तिमध्ये व्यवस्थापन, अनुसन्धान तथा प्रशिक्षण कार्यमा दक्षता भएको व्यक्तिलाई न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले कार्यकारी निर्देशकको पदमा खटाउन वा नियुक्त गर्न सक्नेछ ।

तर पुवेअको वहालवाला मुख्य न्यायाधीश वा न्यायाधीशलाई कार्यकारी निर्देशकको पदमा खटाउँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९२ बमोजिम गरिनेछ।

(३) कार्यकारी निर्देशकको पदावधि बढीमा चार वर्षको हुनेछ र निजको कार्य सन्तोषजनक देखिएमा निजलाई एक अवधिको लागि पुनः खटाउन वा नियुक्त गर्न सकिनेछ।

तर कार्यकारी निर्देशकको पदमा खटिएको बहालवाला मुख्य न्यायाधीश वा न्यायाधीशलाई निजको पदावधि पूरा नहुँदै न्याय परिषद्को सिफारिसमा मुख्य न्यायाधीश वा न्यायाधीशकै पदमा काम गर्ने गरी फिर्ता गर्न सकिनेछ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक तथा सेवाकाअन्य शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछन्।

१८. <u>कार्यकारी निर्देशकलाई पदबाट हटाउन सक्ने :</u> (१) कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेमा वा निजको कार्य सन्तोषजनक नदेखिएमा वा निज खराव आचरणमा लागेको छ भन्ने परिषद्लाई लागेमा न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले निजलाई पदावधि समाप्त नहुँदै कार्यकारी निर्देशक पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वहालवाला न्यायाधीशको पदबाट खटिएको कार्यकारी निर्देशकलाई खराब आचरणको आधारमा गरिने कारबाही निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम हुनेछ।

१९. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार :</u> कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद् तथा समितिबाट भएका निर्णय तथा निर्देशनको कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको दीर्घकालिन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी परिषद् तथा समितिमा पेश गर्ने,

(ग) प्रतिष्ठानको प्रगति विवरण तथा वार्षिक प्रतिवेदन परिषद् तथा समिति समक्ष पेश गर्ने,

(घ) प्रतिष्ठानबाट सञ्चालित प्रशिक्षण कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(ङ) तोकिए बमोजिमको अन्य काम गर्ने।

२०. <u>न्यायाधीशलाई प्रतिष्ठानको काममा खटाउन सकिने :</u> प्रतिष्ठानको अनुरोधमा पुवेअ वा जिअको न्यायाधीशलाई प्रतिष्ठानको अनुसन्धान, अन्वेषण वा प्रशिक्षण सम्बन्धी कुनै काम गर्ने गरी अवधि तोकी काजमा खटाउन सकिनेछ।

२१. प्रतिष्ठानका कर्मचारी सम्बन्धी व्यवस्था :(१) प्रतिष्ठानमा तोकिएबमोजिमका कर्मचारीहरू रहनेछन्।

(२) प्रतिष्ठानका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछन्।

(३) प्रतिष्ठानको अनुरोधमा नेपाल न्याय सेवाको कर्मचारीलाई प्रतिष्ठानको काम गर्नको लागि अवधि तोकी काजमा खटाउन सकिनेछ।

# परिच्छेद-७
# कोष तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था

२२. <u>प्रतिष्ठानको कोष :</u> (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) श्री ५ को सरकारबाट अनुदान स्वरूप प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार, व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था आदिबाट प्राप्त रकम,

(ग) प्रतिष्ठानबाट परामर्श सेवा तथा अनुसन्धान कार्यबाट प्राप्त रकम,

(घ) प्रतिष्ठानबाट प्रकाशित प्रकाशनहरूको बिक्रीबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रतिष्ठानले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) प्रतिष्ठानको कोषको रकम कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) प्रतिष्ठानको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(५) प्रतिष्ठानको कोषको खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२३. <u>लेखा र लेखा परीक्षण :</u> (१) प्रतिष्ठानको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) प्रतिष्ठानको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

# परिच्छेद-८
# विविध

२४. <u>उपसमिति वा कार्यटोली गठन गर्न सक्ने :</u> (१) प्रतिष्ठानले यस अध्यादेश बमोजिम गर्नु पर्ने कुनै कामको लागि आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार र कार्यविधि तथा त्यस्तो उपसमिति वा कार्यटोलीका सदस्यले पाउने सुविधा प्रतिष्ठानले तोकिदिए बमोजिम हुनेछ ।

२५. <u>वार्षिक प्रतिवेदन प्रकाशन गर्नु पर्ने :</u> (१) प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको काम कारबाही सम्बन्धी प्रतिवेदन तयार गरी सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त प्रतिष्ठानले वर्षभरिमा सञ्चालन गरेको कार्यक्रम, प्राप्त गरेको रकम, कार्यक्रम सञ्चालन गर्दा हुन गएको लागत, कार्यक्रमबाट भएको उपलब्धी तथा भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरू समावेश गर्नु पर्नेछ ।

२६. <u>अधिकार प्रत्यायोजन :</u> (१) परिषद्ले यस अध्यादेश बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकतानुसार कुनै अधिकार समिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले यस अध्यादेश बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकतानुसार कुनै अधिकार दफा २४ बमोजिम गठित उपसमिति वा कार्यटोली, कार्यकारी निर्देशक वा प्रतिष्ठानको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकले यस अध्यादेश बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकतानुसार कुनै अधिकार आफू मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. <u>श्री ५ को सरकारसंग सम्पर्क :</u> प्रतिष्ठानले श्री ५ को सरकारसंग सम्पर्क राख्दा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२८. नियम बनाउने अधिकार : यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्नको लागि प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ ।

तर पारिश्रमिक, सुविधा तथा श्री ५ को सरकारलाई आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा श्री ५ को सरकारसंग परामर्श गर्नु पर्नेछ ।

२९. <u>बचाउ :</u> सम्बत् २०६१ चैत ३ गते जारी भएको राष्ट्रिय न्यायिक प्रतिष्ठान अध्यादेश, २०६१ बमोजिम भए गरेका काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

# परिशिष्ट - २१

# प्रस्तावित राष्ट्रिय न्यायिक प्रतिष्ठानको संरचनात्मक स्वरूप एक अवधारणा*

## १. सैद्धान्तिक पक्ष

### परिचायत्मक

इतिहासमा जे जसो भए पनि सन् १९७० को दशकदेखि न्यायाधीश एवं न्यायकर्मीहरूको लागि व्यावसायिक शिक्षा आवश्यक भएको कुरालाई विश्वव्यापी रूपमा स्वीकार गर्न थालियो । महाविद्यालयमा अध्ययन गरिएको कानून शिक्षा मात्र दक्ष न्यायकर्मीको हैसियतबाट कार्य सम्पादन गर्न (परिवर्तित सन्दर्भमा देखा परेका कानूनी र न्यायिक विवाद निप्टारा गर्न) पर्याप्त नभएको अनुभव गर्न थालियो । परिणात्मक न्यायकर्मीहरूको लागि व्यावसायिक शिक्षा आवश्यक मात्र नभएर अनिवार्य नै हुने ठानियो । यस सन्दर्भमा न्यायमूर्ती R.D. Nicolson को भनाई यसप्रकार छ ।

"Judicial education is not an accepted part of judicial life in many countries. It is an enhancement of mental qualities necessary to the presevarion of judicial independence. Judicial independence requires that the judicial branch is accountable for its competency and the proposition is now accepted as beyond debate."

### व्यावसायिक न्यायिक शिक्षाको उद्देश्य

न्यायिक शिक्षा मुलभूत रूपमा निम्न उद्देश्य प्राप्तिको लागि लक्षित हुन आवश्यक ठानिन्छ ।

१. न्यायकर्मीहरूको व्यावसायिक दक्षता यथावत कायम राख्न एवं विकसित गर्न ।
२. समग्र न्याय व्यवस्थाको कार्यक्षमता सुधार गर्न ।
३. न्यायकर्मीहरूलाई उनिहरूको उत्तरदायित्व विशुद्ध, सहि, र सक्षम रूपमा निर्वाह गर्न व्यावसायिक ज्ञान, सीप एवं दृष्टिकोणमा सुधार र अभिवृद्धि गर्न ।
४. न्यायाधीश एवं न्यायकर्मीहरूको व्यक्तिगत र संगठनात्मक आचारणलाई उत्कृष्ट तुल्याउन ।
५. न्याय व्यवस्थाको स्वतन्त्रता एवं विशुद्धतालाई संरक्षण गर्दै नीतिगत एवं व्यक्तिगत पूर्वाग्रहलाई अन्त गर्न ।
६. न्यायिक कार्यविधि र अदालतको कार्वाहीलाई प्रभावकारी रूपमा परिचालन गर्न ।
७. न्याय प्रशासनमा सुधार गर्न ।
८. न्याय व्यवस्था प्रति जनआस्था अभिवृद्धि गर्न आदि ।

### व्यावसायिक न्यायिक शिक्षा र कानून एवं न्याय प्रणाली

न्यायाधीश, कानून व्यवसायी, सरकारी वकील, अदालत एवं न्याय सेवाका अधिकृतहरूको लागि सबै कानून र न्याय प्रणालीमा एकै प्रकारको

* राष्ट्रिय न्यायिक प्रतिष्ठान निर्माण गर्ने सम्बन्धमा अध्ययन गर्न श्री ५ को सरकारद्वारा गठित कार्यटोलीको निर्णयानुसार सो टोलीका सदस्य तथा सर्वोच्च अदालतका सह-रजिष्ट्रार श्री विशाल खनालद्वारा मिति ०५७ भाद्र १६ गतेको सेमिनारमा प्रस्तुत राष्ट्रिय न्यायिक प्रतिष्ठानको अवधारणापत्र ।

व्यावसायिक शिक्षा उपयोगी हुन सक्तैन। कुन मुलुकमा कस्तो शिक्षा आवश्यक पर्दछ भन्ने विषय त्यस मुलुकमा प्रचलित कानून प्रणाली, मुलुकको सामाजिक, सांस्कृतिक एवं नैतिक मान्यता, मुलुकमा देखिने कानूनी एवं न्यायिक समस्या, अदालतमा पर्न आउने मुद्दाको प्रकृति र परिवर्तित सन्दर्भमा मुलुकले महसूस गरेको आवश्यकता जस्ता विषयमा भर पर्ने गर्दछन्। यो कुरा मुलुकमा विद्यमान कानून शिक्षा प्रणालीमा विद्यार्थीहरूको लागि अध्ययनको निमित्त उपलब्ध प्रविधि, कानून शिक्षाको स्तर जस्ता विषयमा पनि भरपर्ने हुन्छ।

कानूनी विषयमा अध्यापन गराउने विश्वविद्यालयले व्यावसायिक शिक्षा वा सिद्धान्तमा आधारित प्राज्ञिक शिक्षालाई प्राथामिकता प्रदान गर्नुपर्छ भन्ने विषयले पनि व्यावसायिक न्यायिक शिक्षाको निर्धारणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। आज विकसित मुलुकहरू स्थित कतिपय विश्व विद्यालयहरूले प्राज्ञिक भन्दा व्यावसायिक शिक्षा प्रदान गर्ने नीति आत्मसात गरेको पाइन्छ। यस किसिमको नीतिले अदालत लगायत व्यावसायिक प्रकृतिको काम गर्ने निकायहरूको जनशक्तिको आवश्यकता परिपूर्ति गर्नमा ठूलो सघाउ पुगेको पाइन्छ।

उक्त कुराहरूको अधिनमा रहि आफ्नो मुलुकको निमित्त कस्तो व्यावसायिक शिक्षा आवश्यक छ र त्यस्तो आवश्यक शिक्षा प्रदान गर्न कस्तो शैक्षिक प्रतिष्ठान उपयुक्त र आवश्यक हुन्छ भनि निर्णय लिने काम राष्ट्रिय स्तरका नीति निर्माताहरूको हो। अतः प्रस्तावित न्यायिक प्रतिष्ठानको स्थापनाको सन्दर्भमा के कस्तो संगठन र कार्यक्रम आवश्यक छ भनि निर्णय गर्ने काम हामी आफैमा आई परेको छ।

## २. तुलनात्मक अध्ययन

### विकसित मुलुकहरूमा न्यायिक शिक्षाको स्वरूपः संक्षिप्त विवेचना

पास्चात्य मुलुकहरूमा सन १९७० को दशकलाई व्यावसायिक न्यायिक शिक्षाको युग भन्ने गरिन्छ। यस दशकमा आएर विभिन्न मुलुकहरूले न्यायाधीश, कानून व्यवसायी, सरकारी वकील एवं न्यायसेवाका अधिकृतहरूलाई सीप विकास कार्यक्रमअन्तर्गत विविध किसिमको व्यावसायिक शिक्षा आवश्यक ठानियो। कानूनी एवं न्यायिक पदाधिकारीहरूलाई व्यावसायिक शिक्षा प्रदान गर्ने सम्वन्धमा विभिन्न मुलुकहरूको प्रचलन र मान्यता निम्न अनुसार रहेको पाइन्छ।

### १. संयुक्त राज्य अमेरिका

न्यायिक दक्षता विकासको सन्दर्भमा सन् १९०६ को अमेरिकी बार एशोसिएशनको वार्षिक सम्मेलनमा न्यायशास्त्री रस्को पाउन्डले दिनु भएको Causes of Popular Dissatistaction with the Administration of Justice नामक वक्तव्यलाई स्मरण गर्ने गरिन्छ। उक्त सम्मेलनलाई संवोधन गर्दै वहाँले भन्नु भएको थियो अमेरिकी अदालतहरूको कामको गुणस्तर र व्यवस्थापन वेलायतका अदालतहरूको भन्दा धेरै पछाडी छ। अमेरिकी चिकित्सा व्यवसाय भन्दा अमेरिकी कानूनी र न्यायिक व्यवसाय संभवत ५० गुनाले पछाडी छ। त्यसैले न्यायपालिका प्रति रहेको अमेरिकी जनमानसको सार्वजनिक अशन्तुष्टी घटाउन अमेरिकी अदालतहरूमा कार्यरत न्यायाधीश एवं कर्मचारीहरूको व्यावसायिक सीप विकास गराउन आवश्यक छ। यसका अतिरिक्त न्याय प्रशासनको निमित्त थप लगानी गर्न एवं नवीन उपकरणहरूको व्यवस्था गर्न आवश्यक भएको कुरा वहाँले उल्लेख गर्नु भएको थियो।

रस्को पाउण्डको आग्रह प्रति लामो समय सम्म कसैको ध्यान गएन । वारेन वर्गरको अमेरिकी सर्वोच्च अदालतको प्रधान न्यायाधीशमा नियुक्ति भएपछि वहाँले रस्को पाउण्डका आग्रह प्रति मध्यनजर राख्दै आफ्ना कार्यक्रम अगाडी बढाउन थाल्नु भयो । वहाँका कार्यक्रमहरू न्यायापालिकाको जनशक्ति विकास र अदालत व्यवस्थापनमा सुधारसँग सम्वन्धित थिए ।

वारेन वर्गर प्रधानन्यायाधीश भएपछि "सबै न्यायाधीशहरूले स्कूल जानुपर्छ र आफ्ना सीप विकास गर्नुपर्छ" भनी न्यायाधीशहरूलाई गर्नु भएको आव्हानलाई सुनेर दुनियाँ अचम्मित भएको थियो । न्यायाधीश जसले सबैको इन्साफ वा मूल्याङ्कन (Judgement) गर्नुपर्छ । त्यसले अरू मानिसबाट सिक्नु वा शिक्षा लिनु राम्रो कुरा होइन भन्ने मानिसहरूको संख्या पनि त्यसवखत कम थिएन । तर, सविस्तार यो कुरा यथार्थमा परिणत हुन पुग्यो । तीस वर्षपछि आज आएर अमेरिकाका ५१ वटा राज्यहरूमध्ये २० भन्दा बढी राज्यहरूमा न्यायाधीशहरूले खास विषयमा तालिम लिन अनिवार्य गरिएको छ ।

अमेरिकामा व्यावसायिक न्यायिक शिक्षालाई औपचारिक रूपमा प्रदान गर्न सन् १९६३ मा National College of State Trail Judges को स्थापना गरिएको थियो । जसलाई सन् १९७१ मा National Judicial College भनि नाम परिवर्तन गरियो । यो कलेजले मुख्य रूपमा राज्य स्तरका न्यायाधीशहरूलाई प्रशिक्षण दिने भए पनि यसमा संघीय अदालतका न्यायाधीशहरू तथा विदेश स्थित अदालतका न्यायाधीशहरू पनि सहभागी हुने गर्दछन् । यो कलेजले ५० वटा भन्दा बढी अध्ययन क्षेत्र वा विषयमा व्यावसायिक शिक्षा प्रदान गर्ने गर्दछ । यस कलेजले अवलम्वन गरेको शैक्षिक प्रविधिमा Lecture, Question and Answer, Group Discussion, Demostration, Penal Discussion, Role Playing, Role Reversal, Hypothetical Case Studies, Experimental Studies (Field Trip), Games, Action Plan, Observation इत्यादी मुख्य छन् । यस कलेजको व्यवस्थापन यथासम्भव पूर्व न्यायाधीशबाट गर्ने गरिन्छ ।

सन् १९६७ मा एउटा संघीय ऐन अर्न्तगत Federal Judicial Centre को स्थापना गरि संघीय अदालतका न्यायाधीशहरूलाई व्यावसायिक न्यायिक शिक्षा दिने व्यवस्था गरियो । यस निकायले संघीय कानून र न्याय व्यवस्थासँग सम्बन्धित विविध विषयमा प्रशिक्षण वा न्यायिक शिक्षा प्रदान गर्ने गर्दछ ।

सन् १९७१ मा राज्य स्तरका अदालतहरूलाई व्यावसायिक शिक्षा प्रदान गर्नको लागि National Center for State Courts को स्थापना गरियो । पछि आएर सो निकायको मातहतमा रहने गरी Institute of Court Management को स्थापना गरी अदालत व्यवस्थापनको क्षेत्रमा शिक्षा प्रदान गर्न थालियो ।

हाल आएर अमेरिकामा ४५ वटा राज्यहरूमा न्यायिक शिक्षा प्रदान गर्ने निकायहरूको स्थापना गरिएको छ भने सेवा प्रवेश गर्ने र कार्यरत दुवै किसिमका न्यायाधीशहरूलाई व्यावसायिक शिक्षा प्रदान गरिन्छ । हाल आएर अमेरिकामा वर्षमा करीब ८०,००० न्यायाधीश एवम न्याय कर्मीहरूलाई न्यायिक शिक्षा प्रदान गर्ने गरिन्छ ।

**२. संयुक्त अधिराज्य**

इतिहासको लामो समय सम्म बेलायतमा न्यायाधीशहरूले अनुभव र व्यक्तिगत मेहनतबाट ज्ञान हासिल गरेर न्याय दिनुपर्ने मान्यतालाई आत्मसात गरियो । न्यायाधीशहरूले त्यो भन्दा अगाडी

गएर व्यावसायिक कुरा सिक्नु परेमा न्यायाधीशहरू बीच छलफल र विचार विमर्श गर्ने गर्दथे । न्यायाधीशलाई अरूले सिकाउनुलाई अनर्थको विषय सम्झिने गरिन्थ्यो । न्यायाधीशमा नियुक्ति पाउन पनि कानूनको अध्ययन अनिवार्य थिएन ।"Self Improvement" व्यावसायिक शिक्षाको प्रमुख माध्यम थियो ।

कानून व्यवसायीको निमित्त पनि विश्वविधालयद्वारा सञ्चालित कानून अध्ययन आवश्यक थिएन । कुनै पनि विषय अध्ययन गरेका व्यक्तिहरूले Lincoln Inn, Gray's Inn, Middle Temple वा Inner Temple बाट आव्हान गरिएको दुई वर्षको व्यावसायिक प्रकृतिको कार्यक्रममा सरिक भएर उत्तीर्ण भएपछि व्यारिष्टरको हैसियतले कानून व्यवसाय गर्न सकिन्थ्यो ।

सन् १९६३ मा लर्ड जस्टिस पार्करले Judicial Studies Board को नामबाट न्यायाधीशहरूको लागि एकदिने सम्मेलनको आयोजना गर्न पुगे । यो सम्मेलन उपलब्धीमूलक ठानियो । पछि १९७० मा लर्ड जस्टिस वृजको अध्यक्षतामा एउटा समिति गठन गरियो । सो समितिको मुख्य काम न्यायिक तालीमको Scope and Content मा पुनरावलोकन गर्नु थियो । यो समितिले दिएका विभिन्न सुझावहरू मध्ये Judicial Studies Board को स्थापना हुनुपर्ने कुरा पनि थियो । यसै क्रममा सन् १९७९ मा न्यायाधीशहरूको लागि व्यावसायिक शिक्षा प्रदान गर्न Judicial Studies Board को स्थापना गरियो जसले न्यायाधीश, मेजिष्ट्रेट एवमले मेजिष्ट्रेटहरूलाई व्यावसायिक शिक्षा दिने गर्दछ। यस संस्थाको व्यवस्थापन न्यायाधीशहरूबाटै गरिन्छ ।

सुरूमा Judicial Studies Board ले फौजदारी न्याय प्रशासनसँग सम्बद्ध न्यायिक पदाधिकारीहरूलाई शिक्षा दिई आएकोमा Lord Hailsham को आदेश अनुसार १९८५ देखि देवानी र पारिवारिक क्षेत्रधिकारका न्यायाधिकारीहरूलाई पनि शिक्षा प्रदान गर्न थालियो ।

बीस वर्ष अगाडीसम्म पनि अधिकांश न्यायाधीशहरू उनीहरूलाई व्यावसायिक शिक्षा दिनु नहुने सम्झी त्यस्ता शैक्षिक कार्यक्रममा भाग लिदैन्थे भने हाल आएर त्यस्ता न्यायाधीशहरूको संख्या नगन्य छ ।

**३. अष्ट्रेलिया**

Australian Institution of Judicial Administration लाई १९७५ मा स्थापना गर्नु अगाडीसम्म अष्ट्रेलियामा केवल सम्मेलन, गोष्ठि, कार्यशाला मार्फत शिक्षा प्रदान गरिन्थ्यो । यो संस्थाको स्थापना भएपछि न्यायाधीशहरूलाई व्यावसायिक शिक्षा प्रदान गर्न थालियो । सन् १९८३ देखि नयाँ नियुक्त न्यायाधीशहरूलाई पनि व्यावसायिक शिक्षा उपलब्ध गराउन थालियो ।

पछि गएर अष्ट्रेलिया स्थित विभिन्न प्रान्तीय राज्यहरूमा व्यावसायिक शिक्षा प्रदान गर्ने निकायहरूको स्थापना गरियो । जसको उदाहरणमा Judicial Commission of New South Wales, भिक्टोरिया स्थित Judicial Studies Board लाई लिन सकिन्छ । व्यावसायिक शिक्षा प्रदान गर्ने यी संस्थाको व्यवस्थापन न्यायाधीशहरूबाट गर्ने गरिन्छ ।

**४. जापान**

जापानमा शुरू तहको अदालतमा नियुक्त हुन वा कानून व्यवसायी हुन चाहने व्यक्तिले कानून स्नातक गरी सकेपछि वार्षिक रूपमा लिइने National Legal Education (सिहो सिकेन) उतिर्ण गर्नु पूर्व सर्त मानिन्छ । यो परीक्षा ज्यादै जटिल मानिन्छ । सालानी करीब तीस हजार परिक्षार्थी सामेल भएकोमा

करीब ५०० जना (करीब १.६७ प्रतिशत) उतिर्ण हुने गर्दछन् । यो परीक्षा उतिर्ण गर्न कति व्यक्तिहरू दशौं पटक परीक्षामा सामेल हुने गर्दछन् भने यो परीक्षामा औसत ६ पटक सामेल भएका व्यक्तिमात्र उतिर्ण हुने गर्दछन् । त्यसैले, यो परीक्षामा सामेल हुने व्यक्तिको औसत ६ वर्षको समय खेर जाने (Wastage) भएको सन्दर्भमा यो परीक्षालाई लचिलो बनाई त्यत्रो संख्याको जनशक्तिको प्रति व्यक्ति ६ वर्षका दरले खेर गएको समय राष्ट्रको फाइदामा उपयोगमा लगाउनु पर्ने माग हुन थालेका छन् ।

National Legal Education पास भएको व्यक्तिको लागि सेवा प्रवेश तालीमको रूपमा (न्यायाधीश, कानून व्यवसायी एवम सरकारी वकील समेतका लागि) सर्वोच्च अदालत मातहतमा रहेको Legal Research and Training Institute ले दुई वर्षको शैक्षिक कार्यक्रम सञ्चालन गर्दछ । यस कार्यक्रम अर्न्तगत आठ महिना कक्षा कोठामा सौद्धान्तिक तालिम दिइन्छ । बाँकी १६ महिना व्यवसायगत तालीम र अनुसन्धान गर्न लगाइन्छ जम्मा फिल्ड जाने, अदालत अवलोकन गर्ने, सीप विकास गर्ने लगायतका विविध शिक्षा कार्यक्रमहरू सम्मिलित हुन्छन् । मातहत अदालतमा सेवारत न्यायाधीशहरूलाई यस संस्थाले समय समयमा तालीम प्रदान गर्ने गर्दछ । यसको अलावा जापानमा न्यायाधीश र न्यायसेवाका अधिकृतहरूलाई तालीम प्रदान गर्ने विभिन्न निकायको स्थापना गरिएको पाइन्छ ।

### ५. फिलिपिन्स

तत्कालीन प्रधान न्यायाधीशको प्रयासमा फिलिपिन्समा सन् १९९५ मा Phillippine Judicial Academy को स्थापना गरियो । यो एकेडेमीको व्यवस्थापनमा प्रधान न्यायाधीश र न्यायाधीशहरू सम्मिलित हुने गर्दछन् । यो एकेडेमीले न्यायमूर्तिहरू, न्यायाधीशहरू र न्यायिक कर्मचारीहरूलाई सेवाकालीन तथा सेवा प्रवेश तालीम प्रदान गर्ने गर्दछ ।

## सार्क राष्ट्रमा व्यावसायिक न्यायिक शिक्षाको स्वरूप

सार्कका सदस्य राष्ट्रहरू मध्ये भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकामा व्यावसायिक न्यायिक शिक्षा प्रदान गर्ने विभिन्न निकायहरूको स्थापना गरिएको पाइन्छ । सबै मुलुकहरू स्थित न्यायिक प्रतिष्ठानहरू न्यायपालिकाको नियन्त्रण र व्यवस्थापन रहेको देखिन्छ ।

### १. भारत

सन् १९९० को दशकमा भारतमा न्यायिक शिक्षाको सन्दर्भमा महत्वपूर्ण काम गरिएको पाइन्छ । भारतको चार वटा राज्यहरूले न्यायिक शिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना गरिसकेको छन् । जसको प्रमुख सर्वोच्च अदालतका निवृत न्यायाधीश हुने गर्दछन् । त्यस्ता संस्थाहरू लखनउ, हैदरावाद एवम नागपुरमा स्थापना गरिएका छन् ।

यसका अतिरिक्त National Judicial Academy नामक संस्थाको भोपालमा स्थापना गरिएको छ । यस संस्थाको सञ्चालक समितिको अध्यक्षमा भारतका प्रधान न्यायाधीश, सर्वोच्च अदालतका दुईजना न्यायाधीशहरू तथा केन्द्रिय सरकारका केही सचिवहरू सदस्य रहने व्यवस्था छ ।

यस संस्थाले आफ्ना प्रशिक्षकहरूलाई प्रशिक्षण सम्वन्धी उच्च शिक्षा हासिल गर्न बेलायत तथा अमेरिका स्थित विश्वविधालयहरूमा पठाउने व्यवस्था मिलाएको छ ।

यस संस्थाले न्यायाधीश तथा न्यायिक कर्मचारीहरूलाई व्यावसायिक शिक्षा दिलाउने नीति लिएको छ ।

यसका अतिरिक्त फौजदारी न्याय प्रशासनको सन्दर्भमा प्रहरी, सम्वन्धित प्रशासकहरू, सरकारी वकील एवम न्यायाधीशहरू सम्मिलित Interdisciplinary कार्यक्रम सञ्चालन गर्ने गरेको पनि पाइन्छ ।

**२. पाकिस्तान**

पाकिस्तानको इस्लामावादमा सन् १९८८ मा फेडरल जुडिसियल एकेडेमी नामक संस्था स्थापना गरिएको थियो । सो संस्थालाई Federal Judicail Academy Act, 1997 जारी गरी त्यस अर्न्तगत स्वयात र स्वतन्त्र निकायको रूपमा राखिएको छ ।

एकेडेमीले सुपरीवेक्षण र व्यवस्थापनको रेखदेख सञ्चालक समितिले गर्दछ । सञ्चालक समितिको अध्यक्षमा पाकिस्तानका प्रधान न्यायाधीश अध्यक्ष, कानून मन्त्री उपाध्यक्ष, महान्यायाधिवक्ता, चारवटा प्रान्तका मुख्य न्यायाधीशहरू, कानून सचिव र एकेडेमीको डाइरेक्टर जनरल सदस्य हुन्छन् ।

एकेडेमीले सेवा प्रवेश गर्ने न्यायाधीश एवम कार्यरत न्यायाधीशहरूको अलावा न्यायिक कर्मचारी एवम सरकारी वकीलहरूलाई पनि तालीम प्रदान गर्ने गर्दछ ।

उक्त एकेडेमीको अतिरिक्त सिन्ध प्रान्तमा प्रान्तीय कानून अर्न्तगत Sindha Judicial Academy को स्थापना गरिएको छ भने लाहोरमा न्यायिक प्रशिक्षण समेत उपलब्ध गराउने उद्देश्यले National Institute of Public Administration को स्थापना गर्ने काम भइरहेको छ ।

**३.श्रीलंका**

श्रीलंकामा संसदद्वारा पारित ऐन अर्न्तगत Judges Institute नामक निकायको स्थापना १९८५ मा भएको थियो । यो निकायको व्यवस्थापन न्यायपालिकाबाट हुने गरेको छ । यस संस्थाको संचालक समितिको अध्यक्ष श्रीलंकाका प्रधान न्यायाधीश हुने व्यवस्था छ भने सदस्यमा सर्वोच्च अदालतका दुईजना न्यायाधीशहरू लगायतका पदाधिकारीहरू रहन्छन् ।

यस संस्थाले न्यायाधीशहरूलाई सेमिनार, लेक्चर, कार्यशाला जस्ता कुराको माध्यमबाट शिक्षा प्रदान गर्दछ । यसको अलावा यस संस्थाले अन्य न्यायिक कर्मचारीलाई Extensive तालीम प्रदान गर्ने गर्दछ । प्रशिक्षणको लागि न्यायाधीशहरू, पूर्व न्यायाधीशहरू, कानून अधिकृत एवम विशेषज्ञहरूको सेवा लिने प्रचलन रहेको पाइन्छ ।

**४. बंगलादेश**

वंगलादेश संसदद्वारा पारित Judicial Administration Training Institute Act, 1995 अर्न्तगत स्थापित संस्थाद्वारा न्यायाधीशहरूलाई तालीम प्रदान गर्ने गरिन्छ । यस संस्थाबाट तालीम उपलब्ध गराइने पदाधिकारीकहरूमा न्यायाधीशहरू, कानून अधिकृत, अदालतका कर्मचारी न्यायाधिकरणका कर्मचारीहरू र कानून व्यवसायीहरू सम्मिलित हुन्छन् ।

उक्त संस्थाद्वारा संचालित कार्यक्रमको प्रशिक्षकको रूपमा न्यायाधीश एवम पूर्व न्यायाधीशहरू, शिक्षकहरू एवम कानून व्यवसायीहरूलाई आमन्त्रण गर्ने गरिन्छ ।

## ३. नेपालको सन्दर्भ

### नेपालको परिप्रेक्षभित्र

न्यायिक शिक्षाको क्षेत्रमा भएका अन्तराष्ट्रिय विकाससँग तुलना गर्दा हामी निकै पछाडी रहेको

अनुभव हुन्छ। सन् १९९० देखि हामीले न्यायाधीशहरूलाई शिक्षा हासिल गराउन सकेका छैनौं । न्यायक्षेत्रका अन्य पदाधिकारीहरूलाई उपलब्ध गराउदै आएको शिक्षा प्रणाली उपर पनि धेरै प्रश्नहरू उठिरहेका छन् । त्यसैले अव के गर्ने भन्ने सन्दर्भमा अविलम्व निर्णय लिन आवश्यक छ ।

**न्यायिक शिक्षाको स्थिति : संक्षिप्त मूल्यांकन**

अन्य मुलुकहरूमा जस्तै नेपालमा पनि औपचारिक न्यायिक शिक्षाको इतिहास धेरै लामो छैन । वि.सं. २०३० को दशक देखि आयोजना गर्न थालिएको सर्वोच्च अदालतका न्यायाधीशहरू र तत्कालीन क्षेत्रीय अदालतका मुख्य न्यायाधीशहरूको वार्षिक सम्मेलनलाई नै औपचारिक न्यायिक शिक्षा अदान प्रदान गर्ने पहिलो माध्यमको रूपमा लिन सकिन्छ, पछि गएर हरेक दुई वर्षमा विभिन्न क्षेत्र स्थित क्षेत्रीय अदालत, अञ्चल अदालत र जिअका न्यायाधीशहरूको सम्मेलन आयोजना गर्न थालियो । पछि गएर सरकारी वकील सम्मेलनहरूको आयोजना गर्न थालियो । कानून व्यवसायीहरूका राष्ट्रिय एवं स्थानीय स्तरमा गरी विभिन्न सम्मेलनहरू आयोजना गर्ने क्रमहरू अगाडी बढ्न थाले ।

यसै क्रममा मातहत अदालतका न्यायाधीश एवं न्यायिक पदाधिकारीहरूलाई व्यावसायिक शिक्षा आवश्यक पर्ने सम्भी २०३९ सालमा आएर एउटा कार्यकारी आदेश अर्न्तगत न्यायसेवा तालीम केन्द्रको स्थापना गरियो । यस केन्द्रको स्थापना हुनुभन्दा अगाडी सम्म त्रिभुवन विश्वविद्यालय आर्थिक विकास तथा प्रशासन केन्द्र (CEDA) तथा लोकसेवा आयोगद्वारा प्रशासकहरूको लागि आयोजित तालीमहरूमा न्यायाधीश तथा न्यायसेवाका अधिकृतहरूलाई सहभागी बनाउने प्रचलन थियो । वि.सं.२०४७ सालमा प्रजातन्त्रको पुर्नस्थापना भएपछि भएपछि न्यायाधीशहरूलाई सहभागिताका लागि उक्त केन्द्रमा पठाउन छाडियो । त्यसैले यस अवधिमा यदाकदा गैर सरकारी संस्थाद्वारा आयोजित गोष्ठिको सहभागिता नै न्यायाधीशले सीप विकास गर्ने माध्यम बन्न पुगे । त्यसैले विगत दश वर्षमा राज्यगत औपचारिक निकायको माध्यमबाट न्यायाधीशहरूलाई न्यायिक शिक्षा प्रदान गरिएको छैन । यस्तै कानून व्यवसायीलाई यस किसिमको शिक्षा दिने औपचारिक संगठनको स्थापना हालसम्म हुन सकेको छैन । न्यायसेवाका अधिकृतहरूको हकसम्ममा न्यायसेवा तालीम केन्द्रले कार्यक्रम सञ्चालन गरेको पाइन्छ । न्याय क्षेत्रको ठूलो संख्याको जनशक्ति तालीम केन्द्रका कार्यक्रममा सहभागी हुन छाड्ने वित्तिकै न्याय सेवा तालीम केन्द्रको संस्थागत विकासमा खासै उपलब्धी हुन सकेन ।

**व्यावसायिक शिक्षा आवश्यक पर्ने जनशक्तिको स्थिति**

नेपाल अधिराज्यस्थित सम्पूर्ण अदालतहरूमा न्याय प्रशासनको काममा संलग्न न्यायाधीश एवं अधिकृत तथा कर्मचारीहरूको संख्या करीब ३५०० रहेको पाइन्छ । मन्याका अर्न्तगत मुद्दाको वहस, पैरवी प्रतिरक्षा एवम कानूनी राय प्रदान गर्ने कामसँग सम्वन्धित अधिकृत तथा कर्मचारी गरी करीब ९०० को संख्यामा जनशक्ति रहेको पाइन्छ । अर्धन्यायिक निकाय एवं विभिन्न संस्थान एवं कम्पनीहरूमा कानूनको क्षेत्रमा काम गर्ने कर्मचारीहरूको संख्या करीब १५०० जति रहेको अनुमान गरिएको छ । यसका अतिरिक्त मुलुकमा हाल करीब ५००० व्यक्तिहरू कानून व्यवसायमा संलग्न रहेको अनुमान गरिएको छ ।

यसरी कानूनी एवं न्यायिक क्षेत्रको समसामयिक ज्ञान र व्यावसायिक शिक्षा आवश्यक पर्ने जनशाक्तिको संख्या करीब ९००० देखि १०००० को बीचमा रहेको छ । मुलुकमा बढ्दै गएको आर्थिक, वणिज्य, औद्योगिक लगायत विविध क्षेत्रमा भएका विस्तारसँगै यस क्षेत्रका व्यावसायिक शिक्षा आवश्यक पर्ने जनशक्तिको संख्या दिनानुदिन बढी रहेको छ ।

## व्यावसायिक शिक्षा आवश्यक पर्ने जनशक्ति र मौजुदा व्यावसायिक शिक्षा प्रदान गर्ने निकाय एवं संगठनको स्थिति

वर्तमान अवस्थामा कानून तथा न्याय क्षेत्रमा कार्यरत जनशक्तिलाई व्यावसायिक शिक्षा उपलब्ध गराउने मुख्य निकायको रूपमा न्यायसेवा तालीम केन्द्र रहेको छ । गत दश वर्ष देखि यस केन्द्रद्वारा न्यायाधीशहरूलाई व्यावसायिक शिक्षा उपलब्ध गराइएको छैन । कानून व्यवसायीहरूलाई व्यावसायिक शिक्षा प्रदान गर्ने प्रचलनको शुरूवात नै भएको छैन भने पनि हुन्छ । अर्धन्यायिक निकायका पदाधिकारीहरू, संस्थान एवं कम्पनीहरूमा कार्यरत कानून व्यवसायीहरूलाई पनि अपवादको रूपमा मात्रै तालीम केन्द्रले व्यावसायिक शिक्षा उपलब्ध गराएको पाइन्छ । हालको स्थितिमा न्यायसेवामा कार्यरत केहि अधिकृतहरूलाई संक्षिप्त पूर्व सेवाकालीन तालीम तथा करीब ५ हप्ता लामो सेवाकालीन तालीम प्रदान गरेको पाइन्छ । यस तालीम केन्द्रले औसतमा सालानी करीब २०० जना अधिकृतहरूलाई र केहि रा.प.अ. कर्मचारीलाई गरी करीब ३०० कर्मचारीलाई तालीम प्रदान गरेको पाइन्छ ।

न्यायसेवा तालीम केन्द्र स्थापनाकालको स्थिति भन्दा धेरै विकसित र विस्तारित हुन नसकेको पनि देखिन्छ । तालीम केन्द्रको श्रोत र साधन अझ सीमित हुँदै गएको अनुभव गरिदैछ । उता कानून तथा न्यायक्षेत्रमा देखा पर्दै गएका विशिष्टिकृत् क्षेत्रमा व्यावसायिक दक्षता आवश्यक पर्ने व्यक्तिको संख्या अत्याधिक रूपमा बढ्दै गएको पाइन्छ । यस स्थितिमा न्यायसेवा तालीम केन्द्रको मौजुदा संगठनसँग कानूनी एवम न्यायिक क्षेत्रमा देखा परेको करीब १०००० को संख्यामा रहेका व्यक्तिहरूलाई व्यावसायिक शिक्षा उपलब्ध गराउने क्षमता भएको देखिदैन ।

अतः कानूनी एवं न्यायिक क्षेत्रमा देखा परेका नवोदित विषयको ज्ञान दिलाउनको अलावा न्यायसेवा तालीम केन्द्रको सट्टा न्यायाधीश, सरकारी वकील, कानून अधिकृत, कानून व्यवसायी एवं संस्थान तथा कम्पनीमा कार्यरत व्यक्तिहरूलाई व्यावसायिक शिक्षा प्रदान गर्ने समेत उद्देश्यको लागि वैकल्पिक संगठनको आवश्यकता देखिएको छ । अतः संसदद्वारा निर्मित ऐन अर्न्तगत राष्ट्रिय न्यायिक प्रतिष्ठान (National Judicial Academy) नामक संगठनको स्थापना गरी कानून एवं न्याय क्षेत्रको जनशक्तिलाई त्यसै संगठनको माध्यमबाट व्यावसायिक शिक्षा प्रदान गर्ने नीति लिन वाञ्छनीय छ ।

## प्रस्तावित राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्वरूप

राष्ट्रिय न्यायिक प्रतिठानको स्वरूप निम्न अनुसार हुन उपयुक्त देखिन्छ ।

**क. संरचना**

१. राष्ट्रिय न्यायिक प्रतिष्ठानलाई राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन बनाई त्यस अर्न्तगत स्वतन्त्र एवं स्वायत संस्थाको रूपमा स्थापना गरिनुपर्दछ ।

   २. सो प्रतिष्ठानको संचालनको निमित्त सोहि ऐन अर्न्तगत गठित सञ्चालक समिति गठन गर्नुपर्दछ । सो सञ्चालक समितिको गठन निम्न अनुसार गर्न उपयुक्त हुनेछ ।

क. प्रधान न्यायाधीश - अध्यक्ष
ख. कानून तथा न्याय मन्त्री - उपाध्यक्ष
ग. सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश - सदस्य
घ. महान्यायाधिवक्ता - सदस्य
ङ. सचिव, कानून तथा न्याय मन्त्रालय - सदस्य
च. सचिव, अर्थ मन्त्रालय - सदस्य
छ. सचिव, न्याय परिषद् सचिवालय - सदस्य
ज. अध्यक्ष, नेपाल बार एशोसिएसन - सदस्य
झ. सञ्चालक समितिको सिफारिसमा श्री ५ बाट नियुक्ति कार्यकारी निर्देशक - सदस्य सचिव


३. राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा व्यावसायिक शिक्षा प्रदान गर्ने प्रयोजनको लागि कार्यकारी निर्देशकको मातहतमा रहने गरी न्यायाधीश इकाई, सरकारी वकील इकाई, कानून व्यवसायी इकाई, प्रशासनिक कर्मचारी इकाई र अनुसन्धान र विकास इकाई रहने छन् । आवश्यकता अनुसार सञ्चालक समितिले इकाइहरूमा थप गर्न सक्नेछ । न्यायाधीश इकाईको प्रमुख कार्यकारी निर्देशक हुनेछन् । अन्य इकाइको प्रमुख तोकिए वमोजिमका व्यक्तिहरू हुनेछन् ।

४. हरेक इकाइले सम्वन्धित संगठन वा क्षेत्रमा कार्यरत व्यक्ति वा पदाधिकारीहरूको व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन गर्नेछन् ।

५. हरेक इकाइलाई सम्बन्धित संगठनसँग परामर्श गर्न बजेटको वितरण र परिचालनमा स्वायत्तता (Financial Autonomy) प्रदान गर्ने नीति लिइने छ ।

६. उक्त इकाइहरूको अलावा व्यवस्थापन र प्रशासनिक कामसँग सम्वन्धित आवश्यक शाखा उपशाखाको स्थापना गरिने छ ।

७. हालको न्यायसेवा तालीम केन्द्र र केन्द्रिय कानून पुस्तकालय विकास समितिलाई यसै प्रतिष्ठानमा गाभिने छ । यसो भएमा श्री ५ को सरकार आर्थिक व्ययभार कम पर्ने देखिन्छ ।



### ख. जग्गा

राष्ट्रिय न्यायिक प्रतिष्ठान निर्माणको लागि करीब ५० रोपनी जमीन आवश्यक पर्ने देखिन्छ। सो जग्गा श्री ५ को सरकारले यथासम्भव काठमाडौं उपत्यका भित्र उपलब्ध गराउनु पर्ने हुन्छ। जमिनमा प्रतिष्ठानको प्रशासनिक कार्यालय प्रशिक्षण कक्षहरू, कन्फरेन्स हलहरू, पुस्ताकालय, छात्रावास, चमेनागृह, वार्डेन गृह, आवासहरू लगायत अन्य आवश्यक निर्माणहरू गरिने छन्।

### ग. अनुमानित खर्च

राष्ट्रिय न्यायिक प्रतिष्ठानको निर्माण कार्यक्रम सञ्चालन हुनसक्ने अवस्थामा ल्याउनको लागि रू.४०-५० करोड सम्म लाग्ने सामान्य अनुमान गरिएको छ। यो रकम प्राज्ञिक तथा प्रशासनिक भवनहरू, छात्रावास, कन्फरेन्स हल कम्पाउण्ड, वाल चमेनागृह, पुस्तकालय आदिको निर्माण एवं यातायातका साधनहरूको खरीद, पाठ्यसाम्रागी र उपकरणको खरीद, भौतिक पूर्वाधारको स्थापना लगायतका काममा खर्च गरिनेछ।

### प्रस्तावित प्रतिष्ठानको स्थापनाबाट हुने संभावित फाइदाहरू

राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापनाबाट मुख्य रूपमा निम्नँनुसारका फाइदाहरू हुने देखिन्छ।

१. मुलुकमा कानून शिक्षाको स्तर धेरै उत्साहप्रद नभएको सन्दर्भमा विश्वविधालयमा स्नातक भई न्याय सेवा तथा कानून व्यवसायमा प्रवेश गरेमा व्यक्तिहरूको क्षमता र वौद्धिकता विकास गर्नु।
२. न्यायाधीश लगायतका न्यायकर्मीहरूको कार्यक्षमता विकास गर्नु।
३. कानूनी एवम न्यायिक व्यवसायमा संलग्न व्यक्तिहरू विशुद्ध र सक्षम रूपले उत्तरदायित्व वहन गर्ने तुल्याउन व्यावसायिक सीप विकास गर्नु गराउनु।
४. कानूनी एवं न्यायिक व्यवसायमा संलग्न पदाधिकारीहरूको व्यक्तिगत एवं व्यावसायिक आचरणमा सुधार र अभिवृद्धि गर्नु।
५. अदालतको कार्वाही र न्यायिक कार्यविधिलाई प्रभावकारी रूपमा सञ्चालन र कार्यान्वयन गर्नु।
६. न्याय प्रशासनलाई मौजुदा स्थितिबाट सुधार गर्नु।
७. न्याय व्यवस्थाप्रति सर्वसाधारणको आस्थामा अभिवृद्धि गर्नु।
८. नेपालमा राष्ट्रिय एवं अन्तराष्ट्रिय क्षेत्रसँग सम्वन्धित आर्थिक एवं वणिज्य प्रकृतिका कारोवारको सन्दर्भमा उठेका कानूनी एवम न्यायिक कार्वाही एवम किनारा सम्वन्धमा सीप र विशेषज्ञता हासिल गरेको व्यक्तिहरूको संख्या न्यून रहेको पाइन्छ। अत्याधिक रूपमा बढ्दै गरेका त्यस किसिमका काम कार्वाही र विवादको सम्वन्धमा जनशक्तिको सीप विकास गर्न ज्यादै आवश्यक छ। त्यसैले कानून एवं न्यायिक व्यवसायसँग सम्वन्धित न्यायाधीश, कानून व्यवसायी, सरकारी वकील आदिको आर्थिक वणिज्य, औद्योगिक, कानून एवं तत्सम्बन्धी अन्तराष्ट्रिय प्रचलन विषयमा सीप बढाई त्यस्ता विवादको कार्वाही र किनारामा अवलम्वन गर्नु पर्ने कार्यविधि एवम नीति जस्ता विषयको ज्ञान र सीप उपलब्ध गराएर राष्ट्रले महत्वपूर्ण उपलब्धी हासिल गर्न सक्तछ।
९. हालसम्म व्यावसायिक सीप विकासको निमित्त व्यावसायिक शिक्षाको प्रवन्ध नभएको स्थितिमा कानून व्यवसायीहरू अत्याधिक रूपमा लाभान्वित हुनेछन्। यस्तै

कानूनी एवम न्यायिक व्यवसायमा संलग्न अन्य व्यक्तिहरूलाई स्तरीय एवम प्रभावकारी सीप विकास कार्यक्रम उपलब्ध हुने ।

१०. प्रस्तावित न्यायिक शिक्षा कार्यक्रम केवल व्यावसायिक सीप विकाससँग मात्र सम्वन्धित नभई अनुशन्धानमूलक हुने हुँदा विषय वस्तुको गहिराईमा पुग्न सजिलो पर्ने ।
११. प्रस्तावित न्यायिक शिक्षाले जनशक्ति विकासको सन्दर्भमा विशेषज्ञता (Specilization) को सिद्धान्तलाई आत्मसात गर्ने ।
१२. प्रस्तावित न्यायिक शिक्षा Need/based रूपमा परिचालित हुने नीति अर्न्तगत सञ्चालन गर्नु पर्ने र त्यस्तो भएमा सम्वन्धित व्यवसायका मानिसलाई मुख्य रूपले आवश्यक ज्ञान प्रदान गर्न सकिने त्यसो भएमा अनावश्यक कुरामा समय खेर फाल्न आवश्यक नपर्ने ।
१३. न्यायिक एवम व्यावसायिक गुणस्तरमा अभिवृद्धि हुने ।

**उपसंहार**

नेपालमा कानून एवम न्यायिक व्यवसायसँग सम्वन्धित व्यवसायीहरूको सीप विकासको निमित्त राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना गर्न अति आवश्यक छ । यो प्रतिष्ठानको स्थापना गर्न निकै ढिलो भइसकेकोले यसको स्थापनालाई उच्चतम प्राथमिकता दिइनुपर्छ । आजको स्थितिमा श्री ५ को सरकार, कानून एवम न्यायक्षेत्रहरूसँग सम्वन्धित सवै संगठनहरू र नागरिक समाज लगायत सवैको सहयोग र योगदान अपेक्षित छ । एशियाली, विकास वैंकले सो प्रतिष्ठानको स्थापनाको लागि सहयोग गर्न तत्परता देखाएको यस घडीमा हामी सवैले एकै उद्देश्य र स्वरमा अगाडी बढ्न आवश्यक छ । त्यसो भएमा राष्ट्रिय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने यस निकायको स्थापना हुने छ । यसको स्थापनाको लागि कानूनी मान्यता प्रदान गर्न तत्काले अध्यादेश आवश्यक पर्ने भएमा त्यस तर्फ पनि हामी तयार रहन आवश्यक छ । अन्तमा एशियाली विकास वैकले नेपालमा राष्ट्रिय न्यायिक प्रतिष्ठान स्थापना गर्न देखाएको तत्परताको लागि नेपालको न्यायिक एवं कानूनी क्षेत्रबाट हार्दिक धन्यवाद ज्ञापन गर्न प्रस्ताव गर्न चाहन्छु ।

**होटल रेडिसन, लाजिम्पाट**

२०५७ भाद्र १६ गते (१ सेप्टेम्वर, २०००)

## प्रस्तावित राष्ट्रिय न्यायिक प्रतिष्ठानको संरचनात्मक स्वरूप सम्बन्धमासंचालित आधा दिने सेमिनारको कार्यक्रमको रूपरेखा*

स्थान : होटल रेडिसन, लाजिम्पाट

मिति : २०५७ भाद्र १६ गते (१ सेप्टेम्वर, २०००)

समय : दिनको ३:१५ बजे ।

पहिलो सत्र : ३:१५-४:३०

- कार्यक्रममा भाग लिने सहभागीहरूको रजिष्ट्रेसन ।
- आमन्त्रित सहभागीलाई कार्यक्रममा आसनमा वसी दिन हुन अनुरोध ।
- अतिथीहरूद्वारा आसन ग्रहण ।
- माननीय महान्यायाधिवक्ता श्री बद्री बहादुर कार्कीद्वारा यस कार्यक्रममा अध्यक्षता ग्रहण ।
- अर्थ मन्त्रालयका सह सचिव श्री लभ कुमार देवकोटाज्यूद्वारा स्वागत भाषण तथा परिचयात्मक सम्वोधन ।
- एसियन विकास वैकका आवासिय प्रतिनीधि श्री रिर्चड भोक्सद्वारा मन्तव्य ।
- कानून सचिव श्री उदय नेपाली श्रेष्ठज्यूबाट मन्तव्य ।
- मुख्य सचिव श्री तिर्थमान शाक्यज्यूद्वारा मन्तव्य ।
- मुख्य अतिथी माननीय न्यायाधीश श्री केदारनाथ उपाध्यायज्यू द्वारा मन्तव्य ।
- अध्यक्षज्यू बाट मन्तव्य तथा उद्घाटन कार्यक्रमको समापन ।

**चिया कार्यक्रम : ४:३०-५:००**

**दोश्रो सत्र : ५:००-७:००**

- मुख्य सचिव श्री तिर्थमान शाक्यज्यूद्वारा संयोजकको रूपमा आशन ग्रहण ।
- डिपुटी रजिष्ट्रार श्री विशाल खनालज्यूद्वारा कार्यपत्र प्रस्तुत ।
- कानून सचिव श्री उदय नेपाली श्रेष्ठज्यूद्वारा कार्यपत्रमा टिप्पणी एवं विश्लेषण ।
- सहभागीद्वारा प्रस्तुत कार्यक्रममा छलफल ।
- सह सचिव श्री प्रमोद कार्कीज्यूद्वारा सहभागीहरूलाई धन्यवाद ज्ञापन तथा अन्तीम मन्तव्य ।
- अध्यक्षद्वारा कार्यक्रम समापनको घोषणा ।

**रात्री भोज ७:००-९:००**

---

* यो कार्यक्रम तालिका राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापनाको निमित्त श्री ५ को सरकार, न्यायपालिका तथा कानून एवं न्याय क्षेत्रका उच्च तहबाट पहल भएको कुरालाई प्रस्तुत गर्ने उद्देश्यले समावेश गरिएको छ ।